

अभिलेख

श्री ५ को सरकार

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख विश्वसम्पदा हो
यसको जगेर्ना गर्नु हाम्रो कर्तव्य हो
अभिलेखको सुरक्षा गरौं
संस्कृतिको रक्षा गरौं ।

—राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख

ABHILEKHA

वर्ष ७ ○ २०४६ ○ अंक ७

सम्पादक-मण्डल

बलरामदास डंगोल

पूर्णरत्न बज्राचार्य

बच्चुराम शर्मा दाहाल

प्रकाशक

श्री ५ को सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मितिः– २०४६ साल कार्तिक २२ गते

प्रथमवार ५०० प्रति

मूल्यः–

मुद्रक : संकटा प्रेस, ख १–८३ टेवहाल, काठमाडौं–३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुइ शब्द

श्री ५ वडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहको ४१ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा अभिलेख पत्रिकाको सातौं अङ्क प्रकाशनमा ल्याउन पाएकोमा अभिलेखालय परिवारलाई अत्यन्त हर्ष लागेको छ। पूर्व अङ्कहरूमा जस्तै यस अङ्कमा पनि राष्ट्रिय अभिलेखालयलाई चिनारी गराउने खालका सामग्रीहरू समावेश गरिएका छन्।

यस अङ्कमा कौसी तोषाखानाका लालमोहर, अभिलेखालयस्थित ताम्रपत्र, लुम्विनी वारेको चिठी, ताडपत्रको तमसूक, नें. ज. ह ग्र. सं. परियोजनाको तिब्वती ग्रन्थसम्वन्धी गतिविधि, षोडश संस्कार, छत्तिस कर अभिलेख ग्रन्थहरूमा उल्लेख भएका कवयित्री रानीहरू आदि छन्। आशा छ, पूर्व अङ्कहरू जस्तै यो अङ्क पनि उपयोगी सिद्ध हुनेछ। यसलाई अझै स्तरीय वनाउन अभिलेखमा चाख राख्ने पाठकहरूको सुझाव स्वागतयोग्य हुनेछ।

वलरामदास डंगोल
प्रधान अनुसन्धान अधिकारी
राष्ट्रिय अभिलेखालय

मिति : २२ कार्तिक २०४६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

विषय	लेखक	पृष्ठ सं.
१. रेकर्ड वन्दोवस्त	बलरामदास डंगोल	१
२. कौसी तोषाखानाबाट प्राप्त लालमोहर	-	६
३. Audio-Visual Records As Archival Materials	*Wolfgang Klaue (G.D.R.)*	४०
४. Two Letters on the Discovery of Lumbini Pillar		४८
५. The Tibetan Section of the Nepal-German Manuscript Preservation Project (NGMPP) Overview and Perspectives (1989)	*Dr. Franz Karl Ehrhard*	५१
६. Public Archives Law of Japan (enforced as of June 1st, 1988)		५९
७. ताम्रपत्र		६१
८. वनेपामा पाइएका पाँचवटा ताडपत्रका तमसूक	ऐश्वर्यधर शर्मा	७५
९. षोडश संस्कार	हरिनाथ गौतम	७६
१०. चतुर्वेद र वेदाङ्ग	बाबुकृष्ण ढकाल	८६
११. कालीयदमन कृष्णमूर्ति	जगदीशचन्द्र रेग्मी	९४
१२. दर्शनको संक्षिप्त परिचय	गंगाप्रसाद चालिसे	९७
१३. The chhatis kar (the 36 taxes of khasa kings)	*Dr. Raja Ram Subedee*	१०९
१४. राष्ट्रिय अभिलेखालयका अभिलेख ग्रन्थहरूमा पत्ता लागेका कवयित्री रानीहरू	डा. जनकलाल वैद्य	११४
१५. Some Remarks on a Tibetan-Newari Lexicon Cum Phasebook	*Dr. Christoph Cuppers*	१२४
१६. वार्षिक गतिविधि		१३२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखक परिचय

बलरामदास डंगोल	प्रधान अनुसन्धान अधिकारी (उ.स.) राष्ट्रिय अभिलेखालय
वल्फगन क्लेउ (जी.डी.आर.)	अभिलेख विशेषज्ञ
डा. फ्रेन्ज कार्ल एयरहार्ड	निर्देशक, ने. ज. ह. ग्र. सं. परियोजना
ऐश्वर्यधर शर्मा	अनुसन्धानकर्ता
हरिनाथ गौतम	धर्मशास्त्राचार्य, राष्ट्रिय अभिलेखालय
बाबुकृष्ण ढकाल	सहायक तन्त्राचार्य ,,
जगदीशचन्द्र रेग्मी	अनुसन्धानकर्ता
गंगाप्रसाद चालिसे	सहायक दर्शनाचार्य, राष्ट्रिय अभिलेखालय
डा. राजाराम सुवेदी	उप प्राध्यापक त्रि. वि. वि.
डा. जनकलाल वैद्य	प्रा. त्रिचन्द्र क्याम्पस
डा. सी. क्यूइपरस्	उपनिर्देशक, ने. ज. ह. ग्र. सं. परियोजना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रेकर्ड बन्दोबस्त

–बलरामदास डंगोल

रेकर्ड वन्दोवस्तको कुरा गर्दा यसको सम्वन्ध रेकर्डको संरक्षणसंग हुन्छ । संरक्षण किन गर्ने भन्दा जुन सरकारी इकाईले रेकर्ड सिर्जना गरेको हुन्छ त्यस इकाईका लागि विभिन्न कारणले गर्दा त्यस रेकर्डको आवश्यकता भई नै रहन्छ । त्यसैले रेकर्ड वन्दोवस्तको सफलता त्यसैमा रहन्छ जव खोजेको बखतमा रेकर्ड तुरन्त उपलब्ध होस् खोज्नमा अलमलिनु नपरोस्, समयको बर्वादी नरहोस् । अतः रेकर्ड बन्दोवस्त भन्दा रेकर्डलाई त्यसको सृजनाकालदेखि धुल्याउने कालसम्म राम्रो हेर विचार गरेर राख्नु-पर्ने हुन्छ ।

अन्तर्राष्ट्रिय अभिलेख संघले प्रकाशित गरेको शब्दकोषमा रेकर्ड वन्दोवस्तको व्यख्या यस प्रकार गरेको छ । "That area of general administrative arrangement concerned with achieving economy and efficiency in the creation, maintenance, use and disposal of records ie during their entire life cycle."

अमेरिका काँग्रेसको एउटा रिपोटमा रेकर्ड वन्दोवस्त वारे यस प्रकारको धारणा व्यक्त गरिएको छ । "Under this concept Records management extends to the full life cycle records from their creation to ultimate destruction or consignment to archives for permanent retention. It is directed at insuring adequate doeumentation preventing the unessential, simplifying systems of paper work creation and use, improving the way records are organized and retrieved, producing for proper care and inexpensive storage of records in record

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

centres and insuring the proper disposition of records of no longer needed in conducting current business."

उच्च अधिकारी एवं निम्न तहका कर्मचारी दुबैलाई रेकर्डको आवश्यकता हुन्छ। उच्च अधिकारीलाई महत्त्वपूर्ण प्रोग्रामको संचालनका लागि र निम्न कर्मचारीलाई दैनिक कार्य संचालनका लागि यसको आवश्यकता हुन्छ। उच्च अधिकारीलाई कुनै पनि खास समस्यामा पूर्व उदाहरणको आधारमा आफ्नो निर्णय दिदा एउटा उत्साह एवं सन्तुष्टीको आभास हुन्छ। त्यसैले उसले समस्याको समाधानका लागि विभिन्न स्रोतवाट रेकर्डहरू जस्तै पत्राचार, स्मरणपत्र, तथ्याङ्क तालिका विश्लेषण, कार्य प्रगति रिपोट, निर्देशन नीति पूर्वाधार परम्परा आदि संकलन गरी राख्नु पर्ने हुन्छ।

अव प्रश्न उठ्छ रेकर्ड वन्दोवस्त किन ?

प्राचीन कालमा मानवीय गतिविधिको क्रम वडो ढीलो वा सुस्त तरीकावाट हुन्थ्यो। फलतः रेकर्डको सृजना पनि सीमित मात्रामा मात्र हुन्थ्यो। तर आधुनिक युगमा आएर मानवीय गतिविधिहरूको क्रम तीव्र रूपमा वढ्न थाल्यो। औद्योगिक एवं तकनिकी विकास एवं लोक कल्याणकारी राज्यको विकास भए पछि त रेकर्डको सृजना अपरिमित मात्रामा वढ्न थाल्यो। अठारौं शताब्दीको मध्यतिर यसका विकासको दर झण्डै जनसंख्याको वृद्धि दर सरह थियो। जनसंख्याको वृद्धिले गर्दा सरकारको कार्यक्षेत्र प्रशस्त मात्रामा वढ्न गयो। यसले गर्दा स्वभावतः रेकर्डको सृजना पनि वढ्दै गयो। रेकर्डको सृजना आधुनिक वैज्ञानिक विधिको प्रयोगले गर्दा गणितीय अनुपातमा (१:२:४:६:८:१०:१२) भन्दा त्रिकोण मितिका अनुपातमा (१:२:४:८:१६:३२) वढ्न गयो। रेकर्डको सृजना स्वेच्छावाट कदापि हुँदैन। यसको सृजना सरकारको कार्य क्षेत्रको विस्तारले गर्दा स्वतः वढ्न जाने हुन्छ। यस तथ्यलाई संयुक्त राज्य अमेरिकाको उदाहरणवाट स्पष्ट गर्न सकिन्छ। अमेरिकाले संसारको कुनै पनि मुलुक भन्दा वढ्ता रेकर्डको सृजना गरेको हुन्छ। संयुक्त राज्य अमेरिकाको स्थापनादेखि गृह युद्ध (१७७६–१८६१) सम्म अन्दाजी १ लाख क्यूविक फिटसम्म रेकर्डको सृजना भएको अनुमान हुन्छ। सन् १९१४ सम्ममा यो १५ लाख क्यू. फि. पुग्यो। द्वितीय विश्व युद्धमा यसको वृद्धि दर १ करोड पुग्यो। यी रेकर्ड-हरूलाई फाइल क्याविनेटमा लाईन लगाएर राखेमा दराजको लम्वाई झण्डै १८०० माइल पुग्न जान्छ। अझ युद्ध कालपछि यसको वृद्धि दर झन वढ्दै गएको छ। रेकर्डको संख्या वढ्दै गएपछि त्यसको संचय कार्य पनि विकट हुंदै जानु स्वाभाविकै हुन्छ। फेरि कार्य क्षेत्र वढ्दै गएपछि कार्यको प्रकृति पनि विशेषज्ञ प्रकृतिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(specialised nature) हुँदै जान्छ । यस्तो अवस्थामा कार्य झन विकट हुँदै जान्छ । विकटलाई कसरी सरल गर्ने, कस्ता कागजात सुरक्षित राख्ने, कस्ता कागजात धुल्याउन पठाउने, कस्ता कागजात अभिलेखालयमा पठाउने, अत्यधिक मात्रामा सृजना हुन लागेका रेकर्डमा कसरी नियन्त्रण गर्ने यी सबै समस्याहरूको उचित समाधानका लागि नै रेकर्डको वन्दोवस्तको आवश्यकता हुन थाल्यो ।

रेकर्डको सफल वन्दोवस्त गर्नु पनि सरकारी कार्यहरू मध्ये एउटा महत्त्वपूर्ण कार्य हो । किनभने उच्च ओहदाका कर्मचारीहरूको कार्य क्षमतामा रेकर्ड वन्दोवस्तले प्रभाव पारेको हुन्छ । कागजाम व्यवस्थित राखिएका छन् भने यिनले सरकारको कार्य क्षमतामा वृद्धि गर्दछन् । त्यसैले प्रत्येक महत्त्वपूर्ण सरकारी इकाईमा रेकर्ड शाखाको व्यवस्था हुनु पर्दछ । उसले त्यस इकाईले सृजना गरेका सबैजसो रेकर्डको राम्रोसंग जन्मदेखि मरण कालसम्म पर्याप्त वन्दोवस्त गरेर राख्नुपर्ने हुन्छ । यस शाखाले रेकर्डको दैनिक प्रयोग खतम भएपछि यसलाई के गर्ने भन्ने वारेमा विचार गर्नेछ । माइक्रोफिलम गर्ने, नष्ट गर्ने वा अभिलेखालयमा स्थायी सुरक्षाको निम्ति पठाउने आदि माथि विचार गर्नेछ । यसले धुल्याउने योजना, धुल्याउने तेरीज, धुल्याउने सूची तयार पार्नेछ । रेकर्ड वन्दोवस्तमा काम गर्ने कर्मचारीको मुख्य कार्य नै दैनिक प्रयोगमा नचाहिने रेकर्डहरू किफायती तर प्रभावकारी ढंगवाट छुट्याउनु हो यसो गर्दा आर्थिक किफायत र दक्षतालाई विर्सनु हुँदैन । कर्मचारी आफ्नो कार्यमा जति योग्य एवं निष्ठावान हुन्छ त्यति नै प्रभावपूर्ण किसिमवाट कार्य सञ्चालन हुन्छ । यसो गर्दा सजिलो ढङ्गवाट रेकर्ड छुट्याउन पनि सकिन्छ ।

नेपालमा रेकर्ड बन्दोबस्तको अवस्था

नेपालको विशेष भौगोलिक वनावटले गर्दा यसको इतिहासको धारा दक्षिण एशियाका प्राय: धेरैजसो मुलुकहरूको राजनैतिक तथा आर्थिक धारा भन्दा छुट्टै आफ्नै मौलिक किसिमको हुन पुग्यो । यसले गर्दा नेपाललाई राजनैतिक तथा आर्थिक फाइदा तथा वेफाइदा दुबै भयो। नेपालले राजनैतिक स्वतन्त्रतामा अक्षुण्ण राख्न सके तापनि विकासको दाँजोमा नेपाल पछाडि नै पर्‍यो । यसले गर्दा नेपाल प्रगतिको हरेक क्षेत्रमा पछाडि पर्न गयो । रेकर्ड वन्दोवस्तको क्षेत्र पनि अपवादको रूपमा मान्न सकिदैन । नेपालमा रेकर्डको वार्षिक वृद्धि दर कति छ त्यसको जाँच्ने हामीसंग कुनै मापदण्ड छैन । आजसम्म यस सम्वन्धमा कुनै तथ्याङ्क प्राप्त छैन । तर एउटा कुरा सत्य छ कि सरकारको कार्य जति व्यापक हुँदै जान्छ रेकर्ड सिर्जना पनि त्यस्तै व्यापक रूपबाट वढ्दै जान्छ । नेपालमा प्रजातन्त्रको उदय भएपछि खास गरी पंचायती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रजातन्त्रको लागू भएदेखि देशको विकास कार्यमा अत्यधिक वृद्धि हुन गएको छ। फलत: रेकर्डको वृद्धि त्यही अनुपातमा बढ्दै गएको छ। तर रेकर्ड वन्दोवस्तको क्षेत्रमा जति जागरूकता साथ काम हुनु पर्ने हो त्यो अझै भए जस्तो लाग्दैन। प्रत्येक मन्त्रालयमा न त छुट्टै रेकर्ड शाखाको वन्दोवस्त नै हुन सकेको छ न त एउटा अस्थायी रेकर्ड केन्द्रको व्यवस्था नै। यहाँ प्रत्येक मन्त्रालयका विभिन्न शाखाहरूले नै आफूले सिर्जना गरेका रेकर्डहरू आफ्नै जिम्मामा राख्ने गरी आएका छन्। अर्थात् प्रशासन शाखाले सृजना गरेका रेकर्डहरू प्रशासन शाखामा, लेखा शाखाले सृजना गरेका रेकर्डहरू लेखा शाखामा आदि। जुन उद्देश्यले फाइल उठेको हो त्यो उद्देश्यको पूर्ति भएपछि तामेली फाइलहरू छुट्टै रेकर्ड शाखामा पठाउने व्यवस्था अझै छैन। फलत: तामेली फाइलहरू सृजना गर्ने फाँटमा नै पोका पारी राखिएका हुन्छन्। यस फाँटमा काम गर्ने कर्मचारीहरू आफ्ना दैनिक कार्यमा नै अत्यधिक व्यस्त रहनु पर्ने हुनाले यिनीहरूले तामेली फाइलमा सुचारू ढंगवाट ध्यान दिन सक्तैनन्। तामेली फाइलहरू प्रति पनि एउटा निश्चित प्रक्रियाहरू अपनाउनु पर्ने हुन्छ। जस्तै रेकर्डहरूलाई तीन तहमा विभाजित गरिएको हुन्छ।

(क) चल्तीका रेकर्डहरू (ख) अर्ध चल्तीका रेकर्डहरू (ग) वेचल्तीका रेकर्डहरू।

रेकर्ड शाखा छुट्टै भएको खण्डमा (ख) र (ग) अन्तर्गत पर्ने रेकर्डहरूको भविष्यको वारेमा अपनाउनु पर्ने प्रक्रियाहरू यस शाखामा काम गर्ने कर्मचारीहरूले गर्ने छन्। यसको भविष्य वारे अपनाउनु पर्ने प्रक्रिया भन्नाले रेकर्डहरूलाई रेकर्ड केन्द्रमा राख्न पठाउनु वा अभिलेखालयमा स्थायी तरीकावाट सुरक्षित राख्न भनी हस्तान्तरण गर्नु वा काम नलाग्ने भनी रेकर्डलाई सदाको लागि नष्ट पार्नु पनि हुन्छ।

रेकर्डलाई अस्थायी रेकर्ड केन्द्रमा सुरक्षित राख्न पठाउनुको अर्थ रेकर्डको प्रशासनिक, कानूनी तथा आर्थिक महत्त्वसंग हुन्छ। अभिलेखालयमा सुरक्षित राख्न पठाउनुको अर्थ रेकर्डको अनुसन्धानात्मक एवं अरू कतिपय प्रकारका महत्त्वसंग हुन्छ। रेकर्डलाई नष्ट पार्नुको अर्थ सदाको निम्ति काम नलाग्ने भनी रेकर्डको मूल तत्त्वलाई नष्ट पार्नु संग हुन्छ। अत: यसरी रेकर्डलाई आरम्भदेखि नै राम्रोसग वर्गीकरण गरी राख्यो भने यसले प्रशासनिक दक्षता वढ्नुको साथ साथ सरकारी खर्चमा किफायत पनि हुन्छ। समयमा यसो गर्न नसकेमा पछि गएर अनावश्यक समय, पैसा मेहनतको वर्वादी हुन्च। समयमा १ रूपैयाँ खर्च गरेर हुने कार्यलाई पछि त्यही कार्य गर्न १०० रूपैया खर्च गर्नु पर्ने हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रेकर्ड सृजनामा नियन्त्रण

आधुनिक युगमा जनसंख्याको चर्को वृद्धि दरमा नियन्त्रण गरे जस्तै अनावश्यक रेकर्डको वृद्धि दरमा पनि नियन्त्रण गर्नु पर्छ किनभने अनावश्यक वृद्धि दरले सफल रेकर्ड व्यवस्थापनमा आघात पर्दछ, सरकारी खर्चमा वृद्धि हुन्छ र सरकारले खोजेको सूचना समयमा उपलब्ध हुन गाह्रो पर्दछ। त्यसैले रेकर्ड सृजना कार्यमा सरलीकरण हुनु पर्दछ र यो सरलीकरण सरकारी कार्य विधि, कार्य प्रणाली र कार्य संचालनमा अपनाउनु पर्ने हुन्छ। रेकर्डको अभिवृद्धिमा प्रभावपूर्ण नियन्त्रण गर्ने निम्न विधि अपनाएमा राम्रो हुनेछ–

(क) प्रत्येक इकाईको काम गर्ने तरीकामा त्यस इकाईको उच्च अधिकारीवाट वारम्वार सुपरिवेक्षण गर्नु।

(ख) सरलीकरण प्रणालीमा सुधार ल्याउन विशेषज्ञवाट अनुसन्धान गरिरहनु।

(ग) उच्च अधिकारी, अफिस वन्दोवस्तमा दक्ष मानिएका विशेषज्ञहरू र अभिलेख विशेषज्ञहरूले आपसमा समय समयमा छलफल गरी कार्य विधि वारे मूल्यांकन गर्नु।

यसो गर्न सके अनावश्यक रेकर्डको वृद्धि दरमा नियन्त्रण भई प्रशासनिक क्षमतामा वृद्धि हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कौसी तोषाखानाबाट प्राप्त लालमोहर

अभिलेखको प्रत्येक अंकमा १० थानको हिसावले प्रकाशन गर्ने योजना भएता पनि यस अंकमा कौसी तोषाखानावाट प्राप्त २० थान लालमोहर प्रकाशित गरिएको छ।

विषयः– रकम कलम मारि मेटी कर अकर माफ विर्ता वितलप गरि मोहर तामापत्र गरिवक्सेको ।

मितिः– १८८६।१२।१४।४

श्रीदुर्गा

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावली विराज मान मानोन्नत श्रीमन्महाराजाधि

राज श्री श्री श्री महाराज राजेन्द्र विक्रम साह वहादूर सम्सेर जङ्ग देवानां सदा समर विजयीनाम्–

आगे काजि दल भन्जन पाडे कपतान जगविर पाडे के सम्वत् १८८६ साल मिति फाल्गुन वदि ९ रोज ४ का दिन.

वक्स्याको नर्जाका अम्वल मध्ये पाटि षरक गाउ १ तसै भित्र विह्रियाका षेत ५।५० तस्को साध पूर्व विप्पुंचूलि

थकनि डाडो तसै डाडाको पानि ढलोमानि गुंगा भंज्याङ लच्यां सगको साध. नेर्गु डाडाको पानि ढलो पक्र्यौं षो.

लाको सीर भज्याङ साध लुहकिल् दक्षिण पक्र्यौं षोलौ फलांषु षोला सगको दोभान सांध वाध्या ढुंगो लुह

किल् पश्चीम फलोंषु षोलो पुग षोलो. पुग षोला संग पेल्ग्यौं षोलाको दोभान सांध वाध्या ढुंगो लुहकिल् उ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्तर पेलग्यौं षोलो तसै षोलाको सीर. विप्पूंचूलि भंज्याङ साध लुहकिल येति सिमाना भित्रको गाउँ घर. षेत
पाषो रेषो षेत विह्निन्या जगा जमीन सवैको गादिम मोरष वाहेक अरू रकम कलम मारि मेटि सर्वकर अक
र सर्वाङ्क माफ वित्तो वितलप गरिवक्स्याको मोहोर ताम्रापत्र गरिवक्स्यौं आफना षातिर ज्मा सित वित्र्ता
वितलप जानि संतान दर संतान पर्य्यन्त परम सुष भोग्य गर. यो वित्र्ता सांध लाउन्या सधियार थर घर भि
त्र सर्मा पंथ हरिवंस वोहोरा काठमाडौ येटाषा टोलको धिर्ज डगोल अैजन टोलको टेकनसिं डगोंल कि.
लागल टोलको धमदेउ डगोल भला मानिस गोर्षाका जुद्दवीर अधिकारि फिक्यापिका हरिलाल पाध्या
रिमाल् गेर्षुका सर्मानन्द पाध्या चालिस्या कासिनाथ पाध्या चालिस्या वनेपाका पश्रामा थापा डाडा गा
उको विश्न्या दनुवार लच्यांको छान्या धिर्ज नेवार लच्यांका उर्गेन् लामा मिभार मया लामा मिभार दंज्या ला
मा मिभार तुल्या लामा मिभार पान् सय षोलाका द्वान्या सिंघविर कवर यार्सा गाउँका छोद्या लामा मु
षिया पांग्या लामा मुषिया रूप्लामा. मुषिया विन्या घले मुषीया पार्च्या गाउँका मुषीया कालु घले घ्या
ल्पो घले. वंस घले वुन्दे घले सर्स्यु गाउँका मिभार उर्लामा कास्या मिभार सार्कि मिभार उकुनि घले. सरां.
थलि गाउका मिभार थर्पन् नुर्वु धर्मसिं प्रतिमन् पाटिषर्क गाउंका धन्विर मिभार. वल्धन् मिभार आ
रू षर्क गाउँका वन्देउ मिभार काल् सान् डुप् मिभार. वित्तवारले किला भन्दा अघ्यालो नचापनु विना तक्सी
र जवदन गर्नु जो येस वन्देजमा रहोइन सो एस श्लोकमा भन्याको पातकि होला. स्वदत्तां परदत्ताम्वा यो ह
रे द्वै वसुन्धराम्. षष्टि वर्ष सहश्राणि विष्टायां जायते क्रिमिः ॥ इति सम्वत् १८८६ साल मिति चैत्र सुदि १४ रो
ज ४ शुभम्–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयः– सबै सिमाना भित्रको जम्मा षेत ५।१२ को सर्वकर अकर सर्वाङ्क विर्ता वितलप गरिबक्सी मोहर तामापत्र गरिबक्सेको ।

मितिः– १८८४।११।११।२ खाम सं. ५२

श्री दुर्गा

स्वस्ति श्री गिरिराज चक्र चुडामणि नर नारायणेत्यादि विविध विरुदावली विराजमान् मानोन्नत श्रीमन्महाराजाधीराज श्री श्री.

श्री महाराज राजेन्द्र विक्रम साह वहादुर सम्सेर जङ देवानां सदा समर विजयिनाम्– आगे श्री जनरल भीमसेन थापाके सम्वत् १८८४ साल मिति माघ सुदि १५ रोज ५ का दिन वक्स्याको षेत ४। औ सह्र वमोजीम.

का घऱ्याडि समेत तस्को सांध षिच्यातको सेरा मध्ये षेत ३।२८ घऱ्याडि पाषो १।१२ ज्मा षेत घऱ्याडी स्मेत ४।४० तस्को सांध पुर्व

चौतरियाको षेतको आलीर माझी संग लियाका आफना किनुवा विर्ताको सांध लुहकिल दछिण माझी संग लियाका आफ

ना किनुवा विर्ताको साध लुहकील पश्चि आफना पुराना विर्ताको सांध लुहकील. उत्तर आफना पुराना विर्ता र रिजाल

को जफति चौतरियाका षेतको आली सांध लुहकील दफे भोट्याटार षेत मुरि ।७२ तस्को सांध पुर्व आफना पुराना वीर्ताको

सांध लुहकील दछिण रैकर षेतको ठाडो वाटो साँध लुहकील पश्चिम राज कुलाको साध लुहकील उत्तर आफना पु

राना विर्ताको सांध लुहकील एती सवै सिमाना भित्र षेत घऱ्याडि समेत ज्मा षेत ५।१२ को सर्व कर अकर सर्वांक माफ वि

र्ता वितलप गरिवक्स्याको मोहर ताम्वापत्र गरिवक्स्यौं आफना षातीर्ज्मा संग विर्ता वितलप जानी संतान पर्यंत परम सु.

ष भोग्य गर यो विर्ता सांध लाउन्या सधियार नरविर पाडे गोकुल पनाल हरिवंस वोहरा वंसवीर राना ववाहा टोलको म

टयाँग् डगोल नाईक्या किलागल टोलको धम देउ डगोल टोषाको चिगढि मन डगोल. अडै रूद्र नारायण पाध्या च

क्रानंद कोत्या डिट्ठा सरूप विष्णु सुवा धोकल षिच्यातका भास्कर पाध्या रिजाल भारत पाध्या रिजाल देउधर पाध्या रिजा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ल गौतम पाध्या जगन पाध्या लछिमन पाध्या व्रेहस्पति पाध्या वलभद्र पाध्या व्रज-
लाल पाध्या प्रभाकर पाध्या दिवाकर पा
ध्या पदम पाध्या रिमाल पुनै पाध्या रिमाल रंजित वोगटि रंजित षडका विरभद्र
षड़का अनुप षडका वाग सिं अधिकारि द्वा
न्या विन्नर सिं हम्विर राना जोषु राना नहकुल वस्न्यात्के हरि सिं थापा भीमा नेवार
दयावंत कालु माझी दिनानाथ पाध्या राम च
न्द्र सापकोटा विरु पाध्या उर लामा माहुराम वाम थाम लामा जदुप लामा मिंडुप
लामा मेजर चन्द्र सेषर पाध्या सिद्धिकर्ण.
पाडे महिन्द्र षडका छोप्राकका सिवनिधि पाध्या नुवाकोटका पिताम्वर पाडे विसु पाडे
लछिमापति पाडे नंदलाल थप
लिया द्वान्या डंडविर कटुवाल सिधि महिन्द्र रावल भद्रवीर राना डिट्ठा गजराज
कार्कि चोकदेका केहर्सि वोगटि मेहरमान
जम्वर धामि मति नारायेन तेज चौधरी मनोरथ कृष्णसुन्दर पांडौ महान विर्तवारले
किल्ला भन्दा. अर्घ्यालो नचापनु वि
ना तक्सीर जवद नगर्नु जो येस वन्देजमा रहैन सो यस श्लोकमा भन्याको पातकी
होला स्वदत्तां परदत्ताम्वा यो हरे द्वै व
सुंधराम् षष्टि वर्ष सहस्राणि विष्टायां जायते कृतिः इति सम्वत् १८८४ साल मिति
फागुन वदि ११ रोज २ शुभम्—

विषयः— अघिको मोहर हानी फोड बहाल गरी वक्सेको ।

मितिः— १८९७।६।६।६ खाम सं. ५३

श्री

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रूक्का—
आगे हाम्रा भर मुलुक पहाड मधेसका चार वर्ण छत्तिसै जात प्रति
५७ साल देषि ६० साल सम्म र ६३ साल देषि ९४ साल सम्म कर्मचं
डाल भीमसेन थापाले दिया वाहेकका ९४ साल देषि ९७ साल
तक लालमोहर भै जवद भयाका तिह्रा रूका कुस् विर्ता किनुवा
विर्ता वेष मरौट फिकढार वाधा गुठि सदावर्त घर षेत पाषो रेवो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वारि सुवारा गैह्र सवै जगा जमीन्को अघिको मोहर हानी फोड़ व हाल गरि वक्स्यौं आफ्ना षातिर्जमा सित कारोवारि काजी षजांची मार्फत दस्तुर सलामी दाषील् गरि वहालीको मोहर ली विर्ता जानि जगाको चलन् गर इति सम्वत् १८९७ साल मिति आश्वीन सुदि ६ रोज ६ शुभम्–

विषयः– नाम दुक्का अम्वल मध्ये जिमि जग्गाको विर्ता वितलप मोहर तामापत्र गरिबक्सेको ।

मितिः– १८६६।८।१२।१ खाम सं. ५४

श्री दुर्गा सहाय

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदाव लि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज गीर्वाण युद्ध विक्रम साह वहादूर सम्सेर जङ देवानाम् सदा समर विजयीनाम्–

आगे. भरथ उपाध्या दाहालके नाम्दुका अम्वल मध्ये. तंम्रो भोट्या टार विर्ताका चार किला भित्र. तंम्रा अंसको माटो गैह्रि षेत मुरि ६० सिम् मुरि ३० पाँच गह्र्या मुरि १० मसार मुरि २० उमा षेत १।२० तस्को गाउ घड्यारि व्यासि डिहि पाषोल गापात् समेत सर्कार लि तस् को साटो अरूनपार जिल्लै चयन्पूरका अम्वल मध्ये स्वाचि षोक्रा ङ स्यावुन तस्को साँध सवाया षोला. पूर्व थाकु थाङ डाडा हि वाङ षोला पश्चिम. भोट्या षोला दषिन. मयाम् षोला उत्तर येति चार किला भित्र कंपनिको षेत १।६० वाहेक उजार काला वनजर. विर्ता वितलप गरि सम्वत १८६१ सालमा वक्स्याको हो आज इनै चार किला भित्र जिमि जग्गाको विर्ता वितलप मोहो र ताँवापत्र गरिवक्स्यौं आफ्ना षातिर जामा संग विर्ता वितल प जानि. पुस्त दर पुस्त पर्यन्त सुष भोग्य गर हामिलाई आसि र वाद दिन्या गर. चार किला भन्दा अर्घ्यालो विर्तवारले नचा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनु विना तक्सिर सर्कारवाट नहर्नु. जो यस वन्देजमा रहो
ईन सो यस श्लोकमा भन्याको पातकि होला स्वदत्ताम्पर
दत्तांम्वा यो हरेच्च वसुन्धराम् ॥ षष्टि वर्ष सहस्राणि विष्ठा
यां जायते क्रिमिः इति सम्वत् १८६६ साल मिति मार्ग सि
र वदि १२ रोज १ शुभम्–

**विषयः– भादगाउँका अम्वल मध्ये घडेरी पाखो रोपनी ३६॥ विर्ता गरि-
बक्सेको ।**

मितिः– १८५५।३।१४।४ खाम सं. ५५

श्री दुर्गा सहाय

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमा
न मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे रणवहादूर साह वहादू
र सम्सेर जङ्ग देवानाम् सदा समर विजयिनाम्–
आगे. रामकृष्ण पाडेका छोरा. हरि पाडेके. भादगाउका अंवल. नालाका ल
गा मध्ये. पूर्व वाटो रैकर पोषरिको साध. दक्षिण मूलवाटाका लुहकीलको
साध पश्चिम वाझाको लुहुकील उत्तर वाटो रैकर लुहुकीलको साध. येति
चार किला भित्रको जग्गा ढोकावु षेत १ मुरि वाह्र १२ औ पूर्व रैकर लुहुकि
लको साध दक्षिण ठुलो काँल्हो रैकरको साध पश्चिम ठुला काँल्हाको साध
उत्तर. षोलाका लुहुकील रैकर कुलाको साध. येति चारकिला भित्रको
नावु हाँसावु षेत १ एक मुरि अठाअसी ८८ औ पूर्व षादका लुहुकील
को साध. दक्षिण ठुलो काँल्हो लुहुकीलको साध. पश्चिम मुहान षेतको लुंहुँ
कीलको साध. उत्तर. रैकरका लुहुकीलको साध. येति चार्किला भित्रको
लीहीटि षेत एक १ मुरि अठ्ठाइस २८ औ. पूर्व. कुलाका लुहुकीलको सा
ध. दक्षिण. रैकरको लुहुकीलको साध. पश्चिम. षोलाका लुहुकिलको सा
ध. उत्तर. ठाडा काँल्हाका लुहुकीलको साध. येति चार किला भित्रको जग्गा
दोर्षु षेत मुरि वाह्र १२ चार जग्गाको जम्मा षेत चार ४ मुरि ४० चालिस ४० औ
पूर्व. रैकरका लुहुकीलको साध. दक्षिण. वाटाका लुहुकीलको साध. प

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्चिम वाटाका लुहुकीलको साध. उत्तर. तेर्छा काँल्हाका लुहुकीलको सा
ध. येति चार किला भित्रको जग्गा सुवारो विह्लिया समेत घड्यारि पाषो रो
पनी साढे छत्तिस् ३६।। विर्ता गरिवक्सयौं हाम्रो सोझो टहलमा रहि पुत्र पौत्रा
दि पर्यंत विर्ता जान्नि भोग्य गर. इ जग्गा षेत घड्यारि सधियार. नारद अर्ज्या
ल. सत्यधर षनाल कासिराम पाडे. लक्ष्मी दास पंथ. वदर्सिं राना. विरभद्र वो
होरा. किश्न डुगल. काल्या डुगल. इति संवत् १८५५ साल मिति आषाढ वदि १४
रोज ४ शूभम्–

रूजु गन्धव मार्फत् त्रिभुवन मार्फत् नरसिंह
मार्फत् दामोदर पाडे कीतिमान सिंह
रूजु हस्तदल साह रूजु श्रीराम जोशी
रूजु श्यामलाल रूजु शुकदेव जोशी

विषयः– काठमाण्डौ भोटाहिटी टोलको घर जग्गा सुना बिर्ता गरिएको मोहर तामापत्र गरिदिएको ।

मितिः– १८८५।३।१०।२ खाम सं. ५६

श्रीदुर्गा

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावली विराज-
मान मानो
न्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम साह वहादुर सम्सेर
जङ देवा
नां सदा समर विजयीनास्–
आगे सहर काठमाडो भोटाहिटि टोल वस्न्या दारोगा वुद्धिमानसिं वस्न्यातके लक्ष्मि-
नारान् रिजाल
जेथा वुढाले फिलिगी उथाइ ल्याइस भंन्या वाटले झेलषानामा राषदा वांहि मरिजादा
सर्वस्व
भै जितौ वुढाले वासका मोहर गराइ वस्याका घर तस्को साध मेगजिनका वारिको
पर्पाल दे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

षि पश्चीम नेवारका वारि र गुना पाध्याका घर पातालदेषि उत्तर फलै चार वाटो गुना पाध्याका
घर पातालदेषि पूर्व भांनरसिंको घर र धालापात धर्मसिंको घर गर्जसिं थापाको वारि देषि द
छीन येति साध भित्र घर षा १० जवा ३ हात ११ चोक पाताल षा ४ जवा ३ हात १९ अंगुल ४ वारि पा
ताल षा २३ हात १९ अंगुल १२ तैले सिस महल वनाउंछु भंदा सुना विर्ता गरिवक्स्याको मोह
र ताम्वापत्र गरिवक्स्यौं यो विर्ता वक्सदा साध लाउन्या सधियार गोकुल षनाल हरि वं
स वोहोरा नरविर पाडे डीठ्ठा कालीदास थाक स्थापित कर्मिनायक विनरसिं गोपाल थाकु म
नसि चकनासिं तेजलाइ लक्ष्मपति जनधत्तसिं पलीसिं धमदेउ वेचनु किंनु आफ्ना मनोग्य गर्नु
आफना षातिर्जमा संग सुना विर्ता जानि भोग्य गर इति सम्वत् १८८५ साल मीति दुतिय आषाड
वदि १० रोज २ शुभम्–

विषयः–जग्गा सुक्री विक्री हुँदा उठती रूपैयाँ हाम्रा हजुरमा दाखिल भयो।

मितिः– १९१२।८।११।३ खाम सं. ५७

श्री दुर्गाज्यू

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज सुरेन्द्र विक्रम साह वहादूर सम्सेर जङ देवानां
सदा समर विजयीनाम्–
आगे सहर काठमाडौ भुङ्छे टोलमा वस्न्या फनैत कीर्तिमानसिंले, आफनु फिकढार विर्ता. मोतालुकै जिल्लै वारा पर्सा प्रगन्ना मंटिउन मध्ये मौजे वङ्कवरिको जमीन विगहा १५१ मध्ये अवा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दि विगहा ६९ वेरानि विगहा ८२ तस्को साध सिमाना किला कोइला पूर्व षोदरि नदि वन्हहरका रूषदेषि लगा ९ दछिन. पूर्व. उत्तर. का कोनामा किला कोइला १ पूर्वका जमीनको सिमा

ना. पूर्वका किला सौ पश्चिम केप्गनका रूषदेषि दछिन. दिवारका भीडदेषि दछिन. डोडाका पश्चिम. किला कोइला १ दछिनका सिमाना. पिडारका रूष. पलासका रूष. को माझमा दिवराका भीड

तराढि नदिदेषि पूर्व. सिमराका रूषदेषि पश्चिम. किला कोइला १ पश्चिमका सिमाना. तराढि नदिको उत्तर. जिमढका रूषदेषि. लगा ५ पश्चिमका किला कोइला १ उत्तर. पश्चिम कोनाका सि

माना लमहानदिका पूर्त्र दिवराका भीडदेषि पूर्व. निचमा किला कोइला १ उत्तरका सिमान् विह्यारिका किला कोइलादेषि सोझा दछिन. तस्को चकला वन्दिनाप. तराढिनदि देषि उत्तर.

पिपरका रूष लगाइत विहारिका सिमाना सम्म रसि १० लगा १ षोदरि नदिसौ पश्चिम. देरिका रूषदेषि रसि १५ लगा ।। तस्को अवादि विगहा ६९ वैरानि जमीन विगहा ८२ दफे प्रगंना मटिउ

न मौजे विह्यारि मेगजीनका भर्ना वाहिक् मालका सुब्वाले तहसिल गऱ्याको जमीन मध्ये अवादि विगहा १८ वैरानि विगहा ४१ तस्को तौर्तफि साध सिमाना. पूर्वका सिमाना. मौजे जगंनाj

थपुरका पछवारि सिमाना पर किला १ सौ लगायेत् पश्चिम. नमहा षोलाका पूर्व. दिवराका भीड पर किला कोइला १ तक रसि ११। उत्तरका सिमाना. मौजे विह्यारि. मेगजीनका दछि

न वारि. सिमाना पर चौडा भीड तिसरि भीड पर किला १ सौ दछिन मौजे वहुवरिका उत्तर वारि सिमाना पर किला १ तक रसि ४।४ ताके ज्मा विगहा ४६।४ दोसडा चकला. पूर्वका सिमाना.

सिसौका रूषसौ लगाइत दछिन पैनितक रसि १। ताके ज्मा विगहा ४। तेश्रा चकला मौजे वङ्ग वारिका पूर्व नापि उत्तर. वारि सिमाना. मौजे जगरनाथपुरका दछिन वारि सिमाना पर कोइ

ला किला १ सौ लगाइत. मौजे वङ्ग वरिका कोह्नि पूर्व दव गया. तिसका उत्तर. वारि सिमामा पर किला १ तक र सरि २।११ पश्चिमका सिमाना. मौजे वङ्गवरिका पुवारि सिमाना पर. डोडा भिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सहि जगाह सौ लगाइंत पूर्वका सिमाना. षोदरि नदिका पछवारि तरात कर सरि ३।९ ताके ज्मा विगहा ८।।।१ तिनु चकला जुमिला अवादि वैरानि विगहा ५९ यति सिमानाका किला
कोइला भित्रका जमीन भित्र आज सम्मका जाँचमा कट्टि भयाको जमीन वाहेक् दुवै ज्मा विगहा २१० अवादि विगहा ८७ वैरानि विगहा १२३ मुक्ति विक्री गरि वेच्यो सहर काठमाडौ चिकंमुगल टोलमा वस्
न्या सुव्वा चतुर्भुज तेवारिले किन्यो तस्को मोल मोहर रूपैया २०० पटना रूपैया १७८९।३/२ ज्मा रूपैया १९८९।३/२ तस्को वक्साउनि विगहा १ का आना / का हिसावले रूपैया १३/२ दसौ
ध रूपैया १९८।।।३/२ ज्मा रूपैया २१२/२ हाम्रा हजूर दाषिल भयो वेचन्याको दाम पाको किंन्याको माटो पाको आफना षातिर्ज्मा सग विर्ता जानि भोग्य गर. इति सम्वत् १९१२ सा
ल मिति मार्ग वदि रोज ३ शुभम्–

मार्फत प्रेम वरै

विषयः– विर्ता वितलप गरिबक्सेको ।

मितिः– १८६६।१२।२।५ खाम सं. ५८

श्री दुर्गा सहायः

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावलि विराज-मान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज गी
र्वाण युद्ध विक्रम साह वहादूर सम्सेर जङ देवानाम सदा समर विजयीनाम्–
आगे काज़ि अम्वर सिंह थापाके पल्पाका अम्वल मध्ये. श्री नगरलाल वस्याको घर-वारि पाषो रोपनि १० तस्को सांध. पूर्व रैकर. गल्लि प्रषाल सितको लु
हकिल. दषिन. रैकर. मेगजिन. सिउडिवार छेउको लुंहुक्किल. पश्चिम. रैकर. सिउडि-वार छेउका कुनाको लुंहुकिल. उत्तर. रैकर. सिउडिवार
गल्लि भित्र. मैदानको लुंहुकिल. औ षेत प्रभास पट्टिको फरवार षेत मुरि ७० चाँपा-सेरा षेत मध्ये मुरि ३० जमा षेत यक १ तस्को साँध. पूर्व. रैक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र षेत. गह्राको लुंहुकिल. दषिन. रैकर. वारूद षानाका षेतको आलि लुंहुकिल. पश्चिम. भैरूंटारिको डिल कुलो. लुंहुकिल. उत्तर. जगह

त षेतको आलि लुंहुकिल. औ डिहि अन्नाजा पाथि १५ विज जान्या तस्को साँध. पूर्व. रैकर. भैरूंटारि. लुंहुकिल. दषिन. रैकर. ठाडो सिउडिवार

लुंहुकिल. पश्चिम. तेर्छो वाटो. फरिङ साल. चिलाउन्याको रूष लुंहुकिल उत्तर. पल्पाजांन्या मुल वाटो लुंहुकिल. औ. वटदलको

मधेस. जिल्लै विनायक्पुर. तप्पे सौंराहा मध्ये. मौजे काला वनजर. मुतलक् वैरान. जमिन. तस्को शिमाना. पूर्व. तिनाउ. दषिन

वेतहिको कुलो. पश्चिम. स्यादि षोल्साको सिर. करमको रूष. उत्तर. सिमलको रूष. सौंराहाको कुलो. येति चार किला भित्रको

जग्गा तस प्रगन्नाका चलि आयाका लग्गाले नसि १८ को इस्तक सम्वत् १८६६ साल माघ वदि ९ रोज २ देषि गादिममा रष वा

हिक. सर्व रकम मारि मेटि पिक्डार. विर्ता वितलप मोहोर तांवापत्र गरिवक्सौं. आपना षातिरजामासंग पुस्त दर पुस्त पर्यन्त

पिकडार विर्ता वितलप जानि सुष भोग्य गर. यो विर्ता वक्संदा साक्षि श्री पुरोहित यदूनाथ पंडित अर्ज्याल. श्री चौतरिया दाज्यू

रण उद्योतसाह श्री चौतरिया. प्राण साह. काजि रणजित पांडे. काजि रणध्वज थापा. काजि वहादूर भंडारि. काजि वालनरसिं कुम

र. षजाचि उदैगिर सांध लगाउन्या थर घर. लिलाधर अर्ज्याल. वंसविर राना. श्रीनाथ पंथ. कासिराम पांडे. भानु षनाल. विरू वो

होरा. कृष्णानन्द पाध्या रिमाल. संधियार सर्दार संगत् सरदार शत्रु भन्जन मल्ल. सुवेदार दल्पा थापा सुवेदार अम्वरसिं रा

ना. सुवेदार कनकसिं कार्कि. सुवेदार अम्वरसिं वषेति. सुवेदार. वाल्पा. सुवेदार. अभिर्मदन साहि. ज्मादार. भिमसेन देउवा जामा

दार कासिराम वस्न्यात ज्मादार गाल्पा थापा. ज्मादार केसर थापा. जामादार. चन्दु षत्रि. जामादार दलसिं षत्रि. जामादार सक्ति

जामादार राघौ गिरि. जामादार अहिमान षत्रि. जामादार सिंहविर षत्रि. जामादार श्रीमान् थापा. कालु राना. राम चन्द्र वोक

टि. रामचन्द्र राना. भुजवल गुरू. अम्वरसिं पांडे. वंसिधर थापा. धुंम्रषान र रण्या अधिकारि. हरिकर्न थापा किसन् वोकटि. भ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वानन्द पाध्या. धननजय पाध्या. दिवाकर पाध्या. हरिचरण पाध्या. विचारि अग्निधर जोसि. लक्ष्मिमण जैसि जय भद्र थापा कोत्या

पाण्डौ. लक्ष्मिनारन् मेजर. गंगाधर मेजर. मुनसि झारिलाल. राजमानसिं चौधरि. तेजनरसिं मनिराज फौजदार. गर्ज मानि

राना फौजदार. भार्ति विदम. वेजु महतों. षुस्याल विर्तिया चौधरि प्रसादि चौधरि. राम दयाल चौधरि

धिम्सा चौधरि. गोरा हर्दयाल. महतोम. जैमल राये. इति. सम्वत् १८६६ साल मिति चैत्र वदि २ रोज ५ शुभम्–

मार्फत वाहादुर भंडारी

विषयः– पंच खत सर्व अंक बेतलव मोहर तामापत्र गरिबक्सेको ।

मितिः– १८६८।११।१ खाम सं. ५९

श्री दुर्गाज्यू

श्री ५ वुवाज्यू

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावलि विराजमान मानोन्नत् श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गिर्वाण युद्ध विक्रम साह वहादुर सम्सेर जंङ देवानाम् सदा

समर विजयीनाम्–

आगे. श्री वज्यैज्यूके सम्वत १८५३ सालमा–––वाट संकल्प गरि श्री नारायेन दत्त मिश्र पण्डित वाज्याज्यूलाइ वक्सनु भयाको. मोतालुकै मकमानपुर जिल्ले वारा पर्सा. प्रगन्ना टोटनी मध्ये मौजे लौत

ना. पोषरिआ २ मौजे करहीआ १ मौजे तेतरिआ. षपकट्टी १ ज्मा मौजे ३ षपकट्टी मौजे १ को अवादी वएरानी विगहा ११३३।।। सतसठि सालमा. तामापत्रको नाप जाच गर्न जान्या डिठ्ठा भक्त

सिं कार्की देव सर्म्म पाध्याका तरफ सौ. मोनसिफ लछुमन भंडारी. शंकर जैसी तहरिर मानिक दास. रूजू पेस्कार. राधेकृष्ण दास. नापी नवसिंदा सोनमनि दास मनसुष दास जरीवकस्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुठ्ठीसिं सेषलाल महमद हिरा राउत. जानकी राउत. जमीदार नन्दन चौधरि. कानुन गोये रंगलाल दत्त. प्रगला मजकुर. जानिवकार. सांध काजै वार अनुप महतो. मौजे हरैआ प्रगला मजकूर

येतीले मुलु वरवस्त. नौ हातका लागा वीस लागाका रसीले. दानपत्र पुराना मेडवन्दी वमोजिम. जगा जाची नापी मेडवन्दी गऱ्याको. मौजे लौतना पोषरिआका सांध. मौजे मजकूरका इसान कोना

तिअर नदी. डोडाका दो मोहान. सौ दछिण. तिअरका पछवारी किनारे किनार. कुछ दुरपर. मौजे मजकुरका पुर्व नदीका पछवारी कांधी भिडमो कोइला. ताहा सौ दछिण तिअरका पछवारी किनारे

किनार. सरासर मौजे मजकुरका आग्नै कोना जायेकै. जो कहा. तिअरका दो मोहान तक पूर्वका सिमाना १ ताहा सौ पश्चिम. जो कहा डोडाका किनारे किनार. डोडा घुमिकै कुछ उत्तर दवा डोडाका पुवारी

कांधी पिपरका गाछ तक. दछिण सिमाना १ ताहा सौ उत्तर. जो कहा डोडाका किनारे किनार. मौजे गालो पटीका पुवारी सांध डोडा षेतका आली भिडमो कोइला. ताहा सौ कुछ उत्तर. मौजे मजकुरका

वाएव्य कोना. मौजे करहीआका साध. षेतका आली तक पश्चिमका सिमाना १ ताहा सौ पुर्व मौजे करही आका दछिण वारी सिमाना. षेतका आली. पैनि सरासरी पोषरि तक. तावा सौ पुर्व पोषरिका

पुवारी आट्ट देवताको थान वेलका गाछ. ताहा सौ पुर्व पैनि डोडा तक ताहा सौ डोडा कुछ दछिण. सौ पुर्व सरासर. तिअर. नदी तक. उत्तरका सिमाना १ इ चार किल्ला भित्र. नाप चकला वन्दी वमो

जिम. षेआ. ज्मा विगहा. चारसै छयासट्ठि तेह्र कठा ४६६।।३ मौजे करहीआको सांध. मौजे मजकुरका इसान कोना. मौजे सेटवाका दछिण वारी पछवारी साध. षेतका आली जिगडाका गाछ तर को

इला ताहा सौ दछिण सेटवाका पछवारी सिमाना षेतका आली पैनिका किनारे किनार कुछ दुर सौ. षेतका आली होकै दछिण पैनि मौजे मजकुरका आग्नै कोना मौजे ततरिआ लौतनाका साध

मो डोडाका. दो मोहान तक पुर्वका सिमाना १ ताहा सौ पश्चीम मौजे लौतनाका उत्तर वारी सिमाना. डोडा पैनिका किनारे किनार कुछ दुरपर. पोषरीका पुवारी उत्तर वारी आट देवताको थान वेल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

का गाछ ताहा सौ पश्चिम. पैनि आमका वगैचा. ताहा सौ पश्चीम पैनि १ षेतका आली होएकै मौजे मजकुरका. नैरित्य कोना मौजे गालो पट्टीका पुवारी सांध जो कहा डोडाका षेतका आली

तक दछिणका सिमाना १ ताहा सौ उत्तर. जो कहा डोडाका षेतका आली होकै. कुछ दुर पर आमका गाछ ३ ताहा सौ पश्चीम. षेतका आली होकै. कुछ दुर पर. गालो पट्टीका पुवारी सिमाना. षेत

का आली भिडमो कोइला. ताहा सौ उत्तर. जो कहा डोडाका पुवारी किनारे किनार सरासर मौजे मजकुरका वाएव्य कोना जाएकै मौजे हरैआका सांध जो कहाका पुवारी कांधी तक पश्चिमका सि

माना १ ताहा सौ. सामने पुर्व मौजे हरैआका दछिण वारी सिमाना पिपरका वडा गाछ सै कुछ पुर्व. सै उत्तर. मौजे हरैआका आग्नै कोना. भिडमो कोइला ताहा सौ उत्तर सामने कुछ दुर पर. मौजे ह

रैआ गावका पुर्व रास्ता पर वेलका गाछ. ताहा सौ उत्तर. कुछ दुर पर. भिडपर. जिगरका गाछ. तर कोइला. ताहा सौ पुर्व. हरैआका दछिण वारी सिमाना. पैनिका किनारे किनार. कुछ दुर पर पैनिका दो

मोहान. भिडपर झटा पिपरका गाछ. ताहा सौ दछिण. सेटवाका पछवारी सिमाना पैनि. कुछ दुर सौ पुर्व. षेतका आली होएकै. मौजे मजकुरका इसान कोना. सेटवाका पछवारी दछिण वारी साध. कोइला

तक. उत्तरका सिमाना १ इ चार किल्ला भित्र नाप चकला वंन्दी वमोजिम षेआ ज्मा विगहा चारसै वावन्न अठारह कठ्ठा ४५२।।३ मौजे तेतरिआ षप कटीको सांध मौजे मजकुरका इसान कोना

भलु अहिआ नदीका पछवारी ,कांधी वडा पिपरका गाछ सौ दछिण. भलु अहिआ नदीका. पछवारी किनारे किनार. सरासर मौजे मजकुरका आग्नै कोना. जाएकै डोडाका दो मोहान तक पु

र्वका सिमाना १ ताहा सौ पश्चिम. मौजे लौतनाका उत्तर वारी सिमाना डोडाका उत्तर वारी किनारे किनार. सरासर मौजे मजकुरका नैरित्य कोना जाएकै. मौजे लौतना गावका वाएव्य कोना डो

डामो वाध तक दछिणका सिमाना १ ताहा सौ उत्तर. डोडाका किनारे किनार कुछ दुर पर मौजे करहिआका पुवारी सिमाना षेतका आली पैनी सरासर. मौजे सेटवा क रहीआका सांध. षेतका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्राली भिड तक. पश्चीमका सिमाना १ ताहा सौ पुर्व मौजे सेटवाका दछिण वारी सिमाना. षेतका ग्राली होकै. कुछ दुर पर ग्रालीमो भिडपर वेलका गाछ. ताहा सै पुर्व. लगा ६ सै उत्तर षेतका
ग्राली होकै. कुछ दुर सौ पुर्व. मौजे सेटवाका दछिण वारी सिमाना. पैनि मोवहु ग्रार. गत्तारिका गाछ. भिडमो कोइला. ताहा सौ पुर्व पैनि सरासर. मौजें मजकुरका इसान कोना. भलु ग्रहिग्रा न
दीका पछवारी कांधी. वडा पिपरका गाछ तक. उत्तरका सिमाना १ इ चार किलला भित्र नाप चकला वंदी वमोजिम षेश्रा. ज्मा विगहा दुइ सै चौदह चारि कठ्ठा २१४।४ येती सवै सिमाना भित्र ज्मा जाच
विगहा. ये गाह्र सै पौने चौतिस. चुमावन. गोडधोवा. गादीममा रष वहता सायेर वाहीक. माल. महालात. फर्रो ग्रात. जलकर वनकर. डंड गुनहगारी. सिगार हाट्ट. मन्यौ ग्रफुताली. साट्टी
दलाली. हाट. छौरही. प्रोहिती. मेडली ग्रामीलान. मै चौधरी कानुन गोएका दस्तुर. विग्राहदानी. सगौटा. कठीग्रारी. फरमाइस. वेठ वेगार. पंचषत सर्व ग्रंक वेतलप. मोहर. तामापत्र ग
रि वक्स्यौं. ग्रापना षातिर ज्मा संग ग्रावाद गुलजार गरि. पैदा भयाको लि संत्तान सम. सुष भोग्य गर्नू. ग्रासिर्वाद दिन्दैरहनू. विर्तवारले किला भन्दा ग्रर्घ्यालो नचापनु. विना तक
सिर. हरन नगर्नु जो एस वंधेजमा रहैन. सो श्लोकमा भन्याको पातकी होला. स्वदत्तां परदत्तां वायो हरे द्वै वसुंधराम्. षष्ठि वर्ष सहश्राणि विष्ठायां जाएते क्रिमि. इति सम्वत् १८६८ सा
ल मिती फाल्गुण सुदि १ रोज शुभ्म्–

मार्फत् विरकेसर पाडे

विषयः– दस्तुर फर फर्माइसी वेठ वेगर पंच खत ग्रंक वेतलव मोहर तामापत्र गरिबक्सेको ।

मतः– १८६८।११।१५ खाम सं. ६०

श्री दुर्गा सहाय

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावली विराज-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गिर्वाण युद्ध विक्रम साह वहादुर सम्सेर जंङ
देवानाम् सदा समर विजयीनाम्–

आगे. पण्डित हिरा झा के. सम्वत् १८५७ साल. चंद्र ग्रहणको दान कुस विर्ता गरि वक्स्याको. जिल्लै महुतरी प्रगला महुतरी. मध्ये मौजे नैनही अवादी वएरानी विगहा येक सै येका

वन्न १५१ मौजे येक १ सतसठ्ठि सालमा ताम्वांपत्रका नाप जाच. गर्न जान्या. डिठ्ठा उर्दसि वस्न्यात. गणपति पाध्याका तर्फका मोनासिफ्. लछुमन वोगटी. मानिक दास-का तर

फका पेस्कार. सिनेही दास. जिमीदार. भैया रामदास. गुमास्तै चौधरी लालसि पांडेका मनि दास मोर्हरिर. कानुन गोये लेष नारायेन दत्तका. जंरिवक्स्यदा या साऊ. फकीरा

मेडर. नर्वसिदा षगू दास. जानिवकार जैवार. कृष्ण राम मिश्र. धासीमोमिन. मौजे थरू आही. वासो पट्टी. प्रगन्ना मजकुर. येतीले मुलुक वर वस्त. सात गिरहका हात सौ नव

हातका लगा. बिस लागा कारसीले. दानपत्र पुराना मेडवंदी वमोजिम. जगा जाची नापी मेडवन्दी गऱ्याको. पुवारी सिमाना. मौजे वासो पट्टीका सिमानाका दछिण. पैनी. मोदी

पाठकका षेतका पुवारी आली. ताहि पौनि सौ दछिण. सरासर. पैनि दछिण मुह. ताहि सौ सरासर. दछिण आली तिससै पुरव लागा १८ पर भिड. सौ दछिण लागा १६ पर धुर

धुर सै पुरव हत्ता आलीका पुरव. रातो नदी. उत्तर वासो पट्टी. दछिण नैनाही विर्ता रातो नदी सौ. सरासर दछिण. सौ पश्चीम झिझं झिझ सौ पश्चीम भिड उत्तर नैनाही विर्ता. दछिण

मैलवार सरासर. पश्चिम आलीके हरि झाका घानका षेतका पुवारी आली. पश्चीम नैनाही विर्ता. पुर्व मैलवार सरासर आली दछिण. लगा ३० पर रातो नदी उत्तर विर्ता नैनाही

दक्षीण मैलवार नदी सरासर. पश्चीम मुह नैनहिक पनि पिवीघाट्ट. सौ रातो नदी. दछिण मुह. पश्चीम नैनही विर्ता नदीक दछिण वारी कांधी मनसा ठाकुरका वगैचाका पछवा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

री हत्ता. सौ सरासर. दछिण हत्ताका कोना तक दछिण डगर तक पुवारी सिमाना येक दछिण वारी सिमाना. मनसा ठाकुरका हत्ता वगैचाका हत्ता. सौ पश्चीम. नैनही विर्ता

हत्ता सौ पश्चीम डगर. डगर सौ दछिण मैलवार. डगर सौ उत्तर नैनही विर्ता. सरासर पश्चिम मुह. सुषिआ मिश्रका षेतका दछिण वारी आली. सौ सरासर. पश्चीम गोड

धोत्रा डोडा तक गोड धोवा सौ पश्चिम. कट्टैया मौजेका जमीन. मध्ये सरासर दैता भिड तक पश्चीम. दछिणका सिमाना येक १ पश्चिमका सिमाना. दैता भिड सौ सरासर

उत्तर. मोदी पाठकका षेतका उत्तर वारी आली. जोगधर झा. लक्ष्मीधर झाका विर्ता. मौजे कट्टैआका दछिण वारी मेड तक. तिस सौ पुरव. गोड धोवा. सरासर डोडा तक. न

दी. पैनिका मुहडा तक तिस सौ उत्तर सरासर. गोड धोवा नदीका पश्चीम कट्टैया विर्ता पुर्व नैनही विर्ता. डोडा सौ पश्चीम. काले पट्टी. पुर्व नैनही पैनितक. पश्चीमका सिमाना

येक १ उत्तर वारी सिमाना पैनि सौ पुर्व गोड धोआइ नदी. सरासर मुह उत्तर थरू आही. दछिण नैनही विर्ता सरासर गोड धोआ. पुर्व मुह डोडा सौ पुर्व आली. छि तनुहलु आइका दछिण वारी आली. नैनही विर्ता. उत्तर थरू आही गोड धोआ नदी सौ पुर्व. लागा १४ तिस सौ दछिण पिपरका रूष वासो पट्टीका पश्चीम तिस रूष सौ दछिण. डोमन राउतका हत्ता तक लागा विस २० हत्ताका उत्तर वासो पट्टी. दछिण नैनही विर्ता. हत्ता सरासर. पुर्व मुह. हत्ता सौ पुर्व. पैनि सरासर. पुर्व मुह मो दी पाठकका षेतका पुवारी उत्तर वारी कोना तक. उत्तरका सिमाना येक १ येती सिमाना भित्र. ज्मा जाच विगहा येकसै येकावन्न. चुमावन गोड धोवा गादीममा रप वहता सायेर. वाहीक. माल सायेर. जलकर. वनकर. महालात. फर्रोआत विआह दानी सगौढा. डंड अफुताली आमिलान दस्तुर सिगार हाट्ट साट्टी दलाली हाट्ट छौ रही प्रोहीती. मंडली चौधरी कानुन गोयेका दस्तुर फर फर्म्माइसी. वेठ वेगार. पंचषत. सर्व अंक. वेतलप. मोहर. ताम्वापत्र गरिवक्स्यौ. आपना षातिर ज्मा संग आ

वाद. गुलजार. गरि पैदा भयाको लि संत्तान सम. सुष भोग्य गर्नु. आसिर्वाद दिन्दै रहनु. विर्तवारले किल्ला भंदा अघ्र्यालो नचापनु. विना तकसिर. हरन नगर्नु. जो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

येस वंधेजमा रहैन. सो श्लोकमा भन्याको पातकी होला. स्वदत्तां परदत्तां वायो हरे द्वै वसुन्धराम् षष्टि वर्ष सहश्राणि विष्टायां जायेते क्रिमि. इति सम्वत् १८६८ साल मिती फाल्गुण शुदि १ रोज ५ शुभम्–

मार्फत विर केसर पांडे

विषयः– भादगाउँमा टोनागाल खेत र घडेरी समेत सर्व अंक माफ विर्ता वितलप गरि मोहर तामापत्र गरिबक्सेको ।

मितिः– १८९२।५।११।४ खाम सं. ६१

श्री दुर्गाज्यू

श्री वज्याज्यू

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री

महाराज राजेन्द्र विक्रम साह वहादूर सम्सेर जङ्ग देवानां सदा समर विजयिनाम्–

आगे. विश्वनाथ पंडित अर्ज्यालके सम्वत् १८८८ साल मिति चैत्र वदि ९ रोज १ का दिन – – का वाहुलीवाट संकल्प भ

याका षेत मध्ये षेत १।० येहि साल मिति चैत्र सुदि ७ रोज ७ का दिन – – का सुद्ध सान्तिमा. हाम्रा वाहुलीवाट संकल्प भया

का षेत मुरि ।५० दुवै संकल्पको तिम्रा वावु जदुनाथ प्रोहीत अर्ज्याललाई वक्स्याको ज्मा षेत १।५० तस्को सह्न वमोजिमको घ

ड्यारि समेत गादिममा रष वाहिक सर्वाकं माफ विर्ता वितलप गरि वक्स्याको मोहर ताम्वापत्र गरिवक्स्यौं. सहर भादगाउंका

अम्वल मध्ये टोनागाल षेत मुरि ।३२ तस्को साध. पूर्व रैकर. पाटिको साध लुहकिल दक्षिण वाटो साध लुहकिल. पश्चिम धा

राको र वाटाको साध लुहकिल उत्तर. रैकर. विर्ता गुठिको साध लुहकिल हनुमन्त्या कुमाषेल वाझो वगर षेत मुरि ।३२,तस्को

साध. पूर्व हनुमन्त्या षोलाको डिल साध लुहकिल. दक्षिण षजांचिका विर्ता साध लुहकिल. पश्चिम. रैकर वाझो साध लुहकिल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तर. प्रजाका सुना पाषो. वाटो साध लुहकिल. सांषुका अम्वल मध्ये. धलंको गल वाझो षेत मुरि ११६ तस्को साध पूर्व. कुलो
र वाटोको साध लुह्किल. दक्षिण. पश्चिम. रैंकर वाझाको साध लुहकिल. उंत्तर. मुल वाटाको साध लुहकिल. ईथौ वाझो षेत
मुरि ।५ तस्को साध. पूर्व. रैंकर वाझो साध लुहकिल. दक्षिण प्रजाका सुना षेतको आलि साध लुहकिल. पश्चिम. वाटो साध लुह
किल उत्तर. सदावर्त गुठि. प्रजाका सुना षेतको आलि साध लुहकिल. काहावु वाझो षेत मुरि ।३ तस्को साध. पूर्व. दक्षिण. पश्चिम
रैंकर. प्रजाका सुना षेत रैंकर. आलि साध लुहकिल. उंत्तर. प्रजाका सुना आलि साध लुहकिल चषु डोल वाझो षेत मुरि ।१०
तस्को साध. पूर्व. प्रजाका सुना षेत. रैंकर षेत आलि साध लुहकिल. दक्षिण प्रजाका सुना षेत आलि साध लुहकिल. पश्चिम.
वाटोको साध लुहकिल उंत्तर. वाटो रैंकर. वाझो साध लुहकिल. येति सवै सिमाना भीत्र षेत १।५० घड्यारी मुरि ।३० पानि षेत
को साटो पाषो दिदा २८ रोपनिका दरले मुरि ।१८ जमा षेत. घड्यारि १।९८ विर्ता वितलप जानि संन्तान दर सन्तान पर्य्यंत पर
म सुष भोग्य गर. यो विर्ता संकल्प हुदा संकल्प वाक्य पढ्न्या प्रोहित जदुनाथ पंडित अर्ज्याल. येक सुर्ज वैद्य. पानि हालन्या
जनरल भीमसेन थापा. छोटा जनरल रण विर सिह थापा साध लाउन्या सधियार. थर घर वंसराज पंथ. देविधर अर्ज्या
ल. हरिवंस वोहरा. किलागल टोलको डगोल धम देउं. मजाक देवलको लक्ष्मि. मन. कोत्राहालको. दानपति. मोहि नाईक्या
महन्त. मोहि नाईक्या जै संकर. अमालीको वुधिनारान द्वान्या. भास्कर थापा. प्रधान नायेक भान्नरसिं. छेभडेल किष्ण राम. श्री
विनोद पंडित. सीव षर्दार. कासिराम नेपाल. विर्तवारले किला भन्दा अर्घ्यालो नचापनु. विना तक्सीर जवद नगर्नु. जो येस
वंधेजमा रहैन सो येस श्लोकमा भन्याको पातकि होला. स्वदत्तां पर दत्ताम्वायो हरे द्वै वसुन्धराम् षष्टि वर्ष सहश्राणि विष्टा
यां जायते क्रिमि. इति सम्वत् १८९२ साल मिति भाद्र वदि ११ रोज ४ शुभम्–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयः— वारा प्रगन्ना वसन्तपुरका आवादि विगाहा २०५।१ सर्व अंक वितलप कुश विर्ता मोहर तामापत्र गरिबक्सेको ।

मितिः— १८९६।१।८।१ खाम सं. ६२

श्री दुर्गा

श्री ५ वाज्याज्यू
२

श्री ५ वडा जिज्यू वावाज्यू
श्री ५ जिज्यू वाज्याज्यू
१

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावलि विराज-
मान मानोन्नत श्रीमन्म
हाराजाधिराज श्री श्री श्री महाराज गिर्वाण युद्ध विक्रम साह वहादुर सम्सेर जंङ
देवानाम् सदा समर वि
जयिनाम्—
आगे. रामधन दुवे गंगा पुत्रका व्राह्मणी दुर्गा वाइके सम्वत् १८४१ साल — १ — का
अस्थि क्षेपणका
दक्षीणा वावत. औं ५१ सालमा — २ — का अस्थि क्षेपणका दक्षीणा वावति संकल्प
गरि विर्ता वक्स
नु भयाको. जिल्लै वारा प्रगन्ना वसंतपुर मध्ये. मौजे सिरसिआ मौजे १ को वीगहा
येकसै पचीस १२५ मौ
जे गौरी आ मध्ये अवादी वयेरानी जमीन विगहा असी कठा येक ८०।१ दुइ ज्मा
विगहा दुईसै पाच क
ठा येक २०५।१ सतसठ्ठी साल तामापत्रका नाप जाच गर्न जान्या डिठ्ठा भक्तसिं कार्की
देव सर्म्म पांध्या
का तरफ सौ मोनसिफ लछ्मन भडारी. संकर जैसी तहरिर मानिक दास रूजु पेस्कार
राधेकृष्ण दास
नापी नर्वसिदा. छकन दास. सोनमनि दास. जरी वक्स्य जुठीसिंह. सेषलाल महमद
विष्णुदत्त ठाकुर
जानकी राउत. जमीदार जुठी साहु चौधरि. कानुन गोए मानिक वंदका. नाएव भैरव
दत्त. प्रगन्ना मज

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुर. येतीले मुलुक वरवस्त नौहातका लागा. विसलागाका रसीले दानपत्र पुराना मेडवंदी वमोजि
म जगा जाची नापी मेडवंदी गऱ्याको. पुर्व सिमाना. वगैचाका दक्षीण पश्चीम. डोडा सिमाना. ताहा सौ
दक्षीण. इट्टहरको वाएव्य कोना. चौमौनात तक पुर्वका सिमाना १ दक्षीणका सिमाना. ताहा सौ पश्ची
म. षेतका आरि. सिमाना ताहा सौ कुछ दुर. पश्चीम. किला कोइला सरासर सिमा आरि. ताहा सौ
कुछ दुर. पश्चीम. तिअर नदी दक्षीणको सिमाना. ताहा सौ उत्तर तिअर नदीको कांधी पश्चीम
को सिमाना भंडार कोनाको पिपरको गाछ. तक दक्षीणका सिमाना १ पश्चीमका सिमाना. निअर
नदी सौ पुर्व पश्चीमका सिमाना १ उंत्तरका सिमाना पिपरका गाछ. सौ दस लागा दक्षीण. ताहा सौं
सरासर. पुर्व. ताहा सौ कुछ दुर जाएकै उत्तर हेगुली आक गाछी. सो दक्षीण पैनी. ताहा सौ पैनि छो
डी. सरासर पुर्व. ताहा सौ कुछ दुर पुर्व. पैनि पुर्व. इसान कोन सिमाना हेगौली आक सिमाना सौ प
श्चीम पैनि सौ पश्चीम. सिर सिया इहा तक. उत्तरका सिमाना १ इ चार किल्ला भित्र. नाप चकला वं
दी वमोजिम षेश्रा नाप जाच ज्मा विगहा दुईसै छव येक कठा. मिनहा दक्षीण तर्फका गाछी रैक
र विगहा येक १ वाकी ज्मा विगहा दुइसै पाच येक कठ्ठाको. गादीममा रष गोड घोवा चुमावन
वहता साएर वाहीक मै अंक मै अवु आव मै आमीलान. सर्व अंक वेतलव कुस विर्ता. मोहर तामा
पत्र गरिवक्स्यौं आपना षातिर ज्मा संग. संतान सम सुष भोग्य गर. आसीर्वाद दिदै रहनु. विर्तवार
ले. किला भंदा अर्घ्यालो नचापनु. विना तकसिर हरन नगर्नु. जो येस वंधेजमा रहौन. सो ऐस श्लो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कमा भन्याको पातकी होला. स्वदत्तां परदत्तां वा यो हरे द्वै वसुन्धराम् षष्टि वर्ष सहश्राणि वि

ष्टायां जायेते क्रिमिः इति सम्वत १८६९ साल मिती प्रथम वैसाष सुदि ८ रोज १ शुभ्म्–

मार्फत् विर केसर पांडे

विषयः– देवताको र बौद्ध मार्गी जजमानको काम खोसा खोस नगर्नु ।

मितिः– १९०१।४।९।४ खाम सं. ६३

श्री दुर्गाज्यू

देवता

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रूक्का–

आगे सिकंमुगल टोल वस्न्या हर्क नरसिं गुवाहालके तेरा पुर्षा देषि आगम् – – को र वौध मार्गि

का जजमानको काम षोस मोस नगर्नु भन्या भयाको रहेछ विचमा क्वावाहाल टोलमा वस्न्या अमृ

तानन्दले कच वच्याइ दियेछ तस अर्थः तैले र सवल टोल वस्न्या भाजुनन्दले भै आगम – – को

र वौध मार्गिका जजमानको काम परापूर्वक रितले चलाई अघि देषि षाई पाई आया वमोजीम्को

षानु भनि अमृतानन्दको नामुको मोहोर हानि तिमिहरूलाई वक्स्यौ हिजो देषिको चलि आयाको काम च

लाई लि भोग्य गर इति सम्वत् १९०१ साल मिति द्वितिया श्रावण वदि ९ रोज ४ शुभम्–

मार्फत रधुनाथ अर्ज्याल्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयः– पाटनका ढलखोल खेत र घडेरी संकल्प भयाकोले विर्ता तामापत्र गरिबक्सेको ।

मितिः– १८९१।८।१४।७

खाम सं. ६४

श्रीः

श्री जेठा रानी

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम साह वहादूर सम्सेर जङ्ग देवानां सदा समर वजयिनास्–

आगे जोसि जय मंगल चालिस्याके सम्वत् १८९१ साल मिति श्रावण वदि ९ रोज ४ का दिन तुलादान हुदा हाम्रा – – – वाट संकल्प भयाका षेत २। मध्ये षेत मुरि ।५० तस्को सह्र वमोजीमको घड्यारि समेत विर्ता गरि वक्स्याको मोहर ताम्वापत्र गरि वक्स्यौं. पाटन्का अम्वल मध्ये ढलषोल षेत मुरि ।३३ तस्को साध पूर्व वाटाको डिल सांध लुहकिल. दक्षिण वाडाका सुना विर्ता षेतको आलि साध लुहकिल. पश्चीम ढल र रैकर षेतको आलि साध लुहकिल. उत्तर प्रजाका सुना विर्ता षेतको आलि साध लुहकिल. दफे भचागाल षेत मुरि ।१६। पाथी १० तस्को साध पूर्व वाटाको डिल साध लुहकिल. दक्षिण रैकर र सुना विर्ता षेतको आलि साध लुहकिल. पश्चीम उत्तर प्रजाका सुना विर्ता षेतको आलि साध लुहकिल. दफे तमो षेत मुरि ।७।३।३ तस्को साध पूर्व उत्तर प्रजाका सुना विर्ता षेतको आलि साध लुहकिल. दक्षिण पश्चीम रैकर षेतको आलि साध लुहकिल. येति साध भित्र षेत मुरि ।५० घड्यारि पाषाको साटो पानि षेत दिदा डेवढो घटाइ. षेत मुरि ।६।१३।३ जमा षेत घड्यारि समेत मुरि ।५६।१३।३ विर्ता जानि सन्तान दर सन्तान पर्य्यंत परम सुख भोग्य गर. यो विर्ता संकल्प हुदा संकल्प वाक्य पह्रन्या प्रोहित रघुनाथ अर्ज्याल. पानि हालन्या छोटा जनरल रणविर्सि थापा. साध लाउन्या सधिया र श्री हर्ष पंडित अर्ज्याल मर्दनृसि राना काठमाडौका डगोल भागीवन्त कृष्ण धन मटेङ कंपुको मोहि नाइक्या लक्ष्मी नरसिं देवनारान् अमालीवाट आयाको क्वाछें महान नाइक्या. दफदरका सिपाहि टौढिक वषतवार थापा हस्तविर खडका. भला मानिस श्री कृष्ण डिठा ढुंगाना षर्दार दसरथ चालीस्या श्री दत्त भट्टराइ. रमाकान्त वगाल्पा. सिवनाथ षनाल. सित्र चालिस्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देविदत्त उप्रेति अरिमर्दन् थापा इन्दूविर थापा चन्दूविर थापा विर्तवारले किला भन्दा अर्घ्यालो नचापनु विना तक्सीर जवद नगर्नु जो येस वन्देजमा रहोइन सो येस श्लोकमा भन्याको पातकि होला. स्वदत्तां परदत्ताम्वा यो हरे द्वै वसुन्धराम् षष्टि वर्ष सहश्राणि विष्टायां जायते क्रिमिः इति सम्वत् १८९१ साल मिति मार्ग वदि १४ रोज ७ शुभम्–

विषयः– काठमाण्डौको लगन् गलपाखो जम्मा रोपनी ८ को सर्वकर अकर सर्वाङ्क माफ विर्ता वितलप गरिबक्सेको मोहर तामापत्र ।

मितिः– १८८५।६।२।६ खाम सं. ६५

श्री दुर्गा सहाय

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्री

मन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम साह वहादुर सम्सेर जङ्ग देवानां सदा समर

विजयिनाम्–

आगे श्री जनरल भीमसेन थापाके सम्वत् १८८५ साल मिति आश्विन वदि १३ रोज २ का दिन.

वक्स्याको काठमाडौका अम्वल मध्ये लगन गलपाषो रोपनी ५।।/ औ लगन टोल वस्न्या भा

जुसि भेषाविर वाडाको सुना विर्ता लगन् गलपाषो रोपनी ।।।. के मोल मोहर रूपैया २५।०।

मन. तेजपति भाजुदेव वाडा लाजमति दोलाजिको सुना विर्ता लगन् गल पाषो रोपनी ।– ।–

के मोल मोहर रूपैया १२।। २ राजिन्द्रपति राजविर राजमानसिं रतनविरसिंको सुना विर्ता

लगन गलपाषो रोपनी १। के मोल मोहर रूपैया ४२।। ज्मा मोल मोहर रूपैया ८० ताके मु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

  The Tengboche Lama is already aquainted with the work of the Project; and after the monastery fire one should by all means conduct an investiga-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

gation into which material has been filmed or fallen victim to the flames. Activities could then be expanded over the whole of Kumbhu.

III. Timetable:

In view of the fact that two expeditions per year have been calculated as the average, one comes up with a period of three years for the target areas listed under Section II. But since areas such as, for instance, Solu hold out the expectation of more than one expedition, and as new contacts may be made in the intervening period of time, a length of five years could certainly be filled with microfilming activity in the northern part of Nepal. If the number of expeditions is increased to three or four a year, the same amount of work might be accomplished within the aforementioned three years. In order to bring the work of the Tibetan Section of the NGMPP in the northern part of Nepal to a satisfactory conclusion, I therefore view an extension of activities for an additional three years as of the utmost importance.

IV. National Archives:

In spite of what was to have been an exhaustive catalogue of Tibetica housed in the NA and filmed by the NGMPP[9], there nevertheless exists additional material in the storage rooms which has not hitherto been filmed. A conspicuous example is a 35-volume manuscript (**dbu-can**) of the collection **rNying-ma rgyud-'bum,** which was saved just in time from being totally destroyed by worms. Following the conclusion of work on this collection, one's attention should be turned to other Tibetan works that have yet to be filmed. As one last goal one might envisage, finally, the compilation of a comprehensive and representative catalogue of Tibetan texts in the NA. In addition, a number of boxes containing Tibetan material are waiting in the National Museum (Chauni) to be gone over. The main focus of activity in Kathmandu, which would be running parallel to the expeditions, should once again be directed at the NA. A further factor beyond the Tibetica to be raised in favour of a continued presence of the Project in the NA for a period of an additional three years is the construction of a building to house the microfilms. The commencement of construction activities is tentatively set for the fall of 1989.

V. A Selection of Texts:

The results obtained from the activities of the Tibetan Section of the

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

NGMPP (1988) can be seen from TITLE LIST VIII. For a detailed listing of the most important works filmed on expeditions during my term of appointment, or such as were dispatched to Kathmandu for filming there, I refer to the corresponding expedition reports. Here only a handful of texts will be presented, which in the first place are representative of a broad geographical spectrum from west to east, and secondly suggest themselves as candidates for publication:

- Mugu District:

  The collected songs and "secret biography" of bSod-nams blo-gros (1456–1521):

  sNyigs dus kyi bstan pa'i khur 'dzin pa ngor pa'i ming can gyi gsang ba'i rnam thar (17 fols.)

  Grub thob bsod rnams blo gros gyi mgur 'bum mthong ba don ldan ngo mtshar snang ba (141 fols.)

  On the "outer biography" of this master see D. Snellgrove, **Four Lamas of Dolpo,** Oxford 1967, pp. 81–123

- Jomosom District:

  The works of mNga'–ris gter-ston Gar-dbang rdo-rje (1640–1685):

  Zab thig chos dbyings rang gsal (238 fols.)

  Gar dbang rdo rje'i dag snang (15 fols.)

- Nubri District:

  The works of rDo-rje-brag Rig-'dzin II, Padma 'Phrin-las (1640–1718):

  Gu ru drag po'i don 'grigs bla ma'i zhal lung gsal ba'i me long (253 fols.)

  Thugs sgrub drag po rtsal gyi las byang 'bring po'i bskyed rdzogs kyi rnam nges rig 'dzin grub pa'i lam bzang (62 fols.)

- **Solu District:**

  The works of Shes-rab rdo-rje (1884–1945), who was responsible for the founding and renovating of many monasteries in the northern part of Nepal. For example:

  Tshe thar gyi phan yon 'chi med skyabs sbyin (17 fols.)

  "The Merits of the Redemption of Animals"

  Two "lists of received teachings" (**thob yig**) of a Sherpa Lama who underwent the **gTer-ma** teachings of 'Ja'–tshon snying-po (1585–1656) and gTer–bdag gling-pa (1646–1714)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Notes:

1 **Expeditions of the Tibetan Section (NGMPP):**

1. Rasua/Langtang Expedition 15.4. – 11.5. 1983
   (388 MSS — 12,740 Folios)
2. Tarkyegang/Helambu Expedition 15.11. – 28.11. 1983
   (289 MSS — 9,100 Folios)
3. Nampakunden/Jumla Expedition 5.5. – 7.6. 1984
   (249 MSS — 13,563 Folios)
4. Syang/Jomosom Expedition 6.9. – 22.10. 1984
   (225 MSS — 19,651 Folios)
5. Muktinath Expedition Sept. 1985 (SCHUH 1)
   (15 MSS — 1,228 Folios)
6. Muktinath Expedition 31.3. – 2.5. 1986 (SCHUH 2)
   (209 MSS — 6,245 Folios)
7. Nampakunden/Jumla Expedition 1.10. – 28.11. 1986
   (203 MSS — 10,899 Folios)
8. Muktinath/Jharkot Expedition 26.3. – 4.6. 1987 (SCHUH 3)
   (441 MSS — 20,315 Folios)
9. Muktinath/Jharkot Expedition 12.10. – 19.10. 1987
   (64 MSS — 6,772 Folios)
10. Tengboche/Kumbhu Expedition 29.4. – 13.5. 1988
    (185 MSS — 15,766 Folios)
11. Thini/Drumba Expedition 25.9. – 13.10. 1988
    (276 MSS — 12,546 Folios)
12. Nampakunden/Jumla Expedition 20-11. – 9.12. 1988
    (202 MSS — 9,421 Folios)

2 **On the Activities of the Tibetan Section of the Nepal-German Manuscript Preservation Project** (NGMPP) in **Abhilekh,** No. 2 (V. S. 2041)

3 **Activities of the NGMPP for the next Five Years (1986-1990) in Abhilekh,** No. 4 (V. S. 2043)

4 **Buddhist People of the Northern Nepal Borderland in The Buddhist Heritage of Nepal,** Kathmandu 1986

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*5 **Geographical representation of the expeditions of the Tibetan Section (NGMPP):**

6 See, for example, C. Jest: **Report on the Monuments of Northern Nepal** in **Ancient Nepal,** Nos. 86-88 (1985), pp. 13-21

7 **Report on an Expedition in Solu-Khumbu,** April 19th, 1981 - May 12th, 1981 (unpublished manuscript)

8 For an overview of these ethnic groups see **The Culture of Northern Nepal** in C. Jest: **Monuments of Northern Nepal** Paris 1981, pp. 13-16

9 F. K. Ehrhard: **Tibetan Texts in the National Archives, Kathmandu** in **Journal of the Nepal Research Centre,** Vol. IV (1980), pp. 233-250; see also N.D. Bolsohoeva: **Tibetan Colleotions of Nepal** in **Ancient Nepal No. 91** (1985-1986), pp.21-26.

**The map could not be repreduced because of technical difficulty.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Public Archives Law of Japan

(enforced as of June 1st, 1988)

Tentative Translation by Chiyoko Ogawa

Article 1 (Purposes)

This Law aims to prescribe necessary matters pertaining to Public Archives in view of the importance of preserving official documents and others as historical materials and of making them available to the public.

Article 2 (Definition)

The term "official documents and others" in this Law means official documents and other documents (except those of current use) which are in the custody of the State Government or of local public entities.

Article 3 (Obligation)

The State Government and local public entities shall be responsible for taking appropriate measures for preservation and utilization of official documents and others which are important as historical materials.

Article 4 (Public Archives)

Public Archives shall be the institutions that aim to preserve and make available to the public those official documents and others which are important as historical materials, and to make investigations and researches into matters pertaining thereto.

2. There shall be in a public archives a Director, professional personnels who make investigations and researches into official documents and others which are important as historical materials, and such other personnels as may be deemed necessary.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Article 5

Public Archives shall be established by the State Government or by local public entities.

2. Matters pertaining to the establishment of a public archives to be established by a local public entity shall be prescribed by regulation of the entity concerned.

Article 6 (Accomodation of Funds, etc.)

The State Government shall make efforts to accomodate local public entities with funds necessary for the establishment of Public Archives or to use its good offices to obtain such funds on behalf of such entities.

Article 7 (Technical Guidance, etc.)

The Prime Minister may, upon request, provide technical guidance or advice to local public entities on the operation of Public Archives.

SUPPLEMENTARY PROVISION

1. (Date of Enforcement)

This Law shall be enforced as from the day which shall be fixed by a cabinet order and shall not be later than six months from the day of promulgation of this Law.

2. (Exception about Professional Personnels)

For the time being, Public Archives to be established by local public entities may operate without appointing professional personnels as set forth in Article 4, paragraph 2.

3. (Partial Amendment to the Law concerning the Establishment of the Prime Minister's Office)

The Law concerning the Establishment of the Prime Minister's Office (Law No. 127 of 1949) shall be partially amended as follows:

The following item shall be added to Article 4, after Item 7.

Item 7 – (2) Matters pertaining to enforcement of the Public Archives Law (Law No. 115 of 1987)

The above translation is done by Chiyoko OGAWA, Archivist in the Archives Division, with the approval of the said Division of the National Archives (Kokuritsu Kobunshokan).

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ताम्रपत्र

(अभिलेखको प्रत्येक अङ्कमा विविध ऐतिहासिक सामग्रीहरू प्रकाशित गर्दै जाने योजना अनुसार यस अङ्कमा पनि राष्ट्रिय अभिलेखालयको संकलनमा रहेको ताम्रपत्र अभिलेख ५ थान प्रकाशित गरिएको छ।)

विषयः– श्री ५ गीर्वाण युद्ध विक्रम शाहबाट शंखनारायण तेवारीलाई जग्गा दान दिई दानपत्र बमोजिम मोहर तामापत्र गरिबक्सेको।

लगत सं. ६ मितिः– १८७२ आषाढ १५

श्री दुर्गा सहाय

श्री सूर्य श्री वाग्मति श्री लुमडि

१ ३ २

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन् महाराजाधिराज श्री श्री श्री महाराज गीर्वाण युद्ध विक्रम साह वहादुर सम्सेर जङ्ग देवानाम् सदा समर विजयिनाम– –

आगे शंष नारायन तेवारीके सम्वत् १८६५ साल मिति वैशाख सुदि १४ रोज २ का दिन. विवाहका चतुर्थिमा हाम्रा वाहुलीवाट संकलप भयाका षेत मध्ये षेत मुरी ।१० औ सम्वत १८६९ साल मिति माघवदि ३० रोज २ का दिन –१– ग्रहणमा हाम्रा वाहुलीवाट संकलप भयाका षेत मध्ये षेत मुरी ।४० जस्मा मुरि ।५० तस्को सरह वमोजिम्को घड्यारि समेत विर्ता वक्स्याको मोहर तामापत्र गरि वक्स्यौं तसमध्ये दह चोकका अम्वलमध्ये पुलदोलमा आपनु पुरानु विर्ता. पाखो वन गृहणमा संकल्प भै सांध लाग्दा. पानी षेत हुनाले वाहिक रह्याको षेत मुरी ।३ तस्को सांध पूर्व. दक्षिण. पश्चिम. उत्तर. आपनै विर्ता पाषाको सांध लुहुकील. औ वौद्ध पमढ्याक षेत मुरी ।२ तस्को सांध पूर्व बैद्यको विर्ता षेतको आलि सांध लुहकिल. दक्षिण मूल वाटाको आलि साध लुहकिल. पश्चिम व्राह्मण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

को वृता षेतका आलि साध लुहकिल. उत्तर वैद्यका वृताको आली साध लुहकिल. औ धोवीषोला ह्लापलाङ षेत मुरी ।४ तस्को साध पूर्व –२– का गुठि षेत को आलि साध लुह्किल. दशिण रैकर आलि सांध लुहकिल. पश्चिम रैकर साध लुहकिल उत्तर वाणीविलस पंडितका वृता षेतको आलि सांध लु हकिल. औ पाटनका अम्वल शंखमूल मध्ये मलि इता षेत मुरी ।२३ तस्को सांध पूर्व वाटाको साध लुहकिल. दक्षिण –३– का टिक्को साध लुहकिल. प श्चिम वाटाको साध लुहकिल. उत्तर रैकर कान्ह्लाको सांध लुहकिल. औ यतावु षेत मुरी ।१३ तस्को सांध पूर्व प्रजाको सुनाषेतको आलि साध लुह किल. दक्षिण कुलाको सांध लुहकिल. पश्चिम प्रजाका सुनाषेत र कुलाका सांध लुह-किल., उत्तर. जफतिर. रैकर षेतको आली सांध लुहकिल चार किलाभित्र प्रजाका सुनाषेत वाहिक. औ शंखमूल विहौतो षेत मुरि ।४।१० तस्को साध पूर्व कुलाको ढीक साध लुहकिल. दक्षिण –३– का ढिक सांध लुहकि ल. पश्चिम रैकर आलि साध लुहकिल. उत्तर. कुलाको ढिक साध लुहकिल. औ लामाजी ओ पुजा षेत पाथी ।१० औ सरह वमोजिमको घऱ्याडि मध्ये पानी षे त हुनाले डेढो घटाई मुरि१।६।५ तस्को साध पूर्व सुना षेतको आली साध लुहकिल. दक्षिण पश्चिम ढिकसाध लुहकिल. उत्तर रैकर आली साध लुहकि ल. डफे घऱ्याडि चाक र षोला मुरि ।८ तस्को साध पूर्व –३– का ढिक साध लुह-किल. पश्चिम उपाध्या भाजुको वृताको आलि साध लुहकिल. उत्तर ढिक् साध लुहकिल. येति सवै सिमाना भित्र षेत मुरि पचास. घऱ्याडि पाषो मुरि आठ वाकि पाषो मुरि दुईको साटो पानी षेत हुनाले डेढो घटाई पानी षेत मुरि एक पाथी छ माना पांच. विर्ता जानी संतान पर्यत्त परम सुष भोग्य गर. यो वृता संकल्प हुँदा. संकल्प वाक्य पढ्न्या पुरोहित यदुनाथ पंडित अर्ज्याल पानि हालन्या काजी भीमसेन थापा. काजी ववार्सि थापा. साध लाउन्या संधियार गणपति पंत. मर्दनसिं राना. रामचन्द्र दवादि. निधि पौद्याल. गंगाराम कुईंक्याल. श्री वल्लभ. वराकोटी वैजनाथ पांडे दहचोकको द्वाऱ्या महादेउ वश. जुठ्या षवास. रत्नसिं नेवार महादेउ सापकोटा. देउपाटनको मोही नाएक मठसिं. तुलारामा गोताम्या. रघुनन्द गोताम्या. मोहि नायक हेमंत. पुनसिद्धि विजया पूत टोलको डंगोल धनमंत. मजाक देवलको अंत. टेङ्गल टोलको जगतसिं. व्राह्मण टोलको षटनल. ववाहा टोलको मटचाङ्ग पाटनको प्रधान ठाकुरसिं. मोहि ना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यक् लाष्या. भागिवंत घ्यंतले. मचिन्द्र नेवार. तारानिधि थपलिया. लक्ष्मी नारायण. भीमसेन षत्री. यतावुको धीर्जे. शिवनन्द कुसल्या. बृत्तवारले ग्र

घ्र्यालो नचाप्नु. विता तक्सीर जवद नगर्नु. जो यस वधेजमा रहैन सो यस श्लोकमा भन्याको पातकि होला स्वदत्तां परदत्तां वा यो हरे द्वै वसुन्धरा

म् षष्टि वर्ष सहश्राणी विष्टायां जायते किमिः ॥ इति संम्वत १८७२ साल मिति ग्रषाढ मुदि १५ रोज ६ शुभ्म्– –

विषयः– श्री ५ राजेन्द्र विक्रम शाहबाट शिवनारायण ग्रोझालाई वेठ वेगार स्मेत माफ गरी सर्व ग्रंक मारी मेटी विर्ता वितलप गरिबक्सेको ।

लगत सं. ७ मितिः– १८८८ ग्राषाढ ४

श्री दुर्गाज्यू श्री वाज्याज्यू

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम शाह वहादूर सम्सेर जङ्ग देवानां सदा समर विजयिनाम्– –

ग्रागे शिव नारायण वझा के. तमी भाउज्यू दयालक्ष्मी वझाईनीलाई सम्वत् १८६१ साल फागुण शुदि ५ रोज का दिन – – – का वाहुलिवाट संकल्प भयाका

मधेसका जमिन मध्ये. विगहा तिन सय ३०० जमीन जिल्लै वारा पर्सा मोतालुकै मकवानपूर प्रगन्ना टोकनी मध्ये मौजे लक्षुमना १ मौजे परसा १

जम्मा मौजे २ का ग्रावादि विगहा २०० वैरानि विगहा १०० जम्मा ग्रवादि वैरानि विगहा ३०० तस्को चौर्तफि सांध सिमाना किला कोइला. मुलुक वरवस्व नौ हात्का लगालै ना

प वमोजिम. मेड्वंदि. दछिनका सिमाना. कटाह्लका रूषका पछिम. मौजे मुदुलीका पूर्व सिमाना पर. मौजे नगवाका पैनिका पछिम पट्टि किला कोइला १ येस किला देषि पूर्व चाकला भीडका उत्तरपट्टि किला कोइला १ ताहांदेषि पूर्व. वहुवारका रूष. ताहादेषि पूर्व. सेह्ल परसानु भीड पर किला कोइला १ ताहांदेषि पूर्व मौजे भेडियाहिका पछिमका सिमाना पर. सिमियाहि नदी मरनैका पछिम. पट्टि भिद्पर किला कोइला १ यस कोइला किला सौं. उत्तर नदीका पछिमपट्टि मौ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जे मजकुरका पूर्व सिमाना. सिमरका रूष सौं पूर्व जीमडका रूषका पूर्व किला कोइला १ ताहाँ देखि उत्तर नदीका किनारा. मौजे मजकुरका ईसा
नकोनाका सिमाना. मौजे लौतनाका दछिन पूर्व कोनाका सिमाना पर किला कोइला १ ताहां सौ पछिम. मौजे मजकुरका. उत्तर. का सिमाना. मौजे लौतनाका
दछिन. का सिमाना सौं दछिन मौजे पिपरा. मेगजिनका दछिन. वारी सिमाना वर पिपलका रूष. सौं पूर्व कठा १ पर पैनिका पूर्व. किनारा किला कोइला १ ताहांदे
खि दछिन. मौजे मजकुरका पछिम. सिमाना. मौजे मुड्लिका सिमाना. सौ पूर्व यति किलाभित्र. नाप चकला वंदि चौर्तर्फि. मौजे लछुमना पर्साका पछिम.
दषिनका कोह्नी. अर्दर सरि ५।१४ तुलरसरि ।११ ता के विगहा ३७३ दछिनका सिमाना कताहका रूष सौ उत्तर. वहु पारिका सिमाना. मौजे मुडुली
का पूर्व सिमाना सौं पूर्व सिगियाहि नदी मरनेतक् अर्दर सरि १९।१२ तुलरसरि ११।. ताके विगहा २१५।।२ उत्तर. पूर्व. का कोह्नि एगार हर सिसौ पूर्व. सिं
गियाहि नदि मरनेका पछिम. पट्टि दषिन सिंगियाहि नदी. मरने सौं उत्तर. मौजे लौतनाका दक्षिण पारि सिमाना पोषरका उत्तर वारि आट तक. अ
र्दर सरि १२।१ तुल रसरी ६।४ ताके विगहा ७४।।४ पूर्वका कोह्नि सिगियाहि नदी मरनैका. पछिम. जीमडका रूष सौं पूर्व. सौ पछिम कटहरका रूष तक्.
अर्दर सरि २। तुल रसरि ३।६ ताके विगहा ६।।२ मध्ये दक्षिन भेडियाहि गाउ. सौ पछिम. मरने सिगियाहि नदीका किनारा किनारा. घर मोर तक रसि वि
गहा ६।।२ मिह्ला गाइका डगर ७.१ वांकि विगहा ६।।१ सव जमा अवादी वैरानी विगहा तीन सय ३०० को इस्तक सम्वत १८६६ साल वैसाष वदि १ रो
ज देषि गादिममा रष गोड्धुवा चुमावन गोदान एति कलम वाहिक राषि अरू माल सायेर जलकर वनकर. त्रिआहदा निसगौढा सिगार हाट् डंडकु
ड मर्‍यो अपुताली मै आमिलान दस्तुर वेठ वेगार स्मेत माफ् गरि सर्व अंक मारी मेटी विर्ता वितलप गरि वक्स्याको मोहर ताम्वापत्र गरि व
क्स्यौं आफ्ना षातिर जामासित संधियार्ले चार किला छुट्याई दिंदा वमोजिमको जमीन आवाद गुल्जार गराई पैदावार भयाको लीहामा ज
य मनाई विर्ता वितलप जानी संतान दर संतान पर्यन्त परम सुख भोग्य गर. यो विर्ता संकल्प हुंदा संकल्प वाक्य पन्ह्र्या प्रोहित यदुनाथ पंडीत
अर्ज्याल. पानि हालन्या श्री जनरल भीमसेन थापा. सांध लाउन्या संधियार. जिल्लै वाराका सुव्वा जायफर अधिकारि. फौजदार अजप् थापा. पेस्कार भ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वानिदत्त दास. रामधन दास. मुन्सीफ् छविलाल पाध्या नौसिदा उग्र नारांदास. कठैत रतिखवास. चौधरि चकले दास. केसर्रसि वस्न्यात भवानि
दत्तदास. कानुगोयेका मोहोरी र महेस दत्त दास. जैवार गोसाई भीमगिरि. विर्तवार मौजे वहुअरि. रघुनाथ उपाध्या गुमास्तै महाल प्रौहि
ती फेरूदास मोकदम मौजे मुदलिहरी चौधरि. जिमिदार प्रगन्ना चेखत्त. मगनि राम-दास. पटवारी मौजे गमरिया. प्रगन्नामति जौन. विर्त
वारले किलाभन्दा अर्घ्यालो नचापनु. विना तकसिर जवद नगर्नु. जो यस वंदेजमा रहोइन सो यस श्लोकमा भन्याको पातकि होला. स्वदत्तां पर
दत्तांम्वा यो हरे द्वै वसुन्धराम्. षष्टि वर्ष सहश्राणी विष्टायां जायते क्रिमिः इति सम्वत १८८८ साल मिति आषाद सुदि ४ रोज ४ शुभ्म्— —

विषयः— श्री ५ राजेन्द्र विक्रम शाहबाट शंखनारायण तेवारीलाई खेत विर्ता गरिबक्सेको ।

लगत सं. ८ मितिः— १८८८ वैशाख ६

श्री दुर्गाज्यू

श्री ५ वाज्याज्यू	श्री ५ वुवाज्यू	श्री ५ वज्याज्यू
१	२	३

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि विविध विरूदावलि विराज-मान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम साह वहादूर सम्सेर जङ्ग देवानां सदा समर विजयिनाम्— —
आगे संष नारायन तेवारि वंसिधर के संवत १८६३ साल मिति जेष्ट वदि ४ रोज ३ का दिन —१— का सुद्ध सांतिमा —२—
वा वाहुलिवाट संकल्प भयाका षेत मध्ये वंसिधरकै षेत मुरि।३० औ सम्वत १८७८ साल मिति कार्तिक सुदि १५ रोज ६ का
दिन सर्व व्रतोड्यापन सांग्यमा —३— का वाहुलिवाट संकल्प भयाका षेत मध्ये षेत मुरि ।२० औ सम्वत १८८० साल मिति मा
घ सुदि ५ रोज ५ का दिन हाम्रा उपनयनमा वाहुलिवाट संकल्प भयाका षेत मध्ये षेत मुरि ।१५ इ दुवै संकलपका संष नारायेन तेवारि के

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

षेत मुरि ।३५ ज्मा षेतमुरि ।६५ तस्को सरह वमोजिमको घडचारि समेत विर्तागरि वक्स्याको मोहर तामापत्र गरि वक्स्यौं देउपाटनका अ
म्वल मध्ये षादु पाषो मुरि ।५।१० तस्को सांध पूर्व व्राह्मणका विर्ताको आलि साध लुह्किल. दक्षिन पश्चिम उत्तर रैकर षेतको आलि साध
लुह्किल. औघ सिगेल षेत मुरि ।११ तस्को सांध पूर्व दक्षिन पश्चिम उत्तर रैकर षेतको आलि सांध लुह्किल. औ मागा.
चो षेत मुरि ।८।१० तस्को सांध. पूर्व व्राह्मणका विर्ता षेत को आलिसाल लुह्किल. दक्षिन सानो वाटो सांध लुह्किल. प
श्चिम. उत्तर. रैकर षेतको आलि सांध लुह्किल. औ ह्वांडिगाउंका अम्वल मध्ये कपंटार षेत मुरि ।२१ तस्को सांध. पु
र्व वौधका गुठिषेतको आलि र सुनाषेत रैकर षेतको आलि सांध लुहुकिल. दक्षिण प्रजाका सुनाषेतको आलि सांध लु
हुकिल. पश्चिम रैकर षेतको आलि सांध लुहुकिल. उत्तर हरदत्त झा का विर्ता षेतको आली सांध लुह्किल. औ काठमाडौका
अम्वल विकुहिटि वाझो मुरि ।१६ तस्को सांध. पूर्व रैकर पाषाको आली सांध लुहुकिल दक्षिण उत्तर प्रजाका सुना पाषाको सांध
लुहुकिल. पश्चिम मूलवाटो सांध लुहुकिल. औ देवपातनका अम्वल मध्ये. धसि वांझो टार मुरि ।३ ज्मा वांझो मुरि ।१९ को पानि
षेतको साटो पाषो दिंदा २५ रोपनिको २८ रोपनिका दरले मुरि ।२।५।५ घडचारि मुरि १३ दुति नै ज्मा मुरि ।१८।५।५ त
स्को सांध. पुर्व पाटिका गुठि सांध लुह्किल. दक्षिण. पद्म निधि पांडेका विर्ता षेतको आलि सांध लुहुकिल. पश्चिम उत्तर
रैकर षेत र. रैकर पाषाका सांध लुह्किल. यति सवै सिमाना भित्र ज्मा षेत पाषो. वांझो मुरि ।८०।५।५ विर्ता जानी सं
तान दर संतान पर्यंत परम सुष भोग्य गर. यो विर्ता संकल्प हुंदा संकल्प वाक्य पढ्न्या पुरोहित यदुनाथ पंदित.
रघुनाथ पडित अर्ज्याल. पानि हालन्या. श्री जनरल भिमसेन थापा. काजि दलभंजन पाँडे सांध लाउन्या संधिया
र. थरघर. गणपतिपंथ. हरिवंश वोहोरा. स्यामलाल अर्ज्याल. देउपाटनका अमालि वाट आयाको संषवीर.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिव नेवार. काठमाण्डौंका मोहि नाइक्या भागिसिं. जसराम. पुनसिधि. देउपाटनका मोहि नाइक्या नंद व्राह्म
ण टोलको डंगोल अमिर्तासि. स्यावजि. तलाछिटोल. को डंगोल पुनसिरि. मजाक देवलको डंगोल नेर्कुसि. षादुका
मोहि ज्यूर्नासि लामा. धसिका मोहि. नारान षत्रि. धसिका विश्वनाथ पाध्या चालिस्या. प्राण नाथ सापकोटा. वंसपु
रि. काठमाडौंका तेजनारायण जैसि. लक्ष्मी नारान नेवार. रतन नेवार. भीमनारायन नेवार. सिंघ छिपा. हाडिगाउं
का जय मंगल फुयाल. भैमालका पुरंधर ढकाल. कपनका धनविर मिझार. फौदसिं षत्रि. कर्मराम मिझा
र. मथसिं पुरानु मोहि. विर्तवारले किलाभन्दा अर्घ्यालो नचापनु. विना तकसिर जवद नगर्नु. जो यस
वंदेजमा रहोइन सो यस श्लोकमा भन्याको पातकि होला. स्वदत्तां परदत्तां म्वा यो हरे द्वै वसुन्धराम्. षष्टी वर्ष
सहश्राणी बिष्टायां जायते क्रिमि इति सम्वत १८८८ साल मिति प्रथम वैसाष वदि ६ रोज १ शुभम्— —

विषयः— श्री ५ राजेन्द्र विक्रम शाहबाट कप्तान जङ्गवीर पाँडेलाई विर्ता बक्सेको ।

लगत सं. ९

मितिः— १८८९ भाद्रवदि १

श्री दुर्गाज्यू

श्री वुवाज्यू १ | श्री वालाज्यू २ | श्री देगुतलेजु ३

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम साह वहादुर सम्सेर जङ्ग देवानां सदा समर विजयिनाम्— —

आगे. कप्तान जंङ्गविर पाँडेके सम्वत १८८९ साल बैसाष वदि ६ रोज ७ का दिन वक्स्याको सहर काठमाडौका अम्वल म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ध्ये. अघि नर्सिंले चर्च्याको तेस्को सर्वस्व हुंदा –१– वाट तंलाई माना चावल छरि गरि वक्स्याको –२– लषुपातलस
सिको षेत रोपनि ६९।।. पाषो वारि रोपनि ३९ ज्मा षेत पाषो रोपनि १०८।।. तस्को सांध पूर्व रैकर षेतको आलि र. प्र
जाको सुनाषेतको आलि –३– का गुठि षेतको आलि सांध लुहुकिल. दक्षिण. वाटो रैकर षेतको आलि. चन्द्र प्रभा कज्या
निका विर्ताका आलि सांध लुहुकिल. पश्चिम उपल्लो मूल वाटो सांध लुहुकिल. उत्तर रैकर ठाडो षोल्सी फुलवारि सितको
साध लुहुकिल. औ पश्चिम घरको नाप चौर्तफि घर षा ११।।२।७ चोक षा २।१।५।१२ गोठ घर षा ४।०।३।१ एति सवै सिमाना
भित्र. घर. गोठ. षेत. पाषामा. गौचर. मूल वाटो र. गादिममा रष. वाहेक राषि अरू रकम. कलम्. मारि मेटी सर्वकर अक
र सर्वाक माफ विर्ता वितलप गरि वक्स्याको मोहर ताम्वापत्र गरिवक्स्यौं. आपना षाती ज्र्मा सित सन्तान दर संन्तान पर्यन्त
परम सुष भोग्य गर. यो विर्ता सांध लाउन्या संधियार थरघर. वंसराज. पंथ. देविधर अर्ज्याल. दलसुर वोहोरा. मर्दन्
सिं राना. किलागल टोलको डंगोल धन देउं. व्राह्मण टोलको डंगोल हेमन्तसिं. वलाछि टोलको डंगोल विरभद्र
सिं. छेभडेलका मानिस भन्नारान् प्रधान. महिन्द्रसिं जैसि. किष्नारां. कर्मिनायक सिद्धिनारान्. तेजवंतसिं. जनपर्लसिं
घमदेउं. हरि नरसिं. कर्मि लनपति. मोहि नाइक्या जसराम. ज्मादार दलवीर घर्ति. राम कृश्न पाध्या अर्ज्याल. रूपना
रान षतृ. अैमान कार्कि वलवीर थापा. भोटु थापा. लछिमन षड्का. मोति राज वोकटी. सुरविर राउंत. फुल
वारिको नाइक्या टुइदेउ विर्तवार त्रितलप्पाले किला भन्दा अर्घ्यालो नचाप्नु विना तकसीर जवद नगर्नु जो ये
स वंदेजमा रहोइन सो यस श्लोकमा भन्याको पातकि होला. स्वदत्तां परदत्तां वा यो हरे द्वै वसुंधराम्. षष्टी वर्ष स
हश्राणि विष्टायां जायते क्रिमि. इति सम्वत १८८९ साल मिति भाद्रवदि १ रोज १ शुभम्– –

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयः– श्री ५ राजेन्द्र विक्रम शाहबाट भुन्ती धाईलाई खेत विर्ता दिई-बक्सेको ।

लगत सं. १० मितिः– १८९१ पौष १४

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम शाह वहादूर सम्सेर जङ्ग देवानां सदा समर विजयिनाम्– –

आगे भुंटि धाइके सम्वत् १८९१ साल मिति पौष वदि ८ रोज ४ का दिन वक्स्याको. पाटनका अम्वल मध्ये पुलचो

क मनिको चोकोट पाखो षेत मुरि ।१३ तसको साध पूर्व पश्चिम उत्तर. प्रजाका सुना षेतको आलि साध लुहकिल

दक्षिण. सानु वाटाको साध लुहकिल दफे अैजन सानिपा कोट पाषो मुरि ।१० तस्को साध. पूर्व प्रजाको सुना पा

षो षेत साध लुहकिल. दक्षिण उत्तर प्रजाको सुना विर्ता र. रैकर साध लुहकिल पश्चिम. मुल वाटाको साध

लुहकिल. दफे अैजन पाषो षेत मुरि ।६ तस्को साध पूर्व मुल वाटाको साध लुहकिल. दक्षिण पश्चिम. रै

कर पाषो साध लुहकिल उत्तर प्रजाको सुना षेतको साध लुहकिल. दफे अैजन संषमुल दुकाजु षेत पाषो

मुरि ।२० तस्को साध पूर्व दक्षिण. प्रजाको सुना षेतको साध लुहकिल. पश्चिम. उत्तर. रैकर साध लुहकिल

दफे सुना गुठीका अम्वलमध्ये युटार पाषो षेत मुरि ।५१ तस्को साध पूर्व वाटो र रैकर षेतको साध लु

हकिल. दक्षिण रैकर साध लुहकिल. पश्चिम. रैकर. साध लुहकिल. उत्तर प्रजाको सुना पाषो र व्राह्म

णको विर्ता साव लुहकिल. यति सवै सिमाना भित्र षेत ११० विर्ता गरि वक्स्याको मोहर ताम्वापत्र

गरि वक्स्यौं आपना पातिर जामासंग विर्ता जानी संतान दर संतान परयंत परम सुष भोग्य गर. यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विर्ता साध लाउन्या संधियार. थर घर मोक्षदत्त अर्ज्याल. हरिवंस वोहोरा. काठमाण्डौका डगोल. व
लभद्र. विनरसिं श्री निवास पंडित. सेसरमण अधिकारी. भास्कर सुवेदी इंदिवर सुवेडि. पृथ्वि
धर नेपाल. गोविन्द षडका धनजित खडका अतिवल घर्ति लछिमन थापा रामचन्द्र थापा वृषजित
थापा. रणधिर थापा चन्द्र षडका लोहासुर थापा वाका षत्रि. माहाविर षडका. विरूव षेति. रामचन्द्र पं
डित. धनविर षत्रि रणविर कार्कि मुस्या विष्ट कालुपाध्या अधिकारि नरसिं कुमाल. कचिगल कु
माल रामकृष्ण अचार्ज विर्त वारले किला भन्दा अर्घ्यालो नचापनु विना तक्सीर जवड नगर्नु. जो
यस वंदेजमा रहोइन सो यस श्लोकमा भन्याको पातकि होला स्वदत्तां परदत्तांम्वा यो हरे द्वै व
सुन्धराम् षष्टिवर्ष सहश्राणि विष्टायां जायते क्रिमि इति सम्वत् १८९१ साल मिति पौष शुदि १४ रोज ३ शुभम्– –

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बनेपामा पाइएका पाँचवटा ताडपत्रका तमसूक

–ऐश्वर्यधर शर्मा

(१)

स्वस्ति ।। सम्वत् ८५५ फाल्गुणकृष्ण ।। एकादश्यान्तिथौ ।। श्री वर्णिकापुलिस्थाने* ।। ग्राहक वोस रंखा टोल गृहाद्धिवासि धर्म्मराम भारोकस्य नाम्ना सकासात्कै वास्तव्यं ।। धार्ण्णक स एव टोल स्वननि वास्तव्य भागिसिंहकस्य नाम्नेण शुक्रीयं ।। सुभुर्ण्णं माणिकं स्थानस्य पूर्व्वदिशे प्रदेसे ।। मुकुन्दसिंकस्य क्षेत्रेण कीलसिमायां पश्चिमत ।। शुठक्षेत्रेण उत्तरत ।। देविराम क्षेत्रेण कीलीकायां पूर्व्वत ।। मुक्तनकस्य क्षेत्रेण दक्षिणतश्च एतन्मध्य भखुदोल क्षेत्र नाम संग्यकं तस्य क्षेत्राङ्क एक रोपनिकं रोव १ ततः क्षेत्र पूर्व्व स्वसिमां परिभोग्यं यथा देश काल प्रवर्त्त मान स्तथा संचालार्घेण सुवर्ण्णा मूल्यमादाय क्रय विक्रय स्वाधीनेन क्रय विक्रीयतं भवति ।। अत्रार्थे दृष्टसाक्षि प्रमान भागिराम भारो, जय मोहं, शक्रनारायं, पाफान भारो, जगवालिंसं, जय शंर्क्तिस, ग्ववधर, मणिराम, लक्ष्मीधर, धनिधर, चर्क्रसि, हरिराज, कृष्णहरि, सुरतिंस गोपादेव, जयसिं दुवार प्रमान ह्म २५ क्वाठनायक ।। लिखितं आन्द हरि ।। शुभ ।।

(२)

स्वस्ति ।। संवत् ८८२ कार्त्तिकमास कृष्णपक्ष एकादश्यान्तिथौ श्री वनिकापुरिस्थाने☼ ग्राहक वोशलखा टोलधिवासि शिवराम भारोकस्य नाम्ना सकाशात्कै वास्तर्व्यं धार्ण्णक दछुटोल वास्तर्व्यं कमराम भारोकस्य नाम्नेण शुकीयं स्वभुर्ज्यं मानिकं स्थानस्य पश्चिमदिशे प्रदेशे कर्म्माचार्य . . . विकस्य क्षेत्रेण पश्चिमत ।। धार्ण्णकस्य कीलक्षेत्रेण देकीराम भारोकस्य क्षेत्रेण उत्त रत ।। नानध्र मनहालसिंकस्य क्षेत्रेण मर्म्मसिंहकस्य क्षेत्रेण पूर्व्वत ।। शुठ क्षेत्रेण, मनमोहोसिंकस्य क्षेत्रेण दक्षिणतश्च

---

* वर्णिकापुरी=बनेपा

☼ वनिकापुरी=बनेपा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एतन्मध्ये तेबु क्षेत्र नामसंज्ञकं तस्य क्षेत्राङ्क चतुर्थ रोपनिकं वो ४ दक्षि धाक सहितं तत् क्षेत्र पूर्व्व . . . . परिभोग्यं जथा देशकाल प्रवर्त्तमान तथा संचाराघ्र्येन सुवर्ण्ण-मूल्यमादायं क्रय विक्री स्वाधिनेन क्रयन विक्रयन्तं भवती ।। जज्यश्यां देवीकराजिकस्य त्यादि अत्रार्थे दृष्टसाक्षि प्रमान मस्तराम, संखदेव, तेकाराम, वंशिकृष्णसिं, जय संखरवाबु, जयसिंहबाबु मस्तराम, – – – मनहरि हरि भद्र, जयनारायं, अमलिंस, जयराम उग्रसिं, धरनिध्र, अमरसिं, अमलिंस, दरियासिं, रच्छेमन राम. . . प्रमान ह्म २४ देश क्वाठनायक दैवज्ञ गरुडराज ।। शुभ ।।

(३)

स्वस्ति श्री श्री जय जितामित्र मल्लदेव प्रभु ठाकुरसन प्रसादारपा गृहमण्डरेस्मिन् भक्षेरामकस्य गृहेण पश्चिमतः मार्ग्गेण उत्तरतः ग्रहाकस्य गृहेण पूर्व्वतः दक्षिणतश्च, एतन्मध्ये कोपुरछे वाखा ×भुय केवा ह्राकुसिहकस्य भुमेन पश्चिमतः शिवरामकस्य भुमेण उत्तरतः · · · ·सस्य भुमेन पूर्व्वतः · · · ·स्य भुमेन दक्षिणतश्च एतन्मध्ये · · · ·प्र मध्ये थाछु तुछे वाखा×भु गुकु ९ तत गृह मार्ग्ग धारा पूर्व्वं सो सिमा परिभोगं तत यथा देश काल प्रवर्त्तमान स्तथा संचारार्घेण सुवर्ण्णपुष्पमारार्घ प्रढौकितमादाय क्रय विक्रय स्वाधिनेन क्रयेन विक्रीयतं भवति ।। श्री वेनकापुरीस्थाने★ कोथुर गृहाधि-वासि भिमसिं मभिकस्य नाम्ने प्रसादिकृतं, अत्रार्थे साक्षि पूर्ण्णसिंह अमरसिंह लिखिति कायस्त दातेकस्य पुत्र · · · ·(संवत् ८) ७८. . . .

(४)

शुभ ।। प्रजापति, पुर्नसिङ्ङ देव, मोहन, तुर्ण्णिराम भारो, पेह्म फुकीज थेथे मानाति जुस्यं, किज, तुरि· · · ·भारोयातं पदियेलप्तंपिया भाखा थ्वते ग्यालपु वद्धि, पूर्व्वतः घनेश्वर पु पप्ति· · ·लखा· · ·पप्ति, पूर्व्वक्ष फुचो तया· · ·वायुव्यकोन ।। थ्वते ।। शिराम भारोया क्रय विक्रय दि जुरो ।। लुं ओहो त· · · ·कंसात्मा पुत· · ·सि पु · · ·दुधन पिधन अष्टलोह· · ·ज्यतं थ्व स्यं घीर· · ·वदिपा यु ।। · · ·मदु ।। लिक्षित दैवज्ञ, नन्दिराज ।। संम्वत् ८३० आषाढ वद्धि १० शुभं ।।

(५)

स्वस्ति ।। सम्वत् ८५८ श्रावणकृष्ण ।। चतुथ्यान्तिथौ ।। श्रीवर्ण्णिकापुलिस्थाने ग्राहक प्रजापति पन्दप कस्य नाम्ना सकासात्कै वास्तव्यं ।। धार्ण्णकस्य, साल टोल वास्तव्यं, मानधर रामचंद्रकस्य शुक्रीयं ।। गृहे मण्डरेस्मि स्थानस्य, उत्तर दिशे प्रदेशे मल्लभूमेन पच्छिमत ।। धाराभूमेण उत्तरत ।। मार्ग्गेन पूर्वतः ।। कृष्णकस्य गृहेण

★ वेनकापुरी=बनेपा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दक्षिणतश्च, एतन्मध्ये, [स्ताशूल ?] नाम संग्यकं, वं खे खाङ कु १०×काठ कु छ अं ८ पूर्व खे खाङ कु ९ काठ कु १२ उर्त्त, रिवि. वंकु १०×यंकु ३×पूर्व्व लिरि, वंकु ८×थ्या ।। यंकु १२×लान च्छने माल ।। ततः गृहे मार्गधारा पूर्व्व सिमां परिभोग्यं, यथा देशकाल पवर्त्तमान, स्तथा संचालार्घेण सुवर्ण्णा मूर्ल्यमादाय क्रय विक्रय स्वाधीनेन क्रयन विक्रयनं भवति ।। अत्रार्थे दृष्ट साक्षी, प्रमान भागिराम भारो [नरे] श्वर भारो, जय मोहं भारो, माधवराम, लक्ष्मीनारायं जय शंक्र वाबु, मणिराम, चक्रसिं, गोपारदेव, वंसिधर, पद्मसिं, छत्रसिं, वखतसिं, तेकंसिं चन्द्रशेषर, जयनारायं, सिख-राम, प्रमान, ह्म २५ देश क्वाठनायक ।। लिखितं आन्दहरि ।। शुभं ।।

पाँच तमसूकका मजबून:–

(१)

यो ने. सं. ८५५ को तमसूक हो। यसमा खेतको बेच-विखनको कुरा परेको छ। यहाँ उल्लेख भए अनुसार बनेपाको वोसलंखा टोल वस्ने धर्मराम भारो ग्राहकको रूपमा रहेको छ। खेत बेच्ने सोही टोल वस्ने भार्गिसिह हो। मुकुन्दसिंहको खेतदेखि पश्चिम, शुठ खेतदेखि उत्तर, देवीरामको खेतदेखि पूर्व, मुक्तनको खेतदेखि दक्षिणपट्टि यस चार किल्लाभित्रको झखुदोल नाउँको १ रोपनी खेत त्यस वेलाको चलन चल्ती अनुसार बेच-विखन गरिएको कुरा यसमा परेको छ। यसमा दृष्ट साक्षीहरूका नाउँ यस प्रकार छन्–

भागीराम भारो	धनिधर
जय मोहन	चक्रसिह
शक्रनारायण	हरिराज
पाफान भारो	कृष्णहरि
जगवाल सिंह	सुरतसिह
जयशंकर सिंह	गोपालदेव
ग्ववधर	जयसिंह दुवाल
मणिराम	
जक्ष्मीधर	

यसका साथै प्रमान २५ र क्वाठनायक पनि दृष्टसाक्षी छन्। तमसूक लेख्ने आनन्द हरि हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(२)

यो ने. सं. ८८२ को तमसूक खेतको बेच-विखनका लागि गरिएको हो। वनेपाको वोसलखा टोलमा वस्ने शिवराम भारोलाई दछु टोल बस्ने धनी कम भारोले कर्माचार्य · · ·को खेतदेखि पश्चिम, खेत धनीको खेतको किल्लाको र देवीराम भारोको खेत-देखि उत्तर, मनहल सिंह र मर्मसिंहको खेतदेखि दक्षिणपट्टि रहेको ४ रोपनी खेत त्यस समयको चलन-चल्ती अनुसार बेच-विखनका लागि गरिएको कुरा बेहोराबाट अवगत हुन्छ।

यस तमसूकमा दृष्टसाक्षीहरूका नाउँ यस प्रकार छन्–

प्रमान मस्तराम	हरिभद्र
शंखदेव	जयनारायण
टीकाराम	अमलसिंह
वंशीकृष्णसिंह	जयराम
जयशंखर वाबु	उग्रसिंह
जयसिंह वाबु	धरणीधर
मस्तराम· · · ·	अमरसिंह
मनहरि	दरियासिंह
	लक्ष्मणराम

यसका साथैं प्रमान २४ जना र देशक्वाठनायक पनि हुन्। तमसूक लेख्ने दैवज्ञ गरुडराज हो।

(३)

यो ने. सं. (८)७८ को ताडपत्रको तमसूक भक्तपुरका राजा जितामित्र मल्लले बनेपाको थुर घर बस्ने भीमसिंह मझिकलाई गरेको हो।

यसको बेहोरा अनुसार भक्ष्यरामको घरदेखि पश्चिम, वाटोदेखि उत्तर, ग्राहकको घरदेखि पूर्व र दक्षिणपट्टि यो चार किल्ला भित्रको तुछें नाउँको आधा हिस्सा घर र ९ हात गृहमार्ग त्यस वेलाको चलन-चल्ती अनुसार बेच-विखन भएको भन्ने बुझिन्छ।

यस तमसूकका दृष्टसाक्षी पूर्णसिंह र अमरसिंह हुन्। तमसूक लेख्ने चाहिं कायस्थका छोरा (?) हो।

(४)

यो ने. सं. ८३० को ताडपत्रको तमसूक प्रजापति, पूर्णसिंहदेव, मोहन, तूर्णीराम भारोहरूको दाजु भाइवीच चल-अचल सम्पत्ति विषयक विवाद उठ्दा भएको अनुमान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्न सकिन्छ । तमसूक लेख्ने व्यक्ति दैवज्ञ नन्दिराज हो ।

(५)

यो ने. सं. ८५८ को ताडपत्र तमसूक घर बेच-विखनको हो । बनेपाको ग्राहक प्रजापति पन्दप· · ·ले घर धनी सालटोल बस्ने मानचन्द्र मानन्धरलाई आफ्नो थलो-देखि उत्तर, मल्लभूमिदेखि पश्चिम, धाराभूमिदेखि उत्तर, बाटोदेखि पूर्व, कृष्णको घरदेखि दक्षिण चार किल्ला भित्रको (स्ताशूल ?) नाउँको घर घडेरी त्यस बेलाको चलन चल्ती अनुसार आफ्नो घर-घडेरी बेच-विखन भएको कुरा यसबाट ज्ञात हुन्छ । यसमा दृष्ट साक्षीहरूका नाउँ निम्न प्रकार छन्–

प्रमान भागीराम	पद्मसिंह
[नरे]श्वर भारो	छत्रसिंह
जयमोहन भारो	वखतसिंह
माधवराम	तेकर्नसिंह
लक्ष्मीनारायण	चन्द्रशेखर
जय शंखर बाबु	जयनारायण
मणिराम	सिखराम
चक्रसिंह	
गोपालदेव	
वंशीधर	

साथै प्रमान २५ र देशक्वाठनायक पनि दृष्टसाक्षी छन् । तमसूकका लेखक आनन्दहरि हो ।

['पुरालेख–प्रस्तुति' नामक मेरो अप्रकाशित रचनाबाट]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

षोडश संस्कार

–हरिनाथ गौतम

संस्कार भनेको वीज गर्भ समुद्भव पापनाश गरी मङ्गलमय कार्य गराई सर्वाभ्युदय प्राप्त गराउनें सत्कर्म प्रवेशक शुभ कर्म हो ।

यो संस्कार धर्मशास्त्र पारस्कर गृह्यसूत्र मनुस्मृति याज्ञवल्क्य स्मृति आदि शास्त्रानुसार २ प्रकारको हुन्छ ।

प्रथम वीज गर्भबाट उत्पन्न हुनें पापनाशक कर्म हो । जस्तै जात कर्मादि कर्म द्वितीय कर्मान्तरको अधिकार प्राप्त गराउने, उपनयन वेदाध्ययनादि शुभ कर्म हुन् ।

उपर्युक्त संस्कारमा गर्भाधानादि संस्कार ब्राह्म संस्कार १ र पाकयज्ञ हवि यज्ञादि संस्कार देव हुन् भनी वताएको छ ।

ब्राह्मण क्षत्रीय वैश्य ३ जातमा वेदोक्त विधानले समन्त्रक र शूद्रहरूको निमित्त मन्त्ररहित संस्कार हुन्छन् ।

यसमा जुन ब्राह्म संस्कारले कुनै मर्हषिहरूले ४८ कसैले ४० कसैले २५ कसैले १६ प्रकार वताएका छन्, यस्मा पनि मुख्य प्रधान १० हुन् भनी दशकर्म पद्धति आदि ग्रन्थमा पाइन्छ ।

परन्तु पारस्करादि मर्हषिहरूले व्याख्या गरेका र अरू मर्हषिहरूवाट समेत प्रसिद्धि प्राप्त गरेका प्रचलित संस्कारहरू १६ हुन् भनी संस्कार भाष्य पारस्कर गृह्य सूत्र मनुस्मृति आदि धर्मशास्त्र ग्रन्थहरूमा वताएको छ ।

जस्तै

गर्भाधान मतञ्च पुंसवनकं सीमन्तंजाताभिधे । नामाख्यं सह निस्कमेण च तथा चान्नाशनं कर्म च । चूडाख्यं व्रतवन्धकोऽप्यथ चतुर्वेद व्रतानां पुर । केशान्तः सविसर्गकः परिणयः स्यात् षोडशी कर्मणाम् ।।१।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थ

१. गर्भाधान कर्म २. पुंसवन कर्म ३. सीमन्तोनयन कर्म ४. जात कर्म ५. नाम कर्म ६. निस्क्रमण कर्म ७. अन्नप्राशन कर्म ८. चूडा कर्म ९. व्रतवन्ध कर्म (उपनयन) १०. वेदारम्भ (ऋग्वेद, यजुर्वेद, सामवेद अथर्व वेद) समेत ४ वेदको अध्ययन कर्म गरी जम्मा १३, १४. समावर्तन कर्म १५. केशान्त कर्म १६. विवाह् कर्म, इत्यादि प्रधान १६ संस्कार हुन् ।

गर्भाधान कर्मः–

यसमा गर्भाधान कसरी कुन समयमा गरिन्छ, भने नारीले रजस्वला भएपछि, ३ दिनसम्म अलङ्कारादि नगरी, सके १ छाक रात्रीमा भोजन गर्ने । चारौं दिनमा सवेरै सूर्योदय नहुँदै सचैल (सवस्त्र) स्नान गरी पतिको मुख हेर्ने, अनि शुद्ध हुन्छिन् । पाँचौं दिनमा पतिले तेल घसेर, सर्वोषधि सहित कलशको जलले श्रीमतीलाई अभिषेक दिने र शुद्ध भएर गणेश पूजा, मातृका पूजा, नान्दी श्राद्ध, पुराण वाचन गरी रजस्वला भएको विषम दिन ५ र ७ दिन छाडी सम दिनमा, जस मध्ये छैठौं दिन छाडी आठौं रात्रीदेखि सोह्रौं रात्री भित्रमा, अर्थात् ८।१०।१२।१४।१६ दिनका मघा रेवती ज्येष्ठा नक्षत्र नपरेको रात्रीमा सुन्दरी–अलङ्कारगरेकी, स्वस्थ, अनुरागिणी पत्नीमा शुभलग्न पारेर, द्विगुण अनुरागभएर, मन्त्र पढेर, सफा बिछ्याउनामा शयन गरी, स्वच्छ मन गरी आनन्दपूर्वक संभोग गरिने कर्म पहिलो संस्कार हो भनी धर्मशास्त्रमा वताएको छ ।

पुँसवनकर्मः–

द्वितीय संस्कार पुंसवननामक संस्कार हो । यो संस्कार श्रीमतीले गर्भधारणा गरेको तीन महिनामा पुरुष नक्षत्र, चन्द्र तारा अनुकूल भएको शुभ बार शुभ दिनमा पति र पत्नीले स्नानगरी, शुद्ध वस्त्र धारण गरी, गणेश पूजा, मातृका पूजा, नान्दी श्राद्ध, पुण्याहवाचन गर्नुपर्छ र वरको वृक्षको हांगाबाट तल झरेको लहरा, सो नपाएमा कुशको जरामा पानी राखेर, पिनेर रसलाई कपडा छान गरी, त्यो जल पतिले पत्नीको दाहिने नाकमा पराक्रमशाली पुत्र पैदा गर भनी ॐ हिरण्य गर्भ भन्ने मंत्र पढेर पेटमा समेत सेचन गर्ने गर्भ संस्कार कर्म हो ।

सीमन्तोनयनः–

तेस्रो सीमन्तोनयन कर्म पत्नीले गर्भ धारणा गरेको ६ वा ८ महिना भएपछि, चन्द्र तारा नक्षत्र अनुकूल भएको शुभ दिनमा, गणेश पूजा, मातृका पूजा, नान्दी श्राद्ध आदि शुभ कर्म गरी, गोर नामको अग्निमा दश कर्म पद्धति पारस्कर गृह्यसूत्रानुसार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्भवती श्रीमतीलाई साथमा लिएर होम गर्दा पतिले यी पत्नीको गर्भवाट पराक्रमशाली पुत्र पैदा होस्, गर्भगत बालकलाई भूत–राक्षसगणहरूको कुनै वाधा नहोस्, वीज गर्भवाट उत्पन्न पाप नाश भएर बुद्धिजीवी, निरोगी, चिरञ्जीवी पुत्र पैदा गरून्, भन्ने कामना गरी १०८ होम गर्नु पर्दछ र पतिको वायाँतर्फ भद्रासनमा पत्नीलाई राखी कपालको सीउँदोमा कुशको पवित्रले २ भाग गरी फलामको किलोले निधारतर्फको कपाल २ भाग गरी, शीरतर्फ तह लगाई पराक्रमशाली पुत्र पैदा गर्ने होउ भन्ने र कपालको चूल्ठोमा डुम्रीको फल, दूवो, रातो अक्षता, राखेर पोटलिमा वाँध्ने र चूल्ठो विषयको संगीत गाउनेहरूलाई बोलाई आशीर्वाद सूचक वीर पुरुषहरूको र राम, कृष्ण, युधिष्ठिर र अर्जुन आदिको नाम, त्यस्तै गङ्गा, जमुना, सरस्वती आदिको नाम समेत गर्भिणोले सुन्ने गरी सुनाउन लगाई होमगर्ने। ब्राह्मण, सुवासिनी कन्यालाई दक्षिणा दिनु र आयुष मन्त्रहरू पाठ गर्ने र आनन्दसाथ रहने यो तेस्रो सीमन्तोनयन कर्म हो।

जातकर्मः–

जातकर्म संस्कार चौथो संस्कार हो। गर्भवती पत्नीले पुत्र पैदा गरिन् भन्ने खवर सुनेपछि पिताले सचैल स्नान गर्नु र सबै मङ्गलोदय होस् भनी मङ्गल कामना गरी गणेश पूजा, मातृका पूजा, नान्दी श्राद्ध नवग्रहको पूजा गर्नु पर्दछ। विधिपूर्वक वरद नामको अग्नि संस्कार गरी १०८ होम गर्नु र वालकको दाहिने कान छोएर दीर्घायुको कामना गर्नु सर्स्युं ढूटो कनिकाले होम गर्नु सुवर्ण वा चांदीको पात्रमा मह र घ्यू राखेर चटाई खान दिनु वालकको बाबुले आमाको दाहिने स्तन पखालेर वालकलाई दुग्धपान गराउनु र दोस्रो पटक वायां स्तन पखालेर दुग्धपान गराउनु। कदाचित् वाल ग्रहादि दोष परेर दुग्धपान गरेन भने माछा मार्ने जालले वालकलाई छोपेर आमाले काखमा लिनु आरोग्यदायक दोष नाश गर्ने मन्त्र बाबुले पढेर शरीरमा छुनु, आरोग्य भै दूध खाने हुन्छ। त्यसपछि ८ अङ्गुल छोडेर सुवर्ण वा चाँदी वा तामो धातुमा राखेर नालच्छेदन गर्नु। इत्यादिधर्म जन्मना साथ गर्ने जातकर्म संस्कार हो।

(छैटी) नामकर्णः–

षष्ठी महोत्सव (छैटी) कर्म यो पाँचौं संस्कार वालक जन्मेको ६ दिनमा वालकलाई आरोग्य होस्, दीर्घायु होस्, उपद्रव शान्ति होस् भनी गरिने कर्म र सो दिनमा जन्मपत्र टिपन–चिनाको पूजा, वालकको ललाट (निधार) मा रात्रीमा भावीले उत्तरकालको सबै जीवनी लेखिदिन्छ भनी यो षष्ठी महोत्सव मनाइन्छ पूजा गरिन्छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपर्युक्त नाम उपर्युक्त कर्म गर्दा सन्ध्या समयमा, गणेश पूजा, मातृका पूजा, नान्दी श्राद्ध, पुण्याह वाचनादि सबै कर्म गरी, स्कन्द, प्रद्युम्न, षष्ठिका देवी षटकृतिको पूजा गरी पुष्पाञ्जली लिएर प्रार्थना गर्नु। हे महाषष्ठि पहिले ब्रह्मा, विष्णु, शिवले पूजा गरिएकी देवी मेरो छोरालाई दीर्घायु गराई निरोगी बुद्धिजीवी गराई दिनुहोस् भनी नाचगान गरी रात्रीमा दीपावली गर्ने, द्विदीहरूवाट वालकलाई षष्ठिका देवीको दर्शन गराउने, अनि अजापुत्र (वोका) लाई ल्याएर विधिपूर्वक पूजा गरी, मासको वाराको माला लगाई, मालपुवा खान दिने, सुत्केरी कोठाको ढोका नजिक वोकाको कान निमोठेर तार स्वर (उच्च स्वरले) कराउन लगाउने र वालकलाई सबै उपद्रव शान्ति होस् भनी अथर्व वेदोक्त रक्षा स्तोत्र पाठ गर्नु यसपछि आचारात् कुलाचार–देशाचार वालकको परीक्षार्थ आयु वृद्धि सबै विघ्न शान्तिको निमित्त राहु वेधन गर्नु अर्थात् धनुको र वाणको पूजा गरी, हरिद्रा–सुपारि, द्रव्य, सेतो सर्स्यूं आदि मङ्गलसूचक चीजहरू राखेर पोटलिका बाँधेर सुत्केरी वस्ने कोठाको ढोकामा झुण्डयाएर राख्ने र राहुको वेधनाङ्गभूत दक्षिणा संकल्पगरी ब्राह्मणहरू, सुवासिनी र कन्यालाई दिने, गरीवहरूलाई अन्न वस्त्र प्रदान गर्ने र गाईको घ्यू, सर्स्यूं, सिधे नून निम्वपत्र, मिलाएर सुत्केरी बसेको कोठामा वाल रक्षाको लागि धूप दिने भनी पारस्कर गृह्य सूत्रमा लेखेको छ। अतः सो धूप दिने चलन छ। यसपछि वाल रक्षाको लागि यवा रोपण गर्ने र यजमान सुवासिनी त्यहाँ भएका सबैलाई निराजनको बत्ती वालेर, आँखा सेकेर, प्रसाद ग्रहण गरी सबैले नवजात शिशु (वालक) लाई शुभ आशीर्वाद दिने भनी, बाबुले वालकको मुख हेरी, शीरमा हात राखेर, सुवास लिएर, आमाको हातमा दिनुपर्छ। मासको बाराको माला लगाएको बोको र हतियार काट्ने भाडो समेत सुत्केरी कोठाको ढोकामा राखिदिनु पर्दछ भनी पारस्कर गृह्यसूत्र संस्कार भाष्य कर्मकाण्ड प्रदीप आदि धर्मशास्त्रहरुमा लेखेको छ। नामकर्म छैठौं संस्कार हो।

धर्मशास्त्रानुसार ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र चारै वर्णको नामकर्म बालकको जन्म भएको एघारौं दिनमा गरिने प्रचलन छ।

उपर्युक्त कर्म गर्दा सबै वर्णको ११ दिनमा गरिन्छ। यसमा सर्वप्रथम ब्रह्मकूर्च (पञ्चगव्य) प्राशन गर्नु भन्ने शास्त्रले वताएको छ। यो पञ्चगव्यमा नीलो वर्णको गाईको मूत्र, कालो वर्णको गाईको गोवर, रातो वर्णको गाईको दूध, सेती गाईको दही, काली गाईको घिउ जम्मा गरी १ तोला मूत्र, आधा तोला गोवर, ७ तोला दूध, ३ तोला दही, १ तोला घिउ, सो नपाएमा कैली गाई, सो पनि सम्भव नभए एकै वर्णको गाईको दूध, दही, घिउ, मूत्र, गोवर मिलाएर दूवो, कुश, पानी राखेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैदिक मन्त्र र ब्रह्म गायत्रीले मन्त्रणा गरी वनाएको पञ्चगव्य तयार पार्नु पर्दछ। यो पञ्चगव्य नामकर्म गरिनेघरका सबै परिवारले विशेष गरेर यो सूतकान्तको दिन भएकाले बालकको बाबु आमाले 'यत्वगस्थिगतं पापं देहे तिष्ठति मामके ॥ प्राशनात्पञ्चगव्यस्य दहत्वग्निरिवेन्धनम्' ॥ १ ॥ यो मन्त्र पढेर प्राशन गर्ने (खाने)।

यसपछि मातृकापूजा, नान्दीश्राद्ध गरी कुश कण्डिका सहित पार्थिव नामको अग्निमा पञ्चगव्य बनेका मन्त्रले हवन गर्ने त्यसपछि नवजात शिशु (वालक) लाई तातो पानीले स्नान गराउने र नयाँ शुद्ध कपडा लगाएर, स्वस्ति वाचन पढेर बालकको पिताले बालकको दाहिने कानमा शास्त्रोक्त नाम ब्राह्मणको भए शर्मान्त, क्षत्रियको वर्मान्त, वैश्यको गुप्तान्त, शूद्रको दासान्त भएको नाम सुनाउनु र हवन गर्नु इत्यादि नामकर्म संस्कार हो।

निस्क्रमण:–

चारौं महिनामा निस्क्रमणसंस्कार गरिन्छ। यो कर्ममा विधिपूर्वक सूर्यको पूजा गर्दा चन्द्र तारा अनुकूल भएको शुभ दिनमा पूजा गरी, शुद्ध तताएको जलले वालक-लाई स्नान गराई, नयाँ कपडा लगाई, घरबाट वाहिर लगेर सम्भव भएसम्म बाबुले 'ॐ तच्चक्षु:' इन्यादि मन्त्र पढेर सूर्य दर्शन गराउनु पर्दछ। अनि सूर्यलाई विधिवत् अर्घ्य दिएर कार्य समाप्त गरिने निस्क्रमण संस्कार हो। निस्क्रमण कर्म अन्तर्गत भूमि उपवेश कर्म गरिन्छ, यो कर्म गर्दा गोबरले पोतेको सफा जमीनमा 'ॐ पृथिव्यै नमः' 'ॐ वराहाय नमः', 'ॐ कुल देवतायै नमः, भनी पूजा गरी भूमिको प्रार्थना गरेर मङ्गलमय वैदिक मन्त्रहरू पढेर बाबुले नवजात बालकलाई भूमि दर्शन गराई द्रव्यहरू राखी, सो द्रव्यहरू भएको ठाउँमा वालकको पाऊ टेकाउनु र यो बालक निरोगी, बुद्धिजीवी, चिरञ्जीवी होस् भनी 'चिरञ्जीव' भनी भूमिमा टेकाउने कर्म भूमि उपवेशन कर्म हो।

अन्नप्राशन:–

सातौं संस्कारकर्म अन्नप्राशन कर्म हो। यो संस्कार 'पारस्करगृह्य सूत्र' र अरू धर्मशास्त्रानुसार छोराको ६ वा ८ महिनामा र छोरीको ५ वा ७ महिनामा चन्द्र-तारा अनुकूल भएको शास्त्रोक्त शुभ दिनमा, अन्नप्राशन कर्म गराउनको निमित्त, शास्त्रोक्त कुश कण्डिका शुचि नामको अग्निको आवाहन पूजा विधिवत् गरी यो नाम राशि भएको बालकको, मलशुद्धि र ब्रह्मतेज अन्नादिबाट तुष्टि पुष्टि तेज-आयु परि वृद्धिको कामना गरी, वीज गर्भादिबाट उत्पन्न हुने सम्पूर्ण दोष शान्तिको लागि अन्न-प्राशन कर्म गरिन्छ। यसमा दीप कलश मातृकाको पूजा, नान्दीश्राद्ध पुण्याहवाचन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरेर प्रजापति, अग्नि, वायु, सोम, वाज, प्राण, अपान, चक्षु इत्यादि नामका देवताहरूलाई आज्याहुति (होम) गरी पूर्णपात्र दक्षिणा संकल्प समेत गरी सर्वारिष्ट शान्तिको गौदान गरिसकेपछि गुलियो, अमीलो, नुनिलो, पीरो, टर्रो (षट रस) इत्यादि सम्पूर्ण चिजहरू सहित सम्भव भएसम्म मार्सी धानको चामलको भात पायस सहित दही, दूध, तरकारीहरू सहित सबै वस्तु राखेर ॐ 'हन्त' भन्ने वैदिक मन्त्र पढेर वालकको पिताले नयाँ पोशाक, अलङ्कार, मङ्गलमय टीका, माला लगाएर वालकलाई आमाको काखमा राखेर मङ्गलमय वाद्य ध्वनिका साथ स्वस्ति वाचन पाठ गरेर अन्नप्राशन गराउनु । शास्त्रमा यो पनि उल्लेख भएको छ कि– 'वोली प्रष्ट होस्' भन्ने कामना भए भद्राई चराको मासु, प्रशस्त अन्न आर्जनको कामना भए भङ्गेराको मासु, चतुरो (चलाख) होस् भन्ने कामना भए माछाको मासु, आयुको कामना भए छेपाराको मासु, ब्रह्म तेजको कामना भए हुटिटचाउँको मासु, संपूर्ण फल कामना गरेमा उपर्युक्त सबै चीजहरू मिलाएर खुवाउने । सो कुनै पनि नपाएमा गहुँको पीठोको भद्राइ चराको टाउकोको केही भाग प्राशन गराउनु भन्ने पनि शास्त्रोक्त विधान छ । यो काम सकेर गुरु पुरोहित, ब्राह्मणहरूवाट अभिषेक प्रसाद लिनु पर्दछ । यो अन्नप्राशन (पास्नी) कर्म हो ।

चूडाकर्मः–

चूडाकर्म (८) आठौं संस्कार कर्म हो ।

धर्मशास्त्रमाः– चूडाकर्म द्विजातीनां सर्वेषामेव धर्मतः
प्रथमेद्वे तृतीये वा कर्तव्यं श्रुति चोदनात् ।

भन्ने वचन भएको र सहैव वा भन्ने समेत विकल्प वचन भएकोले १ वर्ष, ३ वर्ष, ५ वर्ष, ७ वर्ष उपनयनको साथ आठौं वर्षमा विधिवत् चूडाकर्म (छेवर) अर्थात् कपाल काट्ने काम गरिन्छ यही कर्मलाई चूडाकर्म भनी वेदले वताएको छ । यो कर्म उत्तरायणमा गुरु शुक्रको उदय भएको सौरमास, माघ महिनादेखि आषाढ महिना सम्ममा चन्द्र तारा नक्षत्र तिथि अनुकूल भएको शुभ वार गर्नु भन्ने शास्त्र सम्मत भएकोले ज्योतिष शास्त्रानुसार सो दिन ठीक गरी पूर्व दिनमा गणेश पूजा, मातृका पूजा, पुण्याहवाचन, नन्दी श्राद्ध, समेत गरी रात्रीमा जूटीका निमन्त्रण गर्ने, सो निमन्त्रणा गर्दा सेतो सर्स्यूँ, दही, राता अक्षता, गोरोचन, कुंकु, वेसार, जौ, चन्दन, गोवर कुशको टुक्रा राखी पहेंलो कपडामा पोटलिका बनाई क्रमशः कुमारको दायाँतर्फ केशमा, पश्चिमतर्फको केशमा, उत्तरतर्फको केशमा दुम्सीको ३ ठाउँमा सेतो भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कांडाले कपाल ३ भाग गरी ३ तर्फ बाँधेर बीचको माझ भागमा टुपी राख्न छुट्याएर पहेंलो कपडाले सबै छोपिदिनु पर्दछ ।

भोलिपल्ट चूडाकर्म गर्ने दिनमा लग्नको समयमा कुश कण्डिका होमको कांसको पात्रमा अग्नि लिएर– 'क्रव्यादाय नमः' भनी अग्निवेदिमा राखेर बाल्ने र कुमारको दायांतर्फ कुमारको आमाले स्नान गराएर अलङ्कार गरेको कुमारलाई काखमा लिएर, आनन्दले वस्ने र कुमारकै बाबुले ब्रह्माको वरण गरी हवन गर्ने उपकरणहरू तयार गरी होम गर्ने र चीसो तातो पानीले क्रमशः दक्षिणतर्फको केश भिजाउने र शुभ लग्नमा मङ्गलमय मन्त्रहरू स्वस्ति वाचन पढेर 'ॐ येना वपत्' इत्यादि मन्त्र पढ्दै सुन र चाँदिको छुरा, कैंचीले कुमारको बाबुले कपाल काटेर गाईको गोवरमा राख्ने। यसै गरी पश्चिमतर्फ र उत्तरतर्फको कपाल काटेर "घाउ नपारी काट" (अक्षुण्वन परिवप) भनी कपाल काट्ने हजामलाई दिने र पूर्णाहूति गरी काम समाप्त गरिने चूडाकर्म हो ।

कर्णवेध संस्कारः–

कान छेड्ने कर्म जन्मतः तृतीय वा पञ्चम वर्षमा चन्द्र तारा नक्षत्र अनुकूल भएको शुभ तिथि बारमा कुमारको पिताले 'भद्रङ्कर्णेभिः' भन्ने मन्त्र पढेर दाहिने कानमा अभिमन्त्रण (छुने) कर्म गरी वायां कान दोश्रो पटक अभिमन्त्रण गरी नापित (हजाम) लाई कान छेड्न दिने र कर्णवेध (कान छेड्ने काम) गरेपछि नाउलाई ज्याला दिनु । यो कर्णवेध संस्कार हो ।

उपनयन संस्कारः–

उपनयन कर्म व्रतवन्ध संस्कार नवौं कर्म हो । व्रतवन्ध गरेर विद्या पठनको लागि गुरुको समीपमा लैजान गरिने कर्मलाई उपनयन संस्कार कर्म भनिन्छ भनी पास्करादि महर्षिहरूले वताएका छन् । उपनयन कर्म धर्मशास्त्रानुसार ब्राह्मणको जन्मतः ८ वर्षमा, क्षत्रियको ११ वर्षमा, वैश्यको १२ वर्षमा गर्नुपर्ने मुख्य कर्म हो । अनुकल्पमा ब्राह्मणको १६ वर्ष भित्रमा, क्षत्रियको २२ वर्ष भित्रमा, वैश्यको २४ वर्ष भित्रमा गर्नु पर्दछ भन्ने उल्लेख छ । सो नगरेमा सर्व धर्म वहिस्कृत पतित हुन्छ, अर्थात् ब्राह्मणत्व, क्षत्रियत्व, वैश्यत्व गुण समावेश हुँदैन भनी स्मृतिहरूमा लेखिएको छ। यो उपनयन व्रतवन्ध कर्म पारस्कर गृह्यसूत्र, मनुस्मृति, आदि शास्त्रानुसार उत्तरायण गुरु शुक्रको उदयभै चन्द्र तारा वक्षत्र अनुकूल भएको शुभवारमा ब्रतवन्ध गर्ने कुमारको पिताले गणेश, दीप, कलश पूजा, मातृकापूजा, पुण्याहवाचन नान्दीश्राद्ध

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबै कार्य गरेर यज्ञवेदि (अग्निकुण्ड) को पश्चिमतर्फ कपाल मुण्डन स्नानगरी शुद्ध वस्त्र लगाएको कुमारलाई 'ॐ ब्रह्मचर्यं आगाम्' भनी सम्बोधन गरी कुमारले आगाम् भनी स्वीकृत गरेपछि उपनयन प्रयोग पद्धति अनुसार गुरुबाट मन्त्र पढाएर कण्ठप्रदेश (घाँटी) देखि गोली गाँठासम्म पुग्ने एकसरो पहेंलो कपडा मेखलाको रूपमा धारण गराइन्छ। कुमारको प्रवर संख्या अनुरूप ग्रन्थी भएको मुजको डोरीको कन्धनी, क्षत्रियको सनपाटको, वैश्यको निमित्त वावियाको डोरीको कन्धनी सहित सनपाटको कौपीन (लंगौटी) लगाई दिनु पर्दछ। कुमारलाई आचमन गराई शिखावन्धन गराउने र ८ वटा कांश्य (कांस) को कचौरामा चामल पूर्ण गरी ८ जोर जनै ८ जोर सुपारी, द्रव्य समेत राखी यज्ञोपवीताष्टक दानको संकल्प गरी ८ ब्राह्मणलाई कुमारद्वारा दिन लगाउने र कन्याले कातेको धागोवाट निर्मित एकसरो ३ डोरा जनै 'ॐ यज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत्सहजं पुरस्तात्॥ आयुष्यमग्र्यं प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं वलमस्तु तेजः॥१॥ 'ॐ यज्ञोपवीतमसि यज्ञस्यत्वा यज्ञोपवीतेनोपनह्यामि' यो मन्त्र पढाएर गुरुवाट कुमारको दाहिने हात उँचा गरी वायां काँधमा लगाइदिनु भन्ने उल्लेख भएकोले सोही अनुसार ब्रह्मसूत्र (जनै) गुरुबाट कुमारलाई लगाई दिइन्छ। त्यसपछि कृष्णसार मृगको मृगचर्म (छाला, सिङ, खुर रौं समेत भएको) भिर्न दिएर पलांशको लट्ठी कुमारको शिरदेखि जमीनसम्म छुने गरी दिइन्छ। कांधमा राख्ने–१, टेक्ने–१ गरी जम्मा २ र क्षत्रियांदिहरूको निमित्त वेल अथवा पैय्यौंको दण्ड (पारस्कर गृह्य सूत्रानुसार) दिएर अग्निको प्रदक्षिणा गरी यज्ञवेदीको उत्तरतर्फ पश्चिम फर्केको कुमारलाई गुरुले गायत्री मन्त्र ३ पाउ गरी सुनाउनु भनी याज्ञवल्क्य स्मृतिमा वताएको छ। सो अनुसार गुरुले गायत्री मन्त्रको उपदेश गर्नु पर्दछ।

यसरी विधिवत् गायत्री मन्त्र सुनाएर अग्निको प्रदक्षिणा गरी ५/५ पटक उठेर र वसेर पलाँशको समिधा हवन गरिसकेपछि भिक्षा प्रदान गर्ने काम हुन्छ। यो काम गर्दा कांश्य पात्र बाहेक अरू सम्भवतः सुवर्ण, चाँदी, तामाको भिक्षापात्र हातमा लिएर यज्ञवेदी प्रदक्षिणा गरी ब्राह्मण कुमार भए 'भवति भिक्षां देहि मात' क्षत्रिय कुमार भए 'भिक्षां भवति देहि मात' वैश्य कुमार भए 'भिक्षां देहि भवति मात' यस्तो मन्त्र पढेर सर्वप्रथम आमाको हातवाट र तत्पश्चात् अरूसंग भिक्षा माग्ने र ३ पटक यज्ञ प्रदक्षिणा गरी मागेको भिक्षा 'इयं भिक्षा मया लब्धा' भनी गायत्री मन्त्र सुनाउने गुरुलाई समर्पण गरी, गुरुको आज्ञाले भोजनार्थ आज्ञा पालना गर्नु भनी धर्मशास्त्रले वताएहो छ। यसै समयमा गुरुवाट वेदाध्यमन लागि उपाकर्म समेत गराई, ब्रह्मचारीको नियम गुरुकूलमा गएर गुरुको आज्ञा पालना गर्नु, खाटमा नसुत्नु, जमीनमा सुत्नु,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अग्निको सेवा गर्नु, अक्षार लवण नखानु, मधुमांस नखानु, वासी खाना नखानु, मिथ्या (झूटा) नवोल्नु, स्त्रीजनसंग सहवास नगर्नु, समिधा ल्याएर गुरुलाई टक्र्यावनु, नदीमा स्नान गर्दा अञ्जलीले जल उठाएर स्नान नगर्नु, ठूलो रूखमा नचढ्नु, गुरुले बोलाएको समयमा गएर पाउमा दर्शन गरेर पढाएको विद्या अध्ययन गर्नु इत्यादि ब्रह्मचारीको नियम पालना गर्नु भनी सबै ब्रह्मचर्याश्रमको नियम सुनाउनु। उपनयनको पूर्णाहुति गरी कार्य समाप्त गर्ने भन्ने उपनयन संस्कार कर्म हो।

वेदारम्भ कर्मः–

उपनयन भएर गुरु समीपमा वेद पढ्नको लागि गएको ब्रह्मचारी कुमारलाई आचार्य गुरुले शास्त्रोक्त विधिपूर्वक वेदि वनाएर ब्रह्माको वरण कुशकण्डिका गरी विधिवत् पूजा गरिएको अग्निमा वेदारम्भको पद्धति अनुसार आधार आज्य भागका देवता अन्तरिक्षादि देवता र ऋग्वेदमा बताएका पृथ्वी अग्नि देवता यजुर्वेदमा वताएका वायु अन्तरिक्ष, सामवेदमा वताएका शिव सूर्य, अथर्व वेदमा बताएका ब्रह्मा छन्दादि देवताहरूको होम गरी गणेश, सरस्वती, नारायण, लक्ष्मी वेदको पुस्तकको पूजा गरी पश्चिमाभिमुख गरी गुरुको अगाडि वसेको ब्रह्मचारी वटुलाई गुरुले सम्वोधन गरी 'अधीष्व भो अमुक शर्मन् पठः' भनी गुरुले आज्ञा गर्नु भएपछि क्रमशः ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्व वेद पढाएर पूर्णाहुति गरी ब्रह्मालाई पूर्णपात्र दक्षिणादि प्रसाद लगाउने। यी ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद ४ वेदाध्ययनका ४ संस्कार हुन्।

यी ४ संस्कार समेत गर्दा जम्मा १३ संस्कार भए।

समावर्तन कर्मः–

वेदं व्रतानि वा समाप्य स्नायात् भन्ने स्मृति भएकोले वेद –विद्याध्ययनको काम गुरु आज्ञावाट गरिसकेपछि कुमार विद्या स्नातक हुन्छ। व्रत समाप्त गरी स्नान गरेपछि व्रतस्नातक हुन्छ। विद्या व्रत दुबै काम समाप्त गरी स्नान गरेपछि विद्याव्रत स्नातक हुन्छ। पारस्कर गृह्य सूत्रानुसार राजपुत्र नामको अग्निको आवाहन प्रतिष्ठा ध्यानगरी कुशकण्डिका सहित ब्रह्माको वरण गरेर ऋग्वेदोक्त पृथिवी, अग्नि, देवता र यजुर्वेदका अन्तरिक्ष वायु प्रजापति ऋषि श्रद्धा मेधा आदि देवताहरूलाई, त्यस्तै सामवेदका सूर्य दिवा आदि देवता, अथर्ववेदका दिग्भ्यः चन्द्रमसेभ्य आदि देवताहरूलाई होमगरी अष्टकलशको जलले सहस्रधारा भएको तामाको चाल्नुमा जल राखेर सहस्रधारा जलले स्नान गरी नयाँ यज्ञोपवीत (जनै) लगाई मन्त्रपूर्वक धोती लगाएर पितृहरूलाई तर्पण गरी कालो तील, दही प्राशन गरी टोपी, वस्त्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(नयाँ लुगा) अलङ्कारहरू लगाई गणेश सरस्वतीको दर्शन गरी पूर्णपात्र दक्षिणा आदि सबै समावर्तन काम समाप्त गर्ने। यो चौधौं संस्कार हो।

केशान्त कर्मः–

केशान्त कर्म पन्ध्रौं (१५) संस्कार कर्म हो। यसमा धर्मशास्त्रानुसार– दीप, कलश, गणेशको पूजा गरी मातृकापूजा नान्दीश्राद्ध समेत गरी विधिवत् कुश कण्डिा सहित आधार आज्य भागका देवताहरूलाई होम गर्नु र कपाल खौरेर पूर्णपात्र दक्षिणा अभिषेक गर्दै काम समापन गर्ने। यो पन्ध्रौं केशान्त संस्कार हो।

बिवाह संस्कारः–

विवाह संस्कार १६ औं संस्कार हो।

वेदं व्रतानां वा पारं नीत्वा ह्यु भयमेव वा
अविप्लुत ब्रह्मचर्यो लक्षण्यां स्त्रियगुद्वहेत्।

भन्ने स्मृतिको वचन भएकोले सो अनुसार ब्रह्मचर्याश्रमबाट गृहस्थाश्रम प्रवेशका लागि धर्मशास्त्रोक्त विधान अनुसार असमान गोत्र र असमान प्रवरकी सवर्ण जातकी स्वस्था भातृमती उमेर मिल्दी कन्याकासाथ वैदिक विधिवाट शुभविवाह गरिने १६ औं विवाह संस्कार हो।

संक्षेपवाट १६ संस्कारहरूको धर्मशास्त्रोक्त विधान पूर्ण भयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चतुर्वेद र वेदाङ्ग

–बाबुकृष्ण ढकाल

वेद सनातन धर्मानुयायी आर्यहरूको प्राचीनतम धर्म ग्रन्थ हो । यस पछि रहेका सबै धर्म ग्रन्थहरूको नै यो उत्पत्ति स्थान हो, धर्म ग्रन्थहरुको मात्र होइन कि भारतीय संपूर्ण शास्त्रहरू र कला, वास्तु, स्थापत्यकला आदि शास्त्रहरूको जन्मभूमि स्वरूप हो भनी पाश्चात्य विद्वान्हरूले पनि अङ्गिकार गरेका छन् । पृथ्वीमण्डलमा पाइएका हरेक भाषाहरूमा रहेका ग्रन्थहरूमा वेद सबैभन्दा अतिप्राचीन हो भनी सबैले मुक्त कण्ठले स्वीकारेका छन् । संपूर्ण स्थानमा धर्मशास्त्र आदि ग्रन्थहरूमा वेदलाई अपौरुषेय र अनादि भनी स्वीकारेका छन् ।

नैयायिकहरू वेदलाई अलौकिक रूपवाट प्रतिपादन गरी ईश्वरले वनाएको हो भनी प्रमाणित गर्दछन् । हरेक समय पण्डित मण्डलीमा तथा पाश्चात्य समूहमा पनि, यस विषयमा विचार विमर्श तथा वादविवादमा पनि अहिलेसम्म विकल्प मानिएको छैन । महाप्रलयपछि शब्दब्रह्म स्वरूप रहेको वेदको साक्षात्कार समाधिवस्थामा रहेका ऋषिहरूमा लीन हुन्छ, र जब पुनः सृष्टिको क्रम सुरु हुन्छ तव ऋषिहरूमा लीन भएको वेद आफसे आफ प्रकट भइरहन्छ । यसरी प्राप्त भएको वेदलाई ऋषि मुनिहरूले आफ्ना शिष्यहरूलाई उपदेश स्वरूपबाट ज्ञान प्राप्त गराउँदछन् । यही क्रमवाट शिष्य परम्पराद्वारा वेदको प्रचार प्रसार हुन्छ साथै सृष्टि र लय पनि हुन्छ । यस विषयमा वेदका भाष्यकार यास्काचार्यले निरुक्तमा भनेका छन्– ''मन्त्र द्रष्टारो ऋषयो वभूबुः । तेऽवरेभ्योऽसाक्षात्कृतधर्मभ्य उपदेशेन मन्त्रान् संप्रादुः । उपदेशाय ग्लायन्तीऽवरे वितत्र ग्रहणायेयं ग्रन्थं समाम्ना सिषुः। वेदं च वेदाङ्गानि च'' इत्यादि ।

जस्तो कि पुराण प्राचीनकालमा पनि एउटै थियो, त्यस्तै वेद पनि एउटै थियो । एउटै भएको वेद शिष्य परम्पराद्वारा कण्ठस्थ रूपमा नै पढाइन्थ्यो । महर्षि व्यासले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमैसंग संसारमा रहेका मनुष्यहरूको ज्ञानको धारणशक्ति ह्रास भएको देखेर वेदको भाग लोप होला भन्ने त्रासले वेदलाई चार भाग लगाएका हुन् । ऋगूवेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरेर त्यहाँदेखि वेदलाई भाग लगाइएको हुनाले महर्षि व्यासको वेदव्यास भन्ने नाम भएको हो । जस्तो "वेदं विव्यास यस्मात्त् वेदव्यास:" इति स्मृत: । ऋग्वेदमा स्तुति परक मन्त्रहरूको, यजुर्वेदमा यज्ञयागादि अनुष्ठानमा गरिने मन्त्रहरूको सामवेदमा वैदिक संगीतयुक्त मन्त्रहरूको र अथर्व वेदमा आध्यात्मिक, आदि दैविक, आदि भौतिक विघ्नवाधाहरू नाश गर्ने मन्त्रहरूको संग्रह गरिएको छ ।

यज्ञमा मुख्यतया चार ऋत्विजहरू हुन्छन् । जो यस प्रकारका छन्:– १. होता, २. अध्वर्यु, ३. उद्‌गाता, ४. ब्रह्मा ।

होता:– आह्वानकर्ता (वोलाउने) हुन्, यज्ञको समयमा जुन देवतालाई वोलाउने हो त्यही देवताको मन्त्र उच्चारण गरी देवतालाई वोलाइन्छ । त्यस कामको लागि संकलन गरिएका मन्त्रहरू स्तुतिरूप हुँदा ऋचा भनिएको हो, त्यसको संग्रह ऋग्वेद हो ।

अध्वर्यु:– हरेक यज्ञलाई सम्पादन गर्ने र त्यहाँ चाहिने आवश्यक मन्त्रहरू संग्रह गरी प्रयोग गर्नु यजुर्वेद हो ।

उद्‌गाता:– यज्ञमा वताइएका मन्त्रहरू उच्च स्वरले गान गरी स्वरवद्ध मन्त्रहरूलाई ठूलो स्वरले उच्चारण गरी गाउनु नै सामवेद हो ।

ब्रह्मा:– यज्ञको निरीक्षककर्ता हुन् । यज्ञमा गर्नु पर्ने कर्मको राम्ररी रेखदेख गर्ने सबै प्रकारका मन्त्रहरूको ज्ञाता, यसको अधिकारी स्वरूपको अथर्ववेद, महर्षि व्यासले यी चार यज्ञ यागादिकर्ममा यो यो गर्नुपर्छ भनी लक्ष्य गरेर वेदलाई चार संहितामा भाग लगाएका हुन् । यसरी वेदहरूलाई भाग लगाएर वेदव्यासले आफ्ना चेलाहरूलाई क्रमश: पैललाई ऋग्वेद, वैशंपायनलाई यजुर्वेद, जैमिनिलाई सामवेद र सुमन्तुलाई अथर्ववेद शिक्षादोक्षा दिएर प्रचार प्रसार गराए ।

वैशंपायनको यजुर्वेद पाठशालामा, शिक्षा लिने याज्ञवल्क्यको र गुरु वैशंपायनको पढाई विषयमा वादविवाद हुँदा याज्ञवल्क्यले गुरुबाट प्राप्त गरेको यजुर्वेद मुखबाट बमनको रूपमा सबै बाहिर फ्याँकिदिए । ब्रह्मस्वरूप भएको यजुर्वेद वमनको रूपमा पृथ्वीमा खसेको देखेर अरू ऋषिहरूले तित्रा नामको चराको रूप लिएर सबै ग्रहण गरे । याज्ञवल्क्यले सूर्यको उपासना गरी सूर्यवाट फेरि यजुर्वेद प्राप्त गरे । त्यहाँदेखि याज्ञवल्क्यको यजुर्वेद पढ्ने सबै माध्यन्दिनीय शाखान्तर्गत शुक्ल यजुर्वेदाध्यायी भए । वमनको रूप भई खसेको यजुर्वेद कृष्ण यजुर्वेदको नामले प्रख्यात भयो । कृष्ण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यजुर्वेदमा संहिता र ब्राह्मण भागको मिसोटवाट र शुक्ल यजुर्वेदमा पनि संहिता र ब्राह्मण भागको भिन्नता हुंदा शुक्ल र कृष्ण भन्ने दुई भाग हुन गयो । त्यसपछि प्रत्येक वेदमा समयको भेदले धेरै शाखाहरू भए ।

चरणव्यूह नामको ग्रन्थमा ऋग्वेदको २१, यजुर्वेदको १०१, सामवेदको १०००, अथर्ववेदको ११९ शाखा भएको हो भनी वताइएको छ । समयको क्रमले धेरै शाखा-हरू पढ्ने ब्राह्मणहरू लोप हुँदा अहिले ऋग्वेदको आश्वलायन, शाकल र वास्कल शाखा, शुक्ल यजुर्वेदको वाजसनेय र काण्व, कृष्ण यजुर्वेदको तैत्तिरीय, मैत्रायणि, कठशाखा, सामवेदको कौथुमि, राणायणि र जैमिनि शाखा, अथर्ववेदको पैप्पलाद र शौनक शाखा बाकी रहेको शाखामा गणना गरिएको छ । केही पाश्चात्य र भारतवर्षी अनुसन्धान गर्ने विद्वान्हरूले वेद अपौरुषेय र अनादि हो भनेर अङ्गिकार गर्दैनन् । वेद ऋषिहरूले रचना गरेको हो भनी आफ्नो मतानुसार तिनीहरूले ई. पू. २००० वर्षदेखि ६००० वर्ष अगाडि रचना गरेको हो भनी विभिन्न प्रमाण देखाएर समय निर्धारित गरेका छन् ।

लोकमान्य तिलक महोदयले वेदमा वताएका नक्षत्रहरूको विवरण र गणित र ज्योतिषको आधारले वेदको रचनाकाल ई. पू. ६००० वर्षभन्दा धेरै अगाडि हो भनी निश्चय गरेका छन् । वेदगत भूगर्भ शास्त्रको सिद्धान्तको अनुसरण गरेर डा. अविनाश चन्द्र महोदयले वेदको समय अनेक लाख वर्ष अगाडिको हो भनी सिद्ध गर्न प्रयत्न गरेका छन् । प्राचीन ग्रन्थमा वेदलाई अपौरुषेय र अनादि हो भन्दै अति प्राचीन पनि हो भनी सिद्ध गरेको छ । वेद शब्दले संहिता, ब्राह्मण, आरण्यक, उपनिषत् यी चार ग्रन्थहरूको ज्ञान हुन्छ । संहिता भाग छन्दोवद्ध हुन्छ भने ब्राह्मण भाग गद्यात्मक भई यज्ञ यागादिको वर्णन गरिएको छ । आरण्यक भाग छन्दोवद्ध मन्त्रयुक्त छ त कुनै आरण्यक कथा रूपमा पनि रहेको छ । यसको अध्ययन अध्यापन वानप्रस्थ आश्रममा मात्र गरिन्छ । उपनिषत् भाग तत्तत् वेदको संहितामा रहेको ब्रह्मज्ञान विषयको वर्णनको रूपमा संकलन गरिएको छ ।

ऋग्वेद

पूर्व र पश्चिमका विद्वान्हरूले ऋग्वेद संहितालाई अन्य संहिताभन्दा प्राचीन हो भनी वर्णन गरेका छन् । शाकल संहितामा संहितालाई दस मण्डलमा विभाजित गरिएको छ । प्रत्येक मण्डलमा नाना सूक्तहरू छन् । प्रत्येक सूक्तमा नाना ऋचाहरू छन् । वाष्कल संहितामा संहितालाई ८ अष्टकमा विभाजन गरिएको छ । प्रत्येक अष्टकमा ८ अध्याय छन् । ऋग्वेदमा १०२८ सूक्त र ११००० मन्त्रहरू छन् । मन्त्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देखाउने ऋषिहरू, गृत्समद, विश्वामित्र, वामदेव, अत्रि, भरद्वाज वसिष्ठ आदि हुन् । नवम मण्डल पवमान मण्डलले प्रसिद्ध छ । यसमा सोमयाग विषयको मन्त्रहरूको संकलन छ । प्रथम र अष्टक मण्डलमा कण्ववंशी अङ्गिरा गोत्रका र अरू ऋषिहरूका मन्त्रहरू छन् ।

राष्ट्रिय अभिलेखालयमा प्रथम लगतमा २, तृतीय लगतमा १, चतुर्थ लगतमा ७, पञ्चम लगतमा ५ गरी जम्मा १५ थान देवनागरी, नेंवारी र मैथिली लिपिमा लेखिएका ग्रन्थ ऋग्वेदहरू छन् ।

यजुर्वेद

यस वेदमा यज्ञ यागादिहरूमा अध्वर्यु प्रयुक्त संग्रह छ । कृष्णयजुर्वेदमा गद्य र पद्य दुबै भाग छन् र यिनीहरूको उपयोग यज्ञ यागादिमा अध्वर्यु गर्दछन् । यज्ञ अनुष्ठानका साथ विशिष्ठ संवद्ध छ । यजुर्वेदको वाजसनेय संहिता ४० अध्यायको छ । ३०३ अनुवाक, १९७५ कण्डिका (मन्त्र) २९६२५ शब्द र ८८८७५ अक्षरहरू छन् । राष्ट्रिय अभिलेखालयमा नेपाली कागज (हरिताल लगाएको) र मदिसे कागजमा नेवारी, देवनागरी तथा मैथिली लिपिमा लेखिएका ३० थान र ताडपत्रका नेवारी लिपिमा लेखिएको ५६१ पुरानो थान २ र साल मिति नभएको १२ थान शुक्ल यजुर्वेदहरू छन् ।

सामवेद

यसमा यज्ञ यागादिमा जुन देवताको आह्वान अभिष्ट छ, त्यस देवतालाई संगतिपूर्ण उच्चारणपूर्वक गाइने स्तुति स्वरूप मन्त्रहरूको संग्रह छ । यभमा १५४९ ऋचा छन्, सामवेद पूर्वार्चिक र उत्तरार्चिक २ खण्डमा विभाजित छ । पूर्वार्चिकमा आग्नेय, ऐन्द्र, पवमान, आरण्यक पर्वमा विभक्त छ । उत्तरार्चिक त अनेक उपखण्डमा विभक्त छ । यसमा दश रात्र, सम्वत्सर, ऐकाह, अहीन सूत्र, प्रायश्चित्त, क्षुद्रानुष्ठानहरूको निर्देशन छ ।

राष्ट्रिय अभिलेखालयमा नेपाली कागज (हरिताल लगाएको) देवनागरी तथा नेवारी लिपिमा लेखिएका १२ थान हस्तलिखित सामवेदका पुस्तकहरू छन् ।

अथर्ववेद

यसमा मारण, मोहन, वशीकरण, उच्चाटन आदिको र ज्वर, अपस्मार आदि विभिन्न रोगहरू नाश गर्ने मन्त्रहरूको संग्रह छ । यसलाई आथर्वाङ्गिरस भनी नाम लिइन्छ । अथर्वन पदले रोगनिवारक ऋषि र अङ्गिरस पदले मारणादि प्रयोगमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुशल ऋषिलाई लिइन्छ । अथर्व ऋषि द्रष्ट हुँदा अथर्ववेद भन्ने नाम भएको हो । यो २० काण्डमा विभक्त छ । प्रत्येक काण्डमा नाना प्रपाठक, अनुवाक, सूक्त र मन्त्रहरू छन् । यसमा २० काण्ड, ३४ प्रपाठक, १११ अनुवाक, ७३१ सूक्त तथा ५८४९ मन्त्रहरू छन् । १८ काण्ड श्राद्ध विषयक छ भने २० सौं सोमयाग वर्णन विषय छ । यी दुइ काण्डको मन्त्र ऋग्वेदमा पनि पाइन्छ ।

राष्ट्रिय अभिलेखालयमा नेपाली कागजको (हरिताल लगाएको) देवनागरी तथा नेवारी लिपिमा लेखिएका हस्तलिखित अथर्ववेदका पुस्तकहरू ४ थान छन् ।

त्यस्तै ४ वेदका भाष्यहरू पनि विभिन्न लिपिमा ताडपत्र तथा नेपाली कागजमा लेखिएका उवट भाष्य, सायण भाष्यहरू पनि पाइन्छन् ।

संहिता भाग

यसमा वेदको छन्द्रवद्ध मन्त्ररूप, वैदिक देवताको स्तुति परक वैदिक महर्षिहरूले साक्षात्कार गरिएको मुख्य भाग संहिता शब्दले व्यवहार गरिन्छ ।

ब्राह्मण भाग

गद्यमय वैदिक यज्ञ यागादि कर्मको मीमांसकको भाग हो । ऋग्वेदको ऐतरेय, कौषितकि यी दुइ ब्राह्मण भाग उपलब्ध छ । कृष्णयजुर्वेदको तैत्तिरीय ब्राह्मण, शुक्लयजुर्वेदको शतपथ ब्राह्मण हो, सामवेदको अनेक ब्राह्मण ग्रन्थहरू छन् । मन्त्र, दैवत, आर्षेय, सामविधान, संहितोपनिषद्, वंश, जैमिनि आदि हुन् । यिनीहरूमा पञ्चविंश नामको ताडचब्राह्मण, षट्विंश ब्राह्मण प्रसिद्ध छ । अथर्ववेदको गोपथ ब्राह्मण ईसवीय सन् १९१९ मा पाश्चात्य देशवाट प्रकाशित भएको देखिन्छ । यसमा गद्यमा यज्ञ यागादिमा मन्त्रप्रयोग नियम, याजकीय विवरण, प्राचीन ऐतिहासिक कथामुख उदाहरण स्थापना गरेको देखिन्छ ।

आरण्यक भाग

यो गद्य पद्यमय छ । वानप्रस्थ वासिहरूको स्वाध्याय रूप हो । ऋग्वेदको ऐतरेय, कौषितकि, सांख्यायन आरण्यक हुन् । कृष्णयजुर्वेदको तैत्तिरीय आरण्यक, अरू पनि ब्राह्मण भाग मिसिएका छन् । यिनीहरूको अध्ययन वान प्रस्थाश्रममा मात्र हुन्छ । अरू आश्रममा यसको अध्ययन अध्यापन निषेध गरिएको छ । त्यस कारण जंगलमा पढिने हुँदा आरण्यक भनिएको हो ।

उपनिषद् भाग

वेदको संहितामा रहेको ब्रह्मविद्यादि उपदेशको संग्रह भागलाई उपनिषद् भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुक्तिकोपनिषद् आदि १०८ उपनिषद्हरू छन्। यिनीहरूमा ऋग्वेदको १०, शुक्ल यजुर्वेदको १९, कृष्णयजुर्वेदको ३२, सामवेदको १६ र अथर्ववेदको ३१ छन्। यी १०८ मध्ये ईश, केन, कठ, प्रश्न, मुण्ड, माण्डूक्य, तैत्तीरीय, श्वेताश्वतर, ऐतरेय, छान्दोग्योपनिषद् वृहदारण्य मुख्य हुन्। यिनीहरूको टीका श्रीमत् आदि शङ्कराचार्य तथा वैष्णवाचार्यहरूले पनि गरेका छन्। विशेष गरेर उपनिषद्हरू गद्यमा छन् भने केही पद्यमा पनि छ। अध्यात्मविद्यामा सर्वोत्तम छ।

वेदाङ्ग

शिक्षा, कल्प, व्याकरण, ज्यौतिष, निरूक्त, छन्द यी छ वेदका अङ्ग हुन्। भनिएको छ कि–

"छन्द; पादौ शब्दशास्त्रश्च वक्त्रम्,
कल्प: प्राणो ज्यौतिषं चक्षुषी च
शिक्षा घ्राणं श्रोत्रमुक्तं निरुक्तं
वेदस्याङ्गान्याहुरेतानि षट् च ॥"

यी सबै अङ्गहरू सूत्रको रूपले लेखिएका छन्। पाश्चात्य विद्वान्हरूले यसको रचनाकाल ई. पू. १२०० देखि १४०० सम्मको हो भनी निर्धारित गरिएको छ।

जस्तो कि मनुष्यको शरीर दश इन्द्रिय, ज्ञानेन्द्रिय र कर्मेन्द्रियले युक्त छ। त्यस्तै वेदका अङ्गहरू पनि दश इन्द्रिय मध्ये ज्ञानेन्द्रिय र कर्मेन्द्रिय ६ इन्द्रियले युक्त छ। छन्द कर्मेन्द्रिय पाद हो, शब्दशास्त्र (व्याकरण) कर्मेन्द्रिय मुख हो। कल्प ज्ञानेन्द्रिय प्राण (वायु) हो। ज्योतिष ज्ञानेन्द्रिय आँखा हो। शिक्षा घ्राणेन्द्रिय (ज्ञानेन्द्रिय) नाक हो भने निरुक्त ज्ञानेन्द्रियको श्रोत्रेन्द्रिय कान हो।

शिक्षा

शिक्षालाई सुंघेर पत्ता लगाइने भएको हुँदा घ्राणेन्द्रियको स्थान दिएको छ। वेदहरूको राम्ररी उच्चारण गरी ज्ञान गर्नु नै मुख्य आवश्यकता हो। वेदको उच्चारणमा एक स्वर त्रुटि भएमा (बिग्रेमा) अनर्थ हुन्छ। जस्तो:

मन्त्रो हीन: स्वरवो वर्णतो वा
मिथ्या प्रयुक्तो न तमर्थमाह।
स वाक् वज्रो यजमानं हिनस्ति
यथेन्द्र: शत्रु: स्वरतो ऽ पराधात्।

यजुर्वेदको याज्ञवल्क्य शिक्षा, सामवेदको नारद शिक्षा उपलब्ध छ। अरू शिक्षा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थहरू पनि छन् । पाणिनीय शिक्षा अति प्रसिद्ध छ ।

कल्प

यसले श्रौत, धर्म, गृह्यसूत्रहरूलाई लिइन्छ । वेदमा रहेको विषय जान्नका निमित्त यिनीहरूको अत्यन्त आवश्यकता हुन्छ । श्रौत सूत्रमा अग्न्याधान, अग्निहोत्र, दर्श पौर्णमास, इष्टि, पशुयाग, सोमयागादि श्रौत विषयहरू हुन् । शुल्वसूत्र पनि श्रौत सूत्रको अङ्ग हो । यसमा कुण्डमण्डप आदि यज्ञका मण्डपहरूको लम्बाई, चौडाई, उचाई, गहिराई आदिको नाम लिने प्रक्रियाहरू बताइएका छन् । गृहसूत्रमा गृहस्थाश्रमको विस्तारपूर्वक वर्णन गरिएको छ भने धर्मसूत्रमा, गृहसूत्रमा भएका विषयहरूको संक्षिप्त वर्णनका साथ वर्णहरूको र चार आश्रमहरू (वर्ण भन्नाले ब्राह्मण, क्षत्रीय, वैश्य तथा शूद्र र आश्रम भन्नाले ब्रह्माचर्याश्रम) को राजाहरूको तथा प्रजाहरूको धर्म विशेष रूपले वर्णन गरिएको छ ।

हुन त यी सूत्रहरू वेदको मुख्य रूपले रचना गरिएको छ । जस्तो ऋग्वेदको आश्वलायन र सांख्यायन श्रौत सूत्र, शुक्लयजुर्वेदको पारस्कर गृह्यसूत्र, कात्यायन श्रौतसूत्र, कृष्णयजुर्वेदको कल्पसूत्र, बौधायनापस्तम्वसूत्र, सामवेदको गौतम धर्मसूत्र, लाठ्यायन, द्राह्यायण, जैमिनीय श्रौतसूत्र, जैमिनि गौभिलास्व आदि सूत्रहरू, अथर्ववेदको वैतायन श्रौतसूत्र, कौशिक गृह्यसूत्र हुन् । प्रत्येक सूत्र प्रति एक वेदाध्यायी प्रति मान्यता भएको छ ।

निरुक्त (कान)

यसमा वैदिक शव्दहरूको व्युत्पत्ति देखाइएको छ । यो ग्रन्थ महर्षि यास्काचार्यले बनाएका हुन् । निरुक्त भन्नाले नपाइएका वैदिक निघण्टुको भाष्य हो । वास्तवमा शिक्षादि चार अङ्गमा पञ्चाध्यायी निघण्टु छँदै नै छ । वैदिक अध्ययन र अध्यापनमा यो अति प्रसिद्ध छ । यास्काचार्यको समय ई. पू. नवमौ शताब्दी हो भनी अनुमान गरिन्छ ।

ज्यौतिष (आँखा)

यो समय बताउने शास्त्र हो । शुभ मुहूर्तमा गरिएको यज्ञ यागादि कर्महरूको फल सुफल नै हुन्छ । ज्यौतिष नभई सुमुहूर्तको ज्ञान हुन सक्दैन जस्तो कि– आँखा नभई कुनै दृश्यहरू देख्न सकिदैन, त्यस्तै ज्योतिष विना कुनै कार्य गर्न सकिदैन । त्यस कारण ज्यौतिषलाई वेदको अङ्ग मानिएको हो । चारै वेदको अङ्ग भएको ज्यौतिष

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थ पाइन्छ । ऋग्वेदमा ज्यौतिषका ३६ श्लोकहरू छन् । यजुर्वेदमा ४९ श्लोक छन् । अथर्ववेदमा १६२ श्लोकहरू छन् ।

व्याकरण (मुख)

वेदको अङ्ग भएको व्याकरण प्रातिशाख्य नामले प्रसिद्ध छ । प्रातिशाख्य पढ्नाले व्याकरण प्रातिशाख्य भन्दा पाणिनि पछिका हुन् भनी सिद्ध हुन्छ । पाणिनि भन्दा पहिले व्याकरणको विकास भएको थिएन भनेर भन्न हुँदैन । पाणिनिभन्दा पहिले गार्ग्य, स्फोटायन, भारद्वाज, शाकटायन आदि गरिएका वैयाकरणीहरू थिए । वेदको अङ्ग भएको व्याकरण ग्रन्थ लोप भएपछि सो पूरा गर्नको लागि त्यस्तै प्रातिशाख्य ग्रन्थहरू रचना गरियो । ऋग्वेदको शौनक, प्रातिशाख्य, यजुर्वेदको कात्यायन प्रातिशाख्य, प्रसिद्ध छ । अरू पनि प्रातिशाख्य ग्रन्थहरू छन् । यो वेदको अङ्ग भएको हुँदा अति प्राचीन भन्ने कुरा प्रसिद्ध छ । यो दर्शनशास्त्र पनि हो । संसारमा विद्यमान विभिन्न भाषाहरूको व्याकरणमा संस्कृत व्याकरण सर्वश्रेष्ठ हो भनी पाश्चात्य विद्वान्-हरूले पनि स्वीकारेका छन् । बाह्र संख्या भएका विभिन्न व्याकरण छन्, ती संख्यामा व्याकरण ग्रन्थकारहरू छन् भने हजार संख्याभन्दा बढी पुस्तकहरूले यसको महत्त्व दर्शाइरहेका छन् । पाणिनिले व्याकरणको अष्टाध्यायी रचना गरेपछि अनि महत्त्व बढ्दै गएको छ । वैदिक कालदेखि अहिलेसम्म यसको अविच्छिन्न रूपले प्रचार भइरहेको छ । व्याकरणमा नव्य न्यायको शैलीबाट प्रयोग गरिदा नव्य व्याकरणको उत्पत्ति भएको मानिएको छ । यसको रचना भट्टोजी दीक्षितले गरेका हुन् । उनको समय इसवीय १७०० देखि चलिरहेको छ ।

छन्द (पाद)

जुनसुकै जीवलाई पनि हिंड्न पाद (खुट्टा) को अति आवश्यकता पर्दछ र त्यो नभई कार्य गर्न, हिंडडुल गर्न सकिंदैन । त्यस्तै शास्त्रहरुमा पद्यहरूको उच्चारण गर्न, वैदिक मन्त्रहरूको उच्चारण गर्न छन्दको आवश्यकता पर्दछ । वैदिक मन्त्रहरू तथा लौकिक पद्यहरू छन्दोबद्ध नै हुन्छन् । छन्द नजानिकन उच्चारण गर्न सकिंदैन । सामवेदको वितानसूत्र छन्दसूत्र भनी प्रसिद्ध छ । पिङ्गलसूत्र ऋग्वेदको अङ्ग भएको छन्द शास्त्रको ग्रन्थ हो भनी मानिएको छ । तर त्यसमा वैदिक छन्दको मात्र होइन लौकिक छन्द शास्त्रको पनि वर्णन छ । त्यस कारण यसलाई वेदको अङ्ग भन्न सकिंदैन भन्ने मतान्तर पनि छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कालीयदमन कृष्णमूर्ति

–जगदीशचन्द्र रेग्मी

नेपाली कलाको इतिहासमा हनुमान्ढोका दरवारको सुन्दरचोकमा रहेको कालीयदमन श्रीकृष्णको भव्य मूर्तिको आफ्नै किसिमको स्थान रहेको छ। यो मूर्ति कहिले कसले थापेको हो र हनुमान्ढोका दरवारभित्र कसरी आइपुग्यो भन्ने विषयमा यहाँ छोटकरी चर्चा गरिन्छ।

वंशावली साहित्यमा यो कालीयदमन मूर्ति हनुमान्-ढोकाभित्र आइपुग्ने घटनावारे यस्तो लेखिएको पाइन्छः–

(प्रतापमल्लले) फेरी विशालनगरका प्राचीन साकुह्ला भनेका स्थानमा कालीनाग मथन गरी रह्याका ध्यानले संयुक्त भयाको नारायण माटाले छोपि रह्याको गरूड-सहित कान्तिपुर लैजाइ सुन्दर चोकमा स्थापना गरि बसाया।''*

भाषा वंशावलीको उक्त उद्धरणवाट 'विशालनगर' अन्तर्गत 'साकुना' भन्ने ठाउँमा माटोले पुरिएर रहेको यो कालीयदमन मूर्ति र सोसंगै थापिएको गरुडको मूर्ति राजा प्रतापमल्लले ल्याएर आफ्नो दरवारभित्र थापेको कुरा थाहा पाइन्छ। सोही वंशावलीमा 'गरुडले इ राजाकन धेरै दुःख दिया र नारायण धाराका नारायण-संधिमा यथाक्रमले बसाया'◤ भनिएको पाइनाले कालीयदमनसंगै ल्याइएको गरुडको मूर्ति चाहिं दरवारमा आफाप सिद्ध भएको मानी नारायणहिटी नारायणमन्दिरमा थापिएको बुझिन्छ। उक्त नारायणमन्दिरको अगाडिपट्टि (पूर्वतर्फ) रहेको गरुडमूर्ति यही होला भन्ने अनुमान गर्नु परेको छ।

---

* पं. देवीप्रसाद लंसाल (सं.) **भाषावंशावली** (द्वितीय भाग), श्री ५ को सरकार शि. मं. पुरातत्त्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय सं. २०२३ पृ. ८०

◤ भाषावंशावली, ऐजन पृ. ८०।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इतिहासकार गौतमवज्र वज्राचार्यले उक्त कालीयदमन मूर्ति लाजिम्पाट नजिकै साकोना' भन्ने ठाउँमा रहेको मान्नुभएको छ।✲ सम्भवतः यो मूर्ति लाजिम्पाट भेकमा नीलसरस्वतीस्थानदेखि केही पश्चिमतर्फ खेतमा रहेको थियो। जहाँ अहिले पनि केही प्राचीन वस्तुहरू लडिरहेका देखिन्छन्।

हनुमान्ढोका राजदरवारको विशिष्ट अध्ययनको क्रममा गौतमवज्र वज्राचार्यले कालीयदमनको मूर्तिसंगै विक्रमको दशौं शताब्दीतिरको लिपिमा लेखिएको खण्डित अभिलेख पाई त्यसको पाठ प्रकाशित गर्नुभएको छ, तर यसको अरू भाग नारायणहिटी नारायणमन्दिरमा राखिएको गरुडमूर्तिको पादपीठ (जुन हिजाज पछि थपिएको जलहरीले छोपिएको छ) मा रहेको अनुमान गर्नु भएको छ।✲✲ उक्त अभिलेख ज्यादै महत्त्वपूर्ण हुनाले पाठकहरूको सुविधाको लागि तल उद्धृत गरिन्छः—

१. संगरादकृतिभिर्दुर्लस्यतो भीषणात् तस्मै श्रीपतये ममास्तु करयोः सा श्रिष्टि-रेषा सदा।

२. व ग्ख्यातो धर्मनिधि वीरमतिमान् श्रीवीरपालः सुतः। भार्या तस्य सती सदा प्रणयिनी सौभाग्यलक्ष्मी. . . .

३. णयभूर्जातः शशीवाम्बुधेः।। काले कारित पाणिपीडनविधेः श्रीगङ्गलक्ष्म्या स्वयं स्वल्पभ्रोगम वा. . . .

४. तः कालेन नीतः क्षयम्। ज्ञात्वा पुण्यन्वयस्विभोरनुमृतौ पत्नी मनोवर्त्तिनी-सार्द्धन्तेन चितानले भ. . .

५. न् जहाय क्षणात्।। पित्रा शोकमपास्य धर्ममतिना शास्त्रार्थसंवेदिना वाछ्नि-नागकुलान्तकेन सहितो विष्णुः प्रतिष्ठापित :

६. कृत्वा पुत्रवधूसमां प्रतिकृति चानन्तपादस्थितांन्तद्वत्सार्धमनन्तसद्‌मनिलया भूयादिति श्रीपतेः।। लक्ष्मीवा. . .वांघ्रिसेवनपरो

७. भूयात्मदीयः सुतो लक्ष्म्याः सापि ममांत्मजन्मगृहिणी भर्त्रा समं या मृता। भूया संवरपादपंकजरजः लोकाः सन्तु निलो—

८. ग दुःखरहिताः पुत्रस्य वध्वा अपि।। शुभम्।।

यो अभिलेख खण्डित हुनाले र ठाउँ ठाउँमा अक्षर खिइएकाले पनि समग्र वक्तव्य ठम्याउन गाह्रारो छ। तर स्तरपूर्ण संस्कृत पद्यमा लेखाइएको यो अभिलेखको

✲ गौतमवज्र वज्राचार्य– हनुमान्ढोका राजदरबार नेपाल र एशियाली अध्ययन संस्थान त्रि. वि. २०३३ पृ. १०७।

✲✲ हनुमान्ढोका राजदरबार पृ. १०८, १९५।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साहित्यिक महत्त्व उल्लेखनीय छ ।

पालवंशमा जन्मेका श्रीवीरपाल र पत्नी सौभाग्यलक्ष्मीका छोराले गङ्गलक्ष्मीसंग विवाह गरेका थिए तर ती छोरा चाहिंको अल्पायुमै मृत्यु भएकोले गङ्गलक्ष्मी सती गइन् । छोरा बुहारीको यसरी अन्त्य भएकोले पिता (वीरपाल) ले शास्त्रको अर्थ अनुसार भगवान् विष्णु र गरुडको स्थापना गरे (पित्रा शोकमपास्य धर्ममतिना शास्त्रार्थसंवेदिना वाछि (?) नागकुलान्तकेन सहितो विष्णु: प्रतिष्ठापित:) । आफ्नी सती गएकी बुहारीको जस्तै आकृति अनन्त नागको पाउनेर बनाएर श्रीपति विष्णु (श्री कृष्ण) को लोकमा जान पाउन् भन्ने भनाई पनि अभिलेखमै लेखिएको छ (कृत्वा पुत्रवधूसमां प्रतिकृतिं चानन्तपादस्थितां तद्वत्सार्धमनन्तसद्मनिलया भूयादिति श्रीपते:) । कालीयदमनको मूर्तिमा नाग (अनन्त) को आधा जीउमुन्तिर नागको जीउको दुइतिर पुरुष र स्त्री आकृति बनाइएकोमा स्त्री आकृति त माथि भनेजस्तै गङ्गलक्ष्मीको मूर्ति हो तर अभिलेखमा संकेत नगरे पनि पुरुष आकृति चाहिं छोरा चाहिंको हो भन्ने अनुमान गर्न सकिन्छ ।

नेपालमा वैष्णवधर्मको इतिहासमा पनि यो मूर्तिको धेरै महत्त्व छ । किनभने कृष्णावतारको आजसम्म ज्ञात मूर्तिहरूमध्ये यो प्राचीनतम देखिएको छ । विक्रमको दशौं शताब्दीतिरको लिपिको अभिलेखले यो मूर्तिलाई त्यसै वेलाको रचना मान्नुपर्‍यो । यो अभिलेख थाहापाइनु अघि यसैलाई केही शताब्दी पुरानो मानिन्थ्यो तर त्यो कुरा खण्डित भएको छ । यो मूर्ति र अभिलेखपछि चाँगुनारायणमा प्राप्त नें. सं. २९६ (वि. सं. १२३३) को अभिलेखमा श्रीकृष्णको उल्लेख पाइएको छ । हुन त उक्त कालीयदमनमूर्तिसंग सम्वद्ध अभिलेखमा विष्णुमूर्ति थापेको (विष्णु: प्रतिष्ठापित:) भनिएको छ, कृष्णको नामोल्लेख गरिएको छैन । तर मूर्ति वालकृष्णको स्पष्टै देखिएकोले भगवान् विष्णुको अवतारलाई पनि विष्णु नै भनिएको हुनुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दर्शनको संक्षिप्त परिचय

–गंगाप्रसाद चालिसे

दर्शनको अर्थ हो जसद्वारा देखिन्छ वा हेरियोस् । के हेरिन्छ ? कुनै पदार्थ वस्तुको सत्य भूत तात्त्विक स्वरूप हो भन्ने कुरा राम्ररी हेरिन्छ वा देखिन्छ भने त्यस माध्यमको नाम दर्शन हो । म को हूँ ? कहाँबाट आएँ ? मैले के गर्नु उचित हुन्छ ? यो दृष्यमान जगत्को सच्चा रूप के हो ? यसको उत्पत्ति कहाँबाट भयो ? भन्ने इत्यादि प्रश्नहरूको समुचित उत्तर दिनु नै दर्शनको प्रधान ध्येय हो । आत्मज्ञान प्राप्तिको लागि आफ्नै मन र बुद्धि सहित सबै इन्द्रियहरू नियन्त्रण गरी तन्मय भएर आत्म (ब्रह्म) को स्वरूप बुझ्ने प्रयास गर्नु नै आत्मचिन्तन वा अध्यात्म प्रवृत्ति अथवा आत्मज्ञान प्राप्तिको प्रयास भनिन्छ ।

भगवान् श्रीकृष्णले पनि भगवद् गीतामा 'अध्यात्म विद्या विद्यानाम्' भन्ने उक्तिद्वारा यसै अध्यात्म तत्त्वलाई प्रधानता दिएको छ । अतः हाम्रो वैदिक परंपराले यसलाई ठूलो महत्त्व दिएको छ । दर्शनलाई 'शास्त्र' भन्दछन् ।

'शास्त्र' शब्द – १) शास्– आज्ञा गर्नु, २) शंस्– प्रकट गर्नु वा वर्णन गर्नु अर्थका दुइ धातुबाट बनेको छ ।

शासन गर्ने 'शास्त्र' विधि रूप र निषेध रूप हुनाले २ प्रकारका हुन्छन् ।

एउटाको 'शासन' अर्थमा धर्मशास्त्रमा प्रयोग गरिनु योग्य छ भने अर्को शास्त्र शब्द, 'शंसक' अर्थमा वस्तुको सच्चा स्वरूपको वर्णनको प्रयोगमा योग्य हुन्छ ।

पहिलो 'शास्त्र' शब्द क्रिया परक छ ।

दोस्रो 'शास्त्र' शब्द ज्ञान परक छ ।

वैदिक युगमा दर्शनको दुइ प्रकारको प्रवृत्ति पाइन्छ–

१) प्रज्ञा मूलक प्रवृति, यसको लक्ष्य – धर्मको उपार्जन गर्नु थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) दोस्रो – तर्क मूलक प्रवृत्ति ।

जस्तै:–

१) प्रज्ञा (प्रतिभामूलक प्रवृत्तिको उदाहरण) (ऋग्वेद १२-२) को मन्त्र – 'अनी-दवातम्' अर्थ– त्यस समय एकै वस्तु वायु विना नै आफ्नो शक्तिले श्वास लिन्थ्यो ऊ जीवित थियो ।

यसमा ऋग्वेदका प्रणेता प्रजापति महर्षि आफ्नो प्रतिभामूलक ज्ञानको वलमा जगत्को मूल तत्त्वको व्याख्या गर्दै अद्वैत तत्त्वको खोजी गर्न समर्थ देखिन्छन् ।

२) दोस्रो तर्क मूलक प्रवृत्ति – जुन तत्त्वहरूको समीक्षाको लागि तार्किक बुद्धिको प्रयोग गर्नु आवश्यक पर्दछ । तर्कद्वारा– अर्का अङ्गिरस महर्षि 'संगच्छध्वम्' 'संवदध्वम्', 'सं वो मनंसि जानताम्' अर्थ– आपसमा मिल, कुनै विषयको विवेचन गर । त्यस्तै एकले अर्काको मनलाई जान । इत्यादि यिनै उभय प्रवृत्तिहरूको प्रभाव वैदिक युगमा सर्वत्र दृष्टिगोचर हुन्छ । समयको दृष्टिले पूर्वीय दर्शनको इतिहासलाई ३ कालमा विभक्त गरेको बुझिन्छ ।

१. वैदिक काल २. आदिम उत्तर वैदिक काल ३. दर्शन काल ।

१) वैदिक काल– वेद संहिताहरूमा सांकेतिक तत्त्वहरूको ब्राह्मण तथा आरण्यक ग्रन्थहरूद्वारा क्रमशः विकास हुँदै गएर उपनिषद्कालहरूमा सम्पन्न भएको बुझिन्छ ।

जस्तै:–

१) ऋग्वेद मंत्र– प्रज्ञानम्, अर्थ– शुद्ध चेतन नै 'ब्रह्म' हो । 'प्रज्ञानम्' यो मंत्रको वर्णन ऐत्तरेयोपनिषद् ५।३ मा गरिएको छ ।

२) यजुर्वेद– 'अहं ब्रह्मास्मि' अर्थ– म शुद्ध चेतन नै ब्रह्म हूं । दोस्रो मंत्र– (वृहदारण्यक उपनिषद्) १।४।१० मा वर्णन गरिएको छ ।

३) साम वेदको मंत्र– 'तत्त्वमसि' अर्थ– त्यो सत् ब्रह्म आत्मा तिमी नै हौ । यो मंत्र 'छान्दोग्य उपनिषद' ६।८।७ मा वर्णन गरिएको छ ।

२) आदिम उत्तर वैदिक काल– यो वैदिक धर्म र अन्य विरोधि धर्महरूको संघर्षको काल हो । यसमा आजीवक तथा चार्वाकको प्रभावता केही समयसम्म व्यापक भयो । परन्तु जैन तथा वौद्ध दर्शनले ब्राह्मण दर्शनको खण्डनमा पूर्ण संकल्प लिदै गए केही साधारण जनताका प्रियपात्र वनेर आफ्नो वृद्धि गर्नमा कृत संकल्प भए ।

३) दर्शनकाल– वृत्तिकाल र सूत्रकाल गरी २ भागका वाँड्न सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क) सूत्रकालमा– वैशेषिक, न्याय, मीमांसा, सांख्य, योग, वेदान्त दर्शनहरूका सूत्र ग्रन्थ रचना भए । सूत्र रचनादेखि दर्शनको आरम्भ भन्ने कुरा होइन । अनेक शताब्दीसम्म आध्यात्मिक गवेषणाको परिनिष्ठ फल नै दर्शन सूत्रहरूको निर्माण हो । मोटामोटी रूपले ७०० वि. पू. देखि २०० वि. पू. सम्म सूत्र निर्माणकाल मानिन्छ ।

ख) वृत्तिकाल– वृत्तिको सहायता विना दर्शन शास्त्रका सूत्रहरूको अर्थवोध हुन कठिन देखेर शब्दावलीहरूको अर्थवोधको सुगमताको लागि भाष्य, वार्तिक तथा टीका ग्रन्थहरू लेखिए ।

यसरी वैदिक कालदेखि लिएर सूत्रकालसम्ममा दर्शन एक विशाल वृक्षको रूपमा फिजियो । हिन्दू ग्रन्थकारहरूले पूर्वीय दर्शनलाई २ भागमा विभाजन गरेका छन् ।

१. आस्तिक दर्शन २. नास्तिक दर्शन ।

१) 'आस्तिक' शब्दको अर्थ हो– ईश्वर, वेद र परलोकको आस्था मान्ने ।

२) 'नास्तिक' शब्दको अर्थ हो– ईश्वर वेद र परलोक यी ३ कुरा छन् भन्ने यसलाई नमान्ने ।

साधारण भनाइमा– वौद्ध जैन र चार्वाक दर्शनहरूलाई 'नास्तिक दर्शन मानेका छन् ।

वास्तवमा चार्वाक दर्शन चाहिं पूर्ण नास्तिक दर्शन मानिएको छ ।

आस्तिक (वैदिक) दर्शनहरू:–

१) वैशेषिक दर्शन २) न्याय दर्शन ३) योग दर्शन ४) मीमांसा दर्शन ५) सांख्य ६) वेदान्त दर्शन । यी अस्तित्व दर्शन हुन् ।

वैदिक (आस्तिक) दर्शनहरूको संक्षिप्त परिचय

वैशेषिक दर्शनः–

वैशेषिक दर्शन सकल (न्याय, सांख्य, जैन, वौद्ध, वैयासकीय) आदि दर्शनहरू भन्दा प्राचीन दर्शन हो । यस दर्शनका प्रणेता कणाद हुन् । यिनी कश्यप वंशीय हुनाले काश्यप भनिन्छन् । यिनी उलूक मुनि पनि भनिन्छन् । यस कारण यस वैशेषिक दर्शनलाई औलूक दर्शन पनि भन्दछन् ।

महाभारत भिष्मपर्वमा उलूक नामका ऋषि वर्णित छन् । यिनै ऋषि कणाद, कणभक्ष, कणभुक्, उलूक, काश्यप पनि भनिन्छन् । विशेष पदार्थ स्वीकारमूलक भएको हुनाले नै यसको नाम 'वैशेषिक दर्शन' रहेको हो । यो दर्शन ग्रन्थमा ३६०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूत्रहरू र १० अध्याय छन् । प्रत्येक अध्यायमा २-२ आह्निक छन् । यसमा ३ हेत्वाभासहरू स्वीकृत छन् ।

यस दर्शनमा सर्वप्राचीन ग्रन्थसूत्र रावणले रचना गरेको छ, भारद्वाजवृत्ति हो । प्रशस्तपादले यसको भाष्य लेखेर यस दर्शनशास्त्रमा युगान्तर परिवर्तन गरिदिएका छन् । शङ्करमिश्रको उपस्कार, जयनारायण भट्टाचार्यद्वारा रचित 'कणादसूत्रवृत्ति', चन्द्रकान्त भट्टाचार्यको वैशेषिक भाष्य इत्यादि विविध ग्रन्थहरू निर्मित भएका छन् । वैशेषिक दर्शनशास्त्र विशाल छ तर यहाँ अति छोटो परिचय मात्र गरिएको छ ।

न्यायदर्शन:–

ई. पू. ५०० मा गौतम (अक्षपाद) ऋषि प्रणीत 'पदार्थमीमांसासूत्र' ग्रन्थ न्यायशास्त्रको प्रथम ग्रन्थ हो । यसमा प्रमाण-प्रमेय आदि १६ पदार्थ उल्लेखित छन् । यसपछि द्वितीय शतकमा वात्स्यायनले यसको भाष्य लेखेका थिए । त्यस समयमा ब्राह्मणधर्म र बौद्धधर्मको परस्परमा संघर्षको काल भएको हुनाले बौद्ध नैयायिक दिङनागले बौद्ध दर्शन ग्रन्थ 'प्रमाणसमुच्चय' लेखेर त्यसद्वारा वात्स्यायन भाष्यमा उल्लिखित सिद्धान्तहरूको खण्डन गरिदिए । यस प्रकारले पछिसम्म पनि बौद्ध मत र वैदिक ब्राह्मण मतका सिद्धान्तहरूको परस्परमा खण्डन हुँदै गयो ।

१२ औं शताब्दीदेखि १७ औं शताब्दीसम्मको अवधिमा न्याय-दर्शनको युगै परिवर्तन भयो र नव्यन्यायको प्रवर्त्तन भयो । गङ्गेश उपाध्यायले 'तत्त्वचिन्तामणि' न्नायग्रन्थ लेखेर १२ औं शताब्दीमा नवीन न्यायको प्रारम्भ गरे ।

१२ औं शताब्दीभन्दा पहिलेका सबै न्यायशास्त्रहरू प्राचीनन्यायमा परिणत भए । त्यस पछिका सबै न्यायहरू नव्यन्यायमा प्रचलित भए । 'ज्ञानान् मुक्ति' ज्ञानबाट नै मुक्ति हुन्छ भने यो सर्ववादी सिद्ध कुरा हो । परन्तु शुद्ध ज्ञान कसरी प्राप्त हुन्छ, यही नै वस्तु मीमांसा (समीक्षा) गर्नको लागि न्यायशास्त्र प्रवृत्त भएको छ । न्यायदर्शन ज्यादै विस्तृत शास्त्र हो ।

मीमांसादर्शन:–

मीमांसाका चर्चा वेद संहिता, उपनिषद, ब्राह्मण ग्रन्थहरुमा पाइन्छ । मीमांसाको अर्थ विचार गर्नु हो ।

यो समीक्षा पद्धति विचार नामले प्रसिद्ध छ । न्याय अर्थमा पनि प्रयोग हुने कुरा जैमिनीय न्यायमाला, न्याय प्रकाशादिमा उल्लेख छ । कुमारिलले 'श्लोक वार्तिक' ग्रन्थमा– 'धर्माख्यं विषयं वकतुं मीमांसाया: प्रयोजनम्' । धर्मसम्बन्धी विषयलाई भन्नुपर्दा मीमांसा (विचार) शब्दको प्रयोग हुन्छ भन्ने उल्लेख गरेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मीमांसादर्शन अति प्राचीन दर्शन हो। जैमिनि ऋषिले ई. पू. ७०० तिर मीमांसा सूत्रहरूको निर्माण गरेका थिए। तृतीयशतकमा शवर स्वामीले १२ अध्यायमा विभाजित मीमांसा सूत्रहरूलाई आफ्नो भाष्यसंग संयुक्त गरेर मीमांसाशास्त्र तयार गरे। स्वामी शवरको भाष्यवाट ३ मतका व्याख्या तयार भए।

क) कुमारिलको व्याख्या– भाट्टमत ७ औं शतकमा कुमारिलले बौद्ध आक्षेपदेखि पनि मीमांसाको संरक्षण गरे।

ख) प्रभाकर व्याख्या– गुरुमत।

ग) मुरारी व्याख्या– मिश्रमत वा मुरारीमत।

कुमारिल भट्टमतका पक्षधरः– मण्डन मिश्र, वाचस्पति मिश्र भए। पछिका (१) पार्थ सारथि मिश्रले– शास्त्रदीपिका ग्रन्थ रचना गरे। यिनी भाट्टमत पोषक थिए, यिनले तर्करत्न, न्याय रत्नाकर नामका २ व्याख्या ग्रन्थ रचेका थिए।

(२) सायणाचार्यका दाजुले १६ औं शताब्दीमा– न्यायमाला विस्तार, मीमांसाधिकरण ग्रन्थको रचना गरे।

(३) विश्वेश्वर भट्ट (गागाभट्ट) ले भाट्टचिन्तामणि मीमांसासूत्र व्याख्या लेखे।

(४) सप्तमशतकमा खण्डदेवले भाट्टदीपिका रचना गरे।

(५) अप्पय दीक्षितले विधिरसायन, उपक्रमपराक्रम रचना गरे।

(६) आपदेवले न्यायप्रकाश प्रकरण रचना गरे।

योगदर्शनः–

प्राणविद्यानामले श्रुतिहरूमा यसको प्रशंसा भएको छ। जैनका अङ्गहरूमा, वौद्धका त्रिपिटकमा योगको धेरै चर्चा छ।

नाथमार्गमा लाग्नेहरूले त त्यस्तै हठयोगको प्रचार नै खेती (पेशा) गरे। जसले गर्दा उनीहरूको नामै योगी भन्ने चलेको छ।

वि. सं. को सुरुभन्दा २००० वर्ष पूर्व पतञ्जलिले योग रहस्यको प्रकाशनको लागि योगसूत्रहरू रचना गरे। यो योगदर्शन ४ पाउको छ। प्रथम पाउमा– योगस्वरूपको विस्तृत निरुपण छ। दोस्रोमा– क्रियायोग र त्यसका साधन आदिको वर्णन छ। तेस्रोमा– अन्तरङ्ग साधनमा भएका ध्यान, धारण, समाधिरूप, संयमपद व्ययदेश्यको विस्तार छ। चौथोमा– जन्म, औषधि, मन्त्र, तपस्या, समाधि यी ५ कुराबाट भएको सिद्धि पंचम त्योसंग सम्वद्ध मोक्षरूप परम प्रयोजन पनि निरुपित छ।

याज्ञवल्क्योक्ति अनुसार– हिरण्यगर्भ योगका वक्ता हुन्, अरू कोही होइन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पतञ्जलिले त योगशास्त्रको शिक्षा तयार गरेका हुन् । तृतीय शतकमा पौराणिक व्यासभन्दा भिन्न कुनै व्यासले योगसूत्रहरूको भाष्य वनाएर योगशास्त्र वनाए । नवम शतकमा वाचस्पतिले– 'तत्ववैशारदी' व्याख्या रचे । यो भाष्यग्रन्थका ६ वृत्तिहरू कैयौं टीकाहरूमा लेखिएका पाइन्छन् ।

यो योगदर्शन मानव समाजको लागि ईहलोक र परलोक दुबैतर्फको सिद्धि प्राप्त गर्ने अति महत्त्वपूर्ण दर्शन हो । योगक्रिया शरीर साधन र आत्मचिन्तन दुबै कुराको साधन हो । शरीरक्रियाले यस लोकको लागि कल्याण गर्छ भने समाधि आदि योगक्रियाले अध्यात्म चिन्तनद्वारा ईहलोक र परलोक दुबैलाई भलाई गर्ने साधन हो भन्न सकिन्छ ।

योगको विशेषता निम्न श्लोकले वताउँछ–

योगेन चित्तस्य पदेन वाचां मलं शरीरस्य च वैद्यकेन ।
यो ऽ पाकरोत् तं प्रवरं मुनीनां पतञ्जलिं प्राञ्जलिरानतोऽस्मि ।।

सांख्य दर्शनः–

सांख्य दर्शनका आद्याचार्य कपिल उपनिषदकालिन ऋषि हुन् । कपिलका शिष्य आसुरी, तिनका शिष्य पञ्चशिखा हुन् । यिनीहरूका ग्रन्थ अहिले पाइँदैनन् । कपिलमुनिदेखि चलि आएको सांख्य शास्त्रीय परम्परा वीचमा खण्डित भएर ईश्वरकृष्ण (प्रथम शतक) पर्यन्त लुप्तप्राय भैसकेको थियो ।

प्रथम शतकमा– ईश्वरकृष्णले सांख्यकारिका लेखेर यस शास्त्रलाई पुनः जगाएका हुन् । पञ्चम शतकमा कुनै अन्य विद्वान्ले कपिलमुनि रचित सांख्य दर्शनको जस्तै नामले प्रसिद्ध सांख्यसूत्र लेखेर प्रचार गरे ।

षष्ठ शतकमा– ईश्वरकृष्णको प्रसिद्ध सांख्यकारिकाको चीनियाँ भाषामा परमार्थ नामका विद्वान्ले अनुवाद गरे । त्यस ग्रन्थको नाम सुवर्णसप्तति हो । यस कारिकामय सांख्यशास्त्र आदिम ग्रन्थका धेरै व्याख्याहरू भए । जस्तैः– १. माठरवृत्ति २. गौडपादभाष्य ३. युक्तिदीपिका ४. सांख्यतत्वकौमुदी ५. जयमङ्गल आदि ।

अति प्राचीन यस दर्शनका सिद्धान्तहरू कठछान्दोग्य, श्वेताश्वतर उपनिषदहरूमा पाइन्छन्, यसका सिद्धान्तहरू प्रकृति र पुरुष २ मूलतत्त्व हुन् । यी दुबैको सम्वन्धवाट जगत्को उत्पत्ति हुन्छ । प्रकृति जड र पुरुष चेतन हो । पुरुषको सम्वन्धवाट प्रकृतिमा क्रिया हुन्छ । यहाँ सत्कार्यवादलाई समर्थन गरेको छ । पहिले सांख्यदर्शन ईश्वरवादी थियो । अहिले त निरीश्वरवादी भएको छ । यस मतमा २५ तत्त्वहरू छन्– १. मूलप्रकृति २. महान ३. अहङ्कार, शब्द, स्पर्श, रूप, रस, गन्ध, (पञ्चतन्त्रमाला) हरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुबै गरी ८, पञ्च ज्ञानेन्द्रिय+पञ्च कर्मेन्द्रिय, एक मन ११, पृथ्वी, जल, तेज, वायु, आकाश पञ्चमहाभूतहरू ५, पुरुष एक जम्मै गरी २५ तत्त्वहरूको व्याख्या विशेषत: उक्त दर्शनमा पाइन्छ ।

वेदान्त दर्शनः-

वेदान्त=वेदको अन्त अवसान भाग भन्दाखेरि उपनिषद कहलिन्छ। उपनिषदहरू नै प्राचीनहरूद्वारा वेदान्त नामले कहलिन्थे । उपनिषदहरू पनि अनेकौं छन् । तिनी-हरूमध्ये कहीं त मतमतान्तरबाट विरोध भएको प्रतिभास देखिन्छ । त्यस विरोधको निराकरणको लागि नै व्यासले ब्रह्मसूत्रहरू रचना गरे । ती सूत्रहरू पाणिनीभन्दा पहिलेका हुन् । किनभने पाणिनिले ती सूत्रहरूलाई भिक्षुसूत्र भनेर सम्झे । गीतामा ती व्यास सूत्रहरूलाई ब्रह्मसूत्र भनेको छ भने श्रीधरस्वामीले वेदान्तसूत्र भनेर सम्झाएका छन् । यी सूत्रहरू ६०० ई. पू. भन्दा अगाडि नै निर्मित भएका हुन् । यी ब्रह्मसूत्रहरूको व्याख्यानको भेदले धेरै वेदान्त शास्त्रहरू प्रचलित भएका छन् ।

१)	शंकराचार्यको अद्वैतमत प्रतिपादक	भाष्य	७००	खृीष्टाब्दमा ।
२)	भाष्करको भेदाभेद मत प्रस्थानक	"	१०००	" ।
३)	रामानुजको विशिष्ट अद्वैत उपपादक	"	११४०	" ।
४)	मध्वाचार्यको द्वैतमत प्रवर्त्तक पूर्णप्रज्ञा	"	१२३८	" ।
५)	निम्वार्कको द्वैताद्वैत समर्थक वेदान्तपारिजात	"	१२५०	" ।
६)	श्रीकण्ठको शैवविशिष्ट अद्वैत	"	१२७०	" ।
७)	श्रीपतिको वीरशैवविशिष्ट अद्वैत	"	१४००	" ।
८)	वल्लभाचार्यको शुद्ध अद्वैतप्रकाशक अणु	"	१५००	" ।
९)	विज्ञानभिक्षुको अविभाग अद्वैतवादि विज्ञानमृत	"	१६००	" ।
१०)	वलदेवको अचिन्त्यभेदाभेदबोधक गोविन्द	"	१७२५	" ।

ती वेदान्त सूत्रहरू यसरी आ-आफ्ना मत समर्थनको पक्षमा आचार्यहरूले व्याख्यान गरे। आ-आफ्नो मतपोषणको लागि ती आचार्यहरूले उपनिषद, गीता, भागवतै पनि त्यस्तै किसिमले व्याख्यान गरे ।

रूचिहरूको (इच्छाको) वैचित्र्यताले गर्दा सिधा बाङ्गो नाना प्रकारका मार्गको सेवामा लागेका आचार्यहरूका सिद्धान्तहरूलाई व्याख्यान गर्दा तिनका अनुयायीहरू पनि प्रवृत्त भए । त्यस कारण यो वेदान्त ज्यादै विस्तृत हुन गयो । यी उल्लिखित भाष्यहरूमा शैव, सांख्य, वैष्णव इत्यादि भिन्न भिन्न मतपोषक दर्शनहरू भएकोले यो वेदान्त दर्शन वृक्ष अतिशय वढी शाखाहरूमा फिजिएको हुनाले नितान्त दुरारोह शिखर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि हुन गयो । अन्त्यमा यी सबै वेदान्तहरू निम्न लिखित विषयहरूमा एकै मत धारणा गर्दछन् ।

(क) अनादि अनुवर्तमान यो संसार अपास्य नै हो ।

(ख) ज्ञानको अपेक्षा कर्म गौण छ । चित्तशुद्धि जननद्वारा ज्ञानका कर्मको सहायत्व मात्र छ । व्यवहारमा कर्म नै अपेक्षित (आवश्यकीय) छ ।

(ग) ब्रह्मादि इन्द्रिय अतीत वस्तुनिरुपणमा वेदहरू प्रधान रूपले प्रमाणित छन् । तिनीहरूवाट अनुमोदित भएका छन् भने मात्र तर्कहरू त्यसमा प्रसारका भाजक हुन्छन् ।

(घ) उपनिषद, गीता, ब्रह्मसूत्र यी ३ प्रस्थानत्रयी मतसाधनको निमित्त अवलम्वन हुन्छन् ।

(ङ) ब्रह्म व्यापक र नित्य छ । चेतन पनि त्यस्तै छ ।

(च) ब्रह्म नै जगत्को जन्म, स्थिति र प्रलयको कारण हो ।

परन्तु अन्य अचेतन प्रकृति आदि कारण होइनन् । यतिका कुराहरूले समान मतैक्य छँदाछँदै पनि वेदान्तहरूमा अवान्तर सिद्धान्तहरूको नै पोषणको लागि आर्यहरू परस्पर विपत्ति पैदा गरिरहेका देखिन्छन् ।

शङ्कराचार्यको मतमा मायावाद प्रधान छ । वैष्णव वेदान्तहरू मायावादका विरोधी छन् ।

त्यस्तो यो मायावाद संहिताहरूमा पनि वीजभावले अवस्थित छ । शङ्कराचार्यका परम गुरु गौडपादाचार्यले माण्डूक्य कारिकामा निर्धारित स्वरूपतालाई प्राप्त गरे । शङ्करले पनि प्रपञ्च गरे । शङ्कराचार्य मतमा ब्रह्मसत्य जगत् मायाकल्पितमत नै पनि अनिर्वचनीय छ । सत्ता ३ प्रकारका छन्– १. पारमार्थिकी २. व्यावहारिकी ३. प्रतिभासिकी ।

ब्रह्मको सत्व नै परमार्थ सत्व हो, जगत्को सत्व नै व्यवहारिक सत्व हो । शुक्ति रजतादिको सत्व प्रतिभासिकी सत्व हो । ब्रह्मका दुइ प्रकार छन्– १. निर्गुण ब्रह्म र २. सगुण ब्रह्म । त्यही माया सवल ब्रह्म सगुण हो, त्यही नै ईश्वर हो । निर्गुण ब्रह्म त पहिले पहिले मायाले देखेकै हुँदैन । शङ्करको मतमा ज्ञानबाट नै मुक्ति हुन्छ । कर्महरू चित्तशुद्धिमा उपयोगी हुन्छन् । वैष्णव वेदान्ततरू त ईश्वर नै सर्वगुणशाली, त्यही नै ब्रह्म पनि हो भन्दछन् । जीव र जगत् चाहिं त्यसैका प्रकार हुन् । जीव जगत्, रूप प्रकार दुइ समूह ईश्वर एक नै हो भन्ने यस्तो मत विशिष्ट अद्वैतमत हो । निम्वार्क मतमा जीव र ईश्वर व्यवहारकालमा भिन्ना भिन्नै हुन्छन् । यस्तो हुनाले नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो मत द्वैताद्वैत मत कहिन्छ । माध्वमतमा जीव र ईश्वर भिन्न छन् । जहाँ अन्य मतमा अवस्था भेदले एकै रूपलाई स्वीकार गर्दछन् । माध्वहरू ईश्वरलाई जगत्को निमित्त कारण मान्दछन् । उपादान कारण मान्दैनन्, यस कारण यो द्वैतमत हो ।

वल्लभाचार्यहरू मायावादलाई (विरोध) निषेध गर्छन् र पनि अद्वैतवाद स्वीकार गर्दछन् । त्यस कारण तिनीहरूको मत माया मिश्रितत्त्व रहित हुनाले शुद्ध अद्वैतमत कहिन्छन् ।

यो दर्शन चैतन्य सम्प्रदायकै अङ्ग भएको छ, परन्तु यी दुइ दर्शनका मतहरूमा महान् अन्तर छ । चैतन्यमतमा ईश्वर र जीवको भेद छ र भेद छैन भन्ने यस्तो दुबै कुरा छ, परन्तु त्यो विचार नगरिने कुरा हो यसै कारणले नै यो वाद अचिन्त्य भेदाभेद नामले व्ययदेशी कहिन्छ ।

निम्न लिखित कुराहरूमा सबै वैष्णव दर्शनहरूका मत ऐक्यमतमा मिलेका छन्—

१. भक्ति नै मोक्षको साधन हो ।
२. अनन्त गुण भएको ईश्वर नै ब्रह्म हो ।
३. ईश्वरको जस्तो सत्यता छ, चेतन जीव र जगत्को त्यस्तै सत्यता छ ।
४. जीव र ईश्वरको भेद सनातन हो ।
५. जीवसम्वन्धी अणु जो हो अनन्त संख्या (असंख्य) हुन्छ ।
६. विष्णु नै ईश्वर हुन्, यसै कारणले नै वैष्णव दार्शनिकहरूले विष्णुको अवतारको पूजाको लागि प्रचार गरेका छन् ।

रामानुजाचार्य र प्राचीन माध्व सम्प्रदाय पनि लक्ष्मीनारायण उपासनाका पोषक हुन् । निम्वार्क, वल्लभ, चैतन्यसम्प्रदायहरू राधाकृष्ण उपासनाका समर्थक हुन् ।

शङ्कराचार्यका परमगुरु गौडापादाचार्यहरूले माण्डूक्यकारिका नामको ग्रन्थमा जो वीज पाए, सातौं शताब्दीमा शङ्कराचार्यले त्यसैलाई भाष्य वनाएर विकास गरे ।

यस मतमा— सुरेश्वराचार्यको वार्तिक ग्रन्थ, पद्मपादाचार्यको पंचपादिका, प्रकाशात्मयति प्रणीत विवरण ग्रन्थ पञ्चपादिका व्याख्या, सर्वज्ञात्म मुनिको संक्षेप शारीरिक, श्रीहर्षको खण्डनखाद्य इत्यादि धेरै ग्रन्थहरू प्रसिद्ध छन् । नव्यन्याय भाषामा लेखिएका अद्वैतसिद्धि आदि ग्रन्थहरू पनि यस वेदान्त शास्त्रको तत्त्वलाई सूक्ष्म रूपमा लैजान्छन् ।

वैष्णव दर्शनहरूमा रामानुजको, श्रीभाष्य, सुदर्शनको श्रीभाष्य टीकाश्रुत प्रकाशित, वेंकटनाथको तत्त्वटीका, तत्त्वकलाप, गीता तात्पर्यार्थ चन्द्रिका, इत्यादि ग्रन्थहरू प्राचीन दर्शन हुन् । शतदूषणी आदि नवीन पद्धतिले ग्रन्थ रचिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निम्वार्काचार्यमतमा– उनको पारिजात भाष्य, श्रीनिवासाचार्यको वेदान्तकौस्तुभ, त्यसको टीका, केशव भट्टको कौस्तुभप्रभा नामक टीका प्रसिद्ध छन् । पुरुषोत्तमाचार्य रचित श्रुत्यन्तसुरद्रुम, देवाचार्य रचित सिद्धान्त जाह्नवी, यी दुइ प्रौढतम ग्रन्थ छन् ।

माध्वमतमा – मध्वाचार्यको 'प्रस्थानत्रयी भाष्य' त्यसको व्याख्या जयतीर्थले गरेका छन् । व्यासतीर्थ रचित – 'न्यायामृत' दर्शनको मौलिक ग्रन्थ हो ।

वल्लभमतमा – वल्लभाचार्यको 'अणुभाष्य, भागवतको सुवोधिनी' विट्ठलनाको 'विद्वन्मण्डल', कृष्णचन्द्रको 'भावकाशिका', गिरिधरको शुद्धाद्वैतमार्तण्डादि ग्रन्थहरू रचिएका छन् ।

चैतन्य सम्प्रदायमा वलदेव विद्याभूषणको 'गोविन्दभाष्य', श्रीरूपगोस्वामीको 'लघुभागवतामृतम्' उज्ज्वल नीलमणि, 'भक्तिरसामृत सिन्धु' सनातन गोस्वामीको 'वृहद् भागवतामृत वैष्णवतोषिणी हरिभक्ति विलासहरू', जीवगोस्वामीका 'षट् सन्दर्भ, यी ग्रन्थहरू खम्वाका रूपमा छन् ।

त्यस्तै किसिमले नै वेदान्त समुदायलाई संक्षिप्त रूपमा वर्णन गरियो । हिन्दू दर्शनको अन्तिम– वेदान्त दर्शन हो, जहाँतहाँ सर्वत्र दर्शनहरूमा क्रमिक विकास हुँदै जान्छ । प्रथम– कणादको आरम्भवाद, त्यसपछि गौतमको परमाणुवाद, त्यसपछि सांख्यको परिणामवाद, सबैको अन्तमा वैदिक विवर्त्तवाद देखिन्छ । वेदान्तको विकासले नै दर्शनहरूको वोध हुन्छ । यसरी संक्षेप रूपमा दर्शनहरूको वर्णन गरियो ।

जैन दर्शनः–

यो बौद्धदर्शन भन्दा प्राचीन हो । जैनदर्शनलाई पहिले 'निगण्ठ' भन्दथे । 'ग्रन्थान्निर्गतो निर्ग्रन्थ' यो संस्कृत शब्दको पाली भाषावाट अपभ्रंश भै 'निगण्ठ' वनेको हो । अर्थ चाहिं ग्रन्थवाट निस्केको– 'ज्ञान' अर्थात् 'दर्शन' भनेको हो । सिद्धजैनहरू दर्शनलाई 'अर्हत्' भन्दछन् । अतः यस जैन दर्शनलाई 'अर्हतदर्शन' पनि भन्न थाले ।

पछि गएर महावीर वर्द्धमानले 'रागादिरिपवो जिता इन्यसौ जिन शब्देनोक्तः' । अर्थः– महावीरले रागादि सवै शत्रुहरूलाई जितेका हुनाले महावीरको जीन भन्ने नाम रह्यो । 'जिन' महावीरले मानेको दर्शन हुनाले जैन दर्शन भनिएको हो । जैन मत प्रचारकहरू तीर्थङ्कर कहिन्छन् । जैनका प्रथम तीर्थङ्कर 'ऋषभदेव' पहिला प्रचारक हुन् । मध्यम अवस्थाका जैन दर्शन प्रचारक तीर्थङ्कर काशिराज (अग्रसेन) का पुत्र पार्श्वनाथ श्वेताम्वर (श्वेतवस्त्रधारी) सम्प्रदायका प्रचारक प्रमुख व्यक्ति हुन् । महावीर वर्द्धमान त्यागी ऐतिहासिक महापुरुष दिगम्वर (नाङ्गा) जैन सम्प्रदायका संस्थापक पछिका तीर्थङ्कर महापुरुष हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राचीन जैनमतमा पनि जैनदर्शनको शास्त्रारम्भ प्रथम शतकमा भयो । 'तत्त्वसूत्र' ग्रन्थ लेखियो । उमास्वातिकुन्द कुन्दाचार्य, समन्तभद्र नामका आचार्यहरूले दर्शन-शास्त्रको आधारशीला वलियो वनाए । देवनन्दिको 'सर्वार्थसिद्धि' दिगम्वर समन्तभद्र, सिद्धसेनको 'गन्थहस्तिभाष्य' आदि ग्रन्थहरू प्रसिद्ध छन् । १. नियमसार २. पञ्चास्तिकायसार ३. समयसार ४. प्रवचनसार । यी जैनदर्शनका सर्वस्व निहीत ग्रन्थ हुन् । हरिभद्र विद्यानन्द आदि आचार्यहरू दार्शनिक प्रसिद्ध लेखक हुन् ।

जैनदर्शनको प्रधानवाद 'स्याद्वाद' हो, 'पुद्गल' शव्दको अर्थ भूत सामान्यार्थ हो । १. सम्यक् दर्शन २. सम्यक् ज्ञान ३. सम्यक् चरित्र यी जैनका त्रिरत्न हुन् ।

जैन दर्शन वहुत्ववाद परक छ । यहाँ अनेकान्तवाद मुख्य मानिन्छ ।

बौद्ध दर्शनः–

यस दर्शनमा १. शील २. समाधि ३. प्रज्ञा । यी त्रिरत्न मानिन्छन् । भगवान् गौतम वुद्धका निम्न तीन घटनाहरू वैशाख शुक्ल पूर्णिमाकै दिनमा घटेका हुन् । यो एउटा आश्चर्यजनक कुरा हो । १. बुद्धले ५२८ ई. पू. मा ज्ञानको उदय पछि बुद्धत्व प्राप्त गरेका हुन् । २. बुद्धले भारतको सारनाथमा भिक्षुहरूलाई उपदेश दिएर धर्म-चक्र प्रवर्त्तन गरेका हुन् । ३. बुद्धको ८० वर्षको उमेरमा मल्ल गणतन्त्रको राजधानी कुशीनगरमा निर्वाण प्राप्त भएको हो ।

वौद्ध दर्शनकाः– धार्मिक र दार्शनिक गरी २ भाग छन् । धार्मिक भागमा आध्यात्मिक तत्त्वको वर्णन र आचार निरुपणलाई पनि प्रपञ्चित गरेको छ । दार्शनिक भागमा तार्किक दृष्टिले बौद्ध सिद्धान्तको सूक्ष्म विवेचना गरेको छ ।

बौद्ध दर्शनका प्रधान विषय

रूप, विज्ञान, वेदना, संज्ञा, संस्कार यी नै ५ वटा कुरा हुन् । बौद्धमतमा जीव र जगत् दुबै अनित्य छन् । वौद्ध दर्शनका मुख्य ४ सम्प्रदाय छन् । १. वैभाषिक (हीनयानी) सम्प्रदाय– 'अविज्ञान प्रस्थान शास्त्र' नामको विशाल ग्रन्थ कात्यायनीपुत्र प्रणीत ग्रन्थ हो । यिनीहरूको मत वाह्यार्थ प्रत्यक्षवादी मत हो ।

२. सौत्रान्तिक संप्रदाय– बुद्धचरितत्वको अभाव, यसका संस्थापक द्वितीय शतकको कुमारलात हुन् । यिनले कल्पनामन्दित ग्रन्थ रचेका छन् ।

श्रीलात, धर्मत्रात, बुद्धदेव समेत यी ४ जना यस सौत्रान्तिक (बुद्ध) मतका संस्थापक तथा प्रचारक हुन् । तिनीहरूले 'सुत्त-पिटक' लाई आदर गर्दै सूत्रान्त प्रामाण्यवादी भएकाले सौत्रान्तिक कहिएका हुन् । यिनीहरू बुद्ध चरित्रबाट हीन छन् । यी वाह्यार्थ अनुमेयवादी हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. योगाचारा:– यसका प्रवर्त्तक मैत्रेयनाथ हुन् । यिनले 'मध्यान्तविभाग' ग्रन्थ लेखेका छन् । यो सम्प्रदाय विज्ञानवादी हो । मैत्रेयनाथ यसका संस्थापक हुन् ।

४. माध्यमिका:– यसका संस्थापक नागार्जुन हुन् । यिनले माध्यमिकशास्त्र ग्रन्थ रचना गरे । यो शून्यवादी सम्प्रदाय हो ।

बुद्धका धेरै सिद्धान्तहरू उपनिषद् सिद्धान्तसंग मेल खान्छन् । जस्तै:– 'ऋते ज्ञानान् न मुक्ति' ज्ञान विना मुक्ति हुँदैन ।

उपरोक्त नास्तिक दर्शनहरूको छोटो परिचय भयो । विविध भेदले गर्दा तिनीहरू पनि ६ प्रकारका छन्–

१. शून्यवादी माध्यमिक (वौद्ध) सम्प्रदाय – एक प्रस्थान ।

